**केन्द्रीय कार्यालय**

हरिहरभवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन ०१ ५० १० ०००

**क्षेत्रीय कार्यालयहरू**

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, देवीमार्ग
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६३८२२
फ्याक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१ ५२५६२३

**उपक्षेत्रीय कार्यालयहरू**

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ५४६९११
जुम्ला, खलङ्गा, फोन ०८७ ५२०२२२

महत्वपूर्ण प्रेस विज्ञप्तिहरू भाग २ (२०६८-२०७१)

# महत्वपूर्ण प्रेस विज्ञप्तिहरू

## भाग २

## (२०६८-२०७१)




**राष्ट्रिय मानव अधिकार आयोग**

**हरिहरभवन, ललितपुर, नेपाल**

# महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू

## भाग २

(२०६८-२०७१)

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

नेपाल

# राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

सङ्कलन/सम्पादन : यमबहादुर दुरा

प्रकाशन मिति : भदौ, २०७१

प्रति : ५००

मुद्रण : एपेक्स प्रिन्टिङ प्रेस प्रा. लि.

सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

# प्राक्कथन

देशको मानव अधिकारको अवस्था र घटनाक्रमबारे राष्ट्रिय मानव अधिकार आयोगको चासो र सरोकारहरू प्रेस विज्ञप्तिमार्फत सार्वजनिक हुँदै आएका छन् । मानव अधिकारका मामिलाहरूमा आयोगको आधिकारिक धारणा जनसमक्ष पुऱ्याउन प्रेस विज्ञप्तिले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । आयोगले आफ्नो स्थापनाकालदेखि नै प्रेस विज्ञप्तिहरूमार्फत् मानव अधिकारसम्बन्धी घटना र सन्दर्भहरूमा आफ्नो दृष्टिकोण, प्राथमिकता र सरोकारहरू सार्वजनिक गर्दै आएको छ ।

यी प्रेस विज्ञप्तिहरूको अभिलेखीकरण हुनुपर्छ र समयसापेक्ष रूपमा आयोगको गतिविधिको स्वतन्त्र मूल्याङ्कनसमेत हुनुपर्दछ भन्ने मान्यता आयोगको रहिआएको छ । यही अभिप्रायले आयोगले २०५७ देखि २०६७ सम्म जारी गरेका प्रेस विज्ञप्तिहरूको संगालो यस अघि नै प्रकाशन गरिसकेको छ । यसपटक त्यसभन्दा पछि (२०६८ साल यता) जारी भएका मुख्य मुख्य प्रेस विज्ञप्ति तथा प्रेस नोटहरूको संगालो निकाल्ने जमर्को गरिएको छ । यी दुवै संस्करणमा संग्रहित संगालोबाट अनुसन्धाता, मानव अधिकार रक्षक र मानव अधिकारबारे चासो राख्ने जोकोही व्यक्ति लाभान्वित हुनुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

यस संगालोमा आयोगले जारी गरेका **प्रेस विज्ञप्ति** (मानव अधिकारसम्बन्धी कुनै मामिलामा आयोगको आधिकारिक धारणा) र **प्रेस नोट** (आयोगले गरेका गतिविधिहरूको समाचार) हरू समावेश गरिएका छन् । अघिल्लो संगालोमा प्रेस नोटलाई समावेश गरिएको थिएन । यस हिसाबले यस संगालोमा नयाँ आयाम थपिएको छ ।

यस संगालोमा रहेका प्रेस विज्ञप्ति तथा प्रेस नोटहरूलाई नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार; बेपत्ता तथा अपहरण; महिला तथा बालबालिका; यातना तथा कारागार; अपाङ्गता, आप्रवासी कामदार, भेदभाव र अल्पसंख्यकहरूको अधिकार तथा अन्य अधिकारहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

मानव अधिकार उपभोगको सन्दर्भ आज पनि त्यतिकै सान्दर्भिक रहनसक्ने हुँदा नेपाल सरकार तथा अन्य जिम्मेवार निकाय तथा सरोकारवालाहरूले यस प्रकाशनलाई त्यही रूपमा लिनुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा यस संगालोप्रति सबैबाट सकारात्मक सुझावको अपेक्षा राख्दै विभिन्न समयक्रममा प्रकाशित आयोगका यी विज्ञप्तिहरूलाई यस रूपमा ल्याउन अथक प्रयास गर्नुहुने सञ्चार अधिकृत श्री यमबहादुर दुरा, कैलाशकुमार शिवाकोटीलगायत अन्य सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

वेदप्रसाद भट्टराई
कामु सचिव

# विषय-सूची


| | | |
|---|---|---|
| परिच्छेद-१ : | **अपाङ्गता, आप्रवासी कामदार, भेदभाव तथा अल्पसंख्यकहरूको अधिकार** | **१** |
| परिच्छेद-२ : | **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार** | **८** |
| परिच्छेद-३ : | **नागरिक तथा राजनीतिक अधिकार** | **२२** |
| परिच्छेद-४ : | **महिला तथा बालबालिका** | **६९** |
| परिच्छेद-५ : | **विविध** | **७३** |
| | **संविधानसभा निर्वाचन २०७०** | **७३** |
| | **अन्य** | **८७** |

# परिच्छेद-१

# अपाङ्गता, आप्रवासी कामदार, भेदभाव तथा अल्पसंख्यकहरूको अधिकार

(प्रेस नोट)

२०६९ मंसिर १३ गते

नेपाल र दक्षिण कोरियाका मानव अधिकार आयुक्तहरूबीच भेटवार्ता

## मानव अधिकारको सम्वर्द्धनका लागि आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउन जोड

राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) र राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) बीच मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आपसी सहयोग र सहकार्यको दायरा फराकिलो बनाउने विषयमा छलफल भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुल **(Hyun Byung Chul)** को नेतृत्वमा आएको चार सदस्यीय प्रतिनिधि मण्डल र राष्ट्रिय मानव अधिकार आयोग (नेपाल) का पदाधिकारीहरूबीच आयोगकै कार्यालयमा बुधबार भएको भेटवार्तामा त्यस विषयमा छलफल भएको हो ।

भेटवार्तामा आफ्नो विचार अघि सार्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) का अध्यक्ष ह्युन ब्युङ चुलले दक्षिण कोरियामा रहेका आप्रवासी कामदारहरूका हक-अधिकारका पक्षमा क्रियाशील भएको बताउनुभयो ।

अध्यक्ष चुलले नेपालबाट दक्षिण कोरिया पुगेका आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा पनि आफूहरू गम्भीरतापूर्वक काम लागेको जानकारी दिनुभयो ।

उहाँले आप्रवासी कामदारको स्वास्थ्यसम्बन्धी हक, तिनका बालबालिकाको शिक्षाको हक र अन्य मौलिक मानव अधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ भनेर सरकारलाई सिफारिश गरेको बताउनुभयो ।

उहाँले वैवाहिक सम्बन्धमा बाँधिएर कोरिया पुगेका र अभिलेखीकरण नभएका अन्य प्रकृतिका आप्रवासी कामदारहरूका मानव अधिकारको रक्षाका लागि दक्षिण कोरिया सरकारलाई झक्झक्याइरहेको जानकारी दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कोरियाइ प्रतिनिधि मण्डललाई स्वागत गर्दै राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) लाई मानव अधिकारको संरक्षण र सम्वर्द्धनको दिशामा घनिष्ट साझेदारको लिएको बताउनुभयो ।

अध्यक्ष उपाध्यायले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको प्रसंग स्मरण गर्दै मानव अधिकारको वृहत्तर लक्ष्य हाँसिल गर्ने अभियानमा राष्ट्रिय मानव अधिकार आयोग (दक्षिण कोरिया) सँग आफूहरूले आउँदा दिनमा पनि सहकार्य गर्न चाहेको विचार अघि सार्नुभयो । उहाँले कोरियामा रहेका आप्रवासी नेपाली कामदारहरूका हक-अधिकारका पक्षमा पनि चासो राख्नुभएको थियो ।

आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हक-हित संरक्षणका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोगका दायरा फराकिलो पार्ने विषयमा दुई देशका आयोगबीच आपसी सहकार्यका लागि प्रसस्त सम्भावना रहेको चर्चा गर्दै आफूहरू मानव अधिकारका साझा सरोकारका विषयमा हातेमालो गरेर अघि बढ्न चाहेको बताउनुभयो ।

सदस्य प्रधानले नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीलाई सशक्त र प्रभावकारी बनाउन त्यसको नियमित अनुगमन हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

भेटवार्तामा आयोगको सदस्य रामनगिना सिंह, सचिव विशाल खनाल र उच्चपदस्थ अधिकृतहरू सहभागी हुनुहुन्थ्यो ।

स्मरणीय छ, नेपाल र दक्षिण कोरियाका राष्ट्रिय मानव अधिकार आयोगहरूबीच आप्रवासी कामदारहरूका सम्बन्धमा समझदारीपत्रमा सन् २०१० डिसेम्बर २७ मा  हस्तारक्षर भइसेको छ ।

वेदप्रसाद भट्टराई
निर्देशक

(प्रेस नोट)

२०६९ मंसिर १३ गते

# आप्रवासी कामदारहरूको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

**काठमाडौं प्रतिबद्धतापत्र** जारी, आप्रवासी कामदारहरूको नैसर्गिक अधिकार संरक्षण र सम्वर्द्धनमा जोड काठमाडौं, मंसिर १२ गते आप्रवासी कामदारहरूको हक-अधिकारसम्बन्धी दुई दिवसीय अन्तर्राष्ट्रिय सम्मेलन **काठमाडौं प्रतिबद्धतापत्र** जारी गर्दै सम्पन्न भएको छ ।

प्रतिबद्धतापत्रमा 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८' 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' आदिलाई आधार मानेर आप्रवासी कामदारहरूको चौतर्फी हितका उल्लेख गरिएको छ ।

**एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबीच सहकार्य** विषयक सम्मलेनमा संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार एवम् मानव अधिकारसम्बन्धीराष्ट्रिय संगठनले अपनाएका नीति, कार्यक्रम एवम् योजनाबारे छलफल भएको थियो ।

यसैबीच, सम्मेलनले बंगलादेशको कपडा कारखानामा भएको हालै भएको आगलागीबाट मजदुरहरूको मृत्यु भएको घटनाबारे शोक प्रस्ताव पारित गरेको छ । शोक प्रस्तावमा घाइतेहरूको उचित औषधोपचार र मृत्युभएका व्यक्तिहरूको परिवारजनलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न पनि बंगलादेश सरकारसँग आग्रह गरेको छ ।

सम्मेलनमा नेपाल, भारत, दक्षिण कोरिया, कतार, अफगानिस्तान, श्रीलङ्का र मालदिभ्सका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष र सदस्यहरूको सहभागिता थियो । यसैगरी अन्तर्राष्ट्रिय आप्रवासी संगठनलगायतका संस्थाका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, कामदार पठाउने, प्राप्त गर्ने र ट्रान्जिट मुलुकका राजदूतावासका प्रतिनिधि, वैदेशिका रोजगारसम्बन्धी संस्थाका प्रतिनिधि, नगारिक समाजका प्रतिनिधि एवम् आप्रवासी कामदारसम्बन्धी विशेषज्ञहरूको पनि सम्मेलनमा सहभागिता थियो ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ मंसिर ११ गते

# आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शुरु

राष्ट्रपति रामवरण यादवले आप्रवासी कामदारहरूले भोगेका समस्या सबैको साझा सरोकारको विषय बन्नुपर्ने बताउनुभएको छ ।

**एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबीच सहकार्य** विषय अन्तर्राष्ट्रिय सम्मेलनको राजधानीमा उदघाटन गर्दै उहाँले यस्तो धारणा प्रकट गर्नुभएको हो ।

उहाँले विदेशमा जाने महिला कामदारहरू कतिपय अवस्थामा अप्ठेरोमा परेकोले उनीहरूले भोग्नुपरेको समस्याप्रति कामदार पठाउने मुलुक एवम् गन्तव्य मुलुकले यसमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

राष्ट्रपति डा. यादवले राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वद्धर्नका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेकोमा त्यसको प्रशंसा गर्नुभयो ।

आप्रवासी कामदारहरूले देशको कुल गार्यस्थ उत्पादनमा हाल २३ प्रतिशत योगदान गरेको चर्चा गर्दै अब उनीहरूको हकहितमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सम्मलेलनमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले रोजगारीको अवसर खोज्ने क्रममा मानव तस्करीको माध्यमबाट कतिपय युवायुवतीहरू विदेशमा पुग्ने गरेको चर्चा गर्दै उनीहरूको अवस्था र उनीहरूले खाएको हण्डरको राम्रोसँग अभिलेखीकरण हुन नसकेको  बताउनुभयो ।

उहाँले उनीहरूको न्यूनतम मानव अधिकारको पनि उपभोग गर्न नपाई दासको जस्तो जीवन बिताउनुपरेकोमा दुःख व्यक्त गर्दै यसतर्फ सबै सरोकारवालाहरूको ध्यान जानुपर्ने बताउनुभयो ।

यही वास्तविकतालाई ध्यानमा राखेर 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा

हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको जानकारी दिनुभयो ।

सम्मेलनमा स्वागत मन्तव्य दिँदै आयोगका सदस्य रामनगिना सिंहले अहिले करिब ३० लाख नेपालीले आप्रवासी कामदारको रूपमा विदेशमा काम गरिरहेको र यसबाट ५६ प्रतिशत घरधुरीले विदेशी आय प्राप्त गरेको बताउनुभयो । (यसमा भारतबाट प्राप्त हुने आय समावेश गरिएको छैन ।)

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ मंसिर १० गते

# आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने

राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी कामदारको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन मंसिर ११ र १२ गते काठमाडौंमा आयोजना गर्ने भएको छ ।

**एशिया प्रशान्त क्षेत्रका आप्रवासी कामदारको अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूबीच सहकार्य** विषयक सम्मेलनको उद्घाटन राष्ट्रपति डा. रामवरण यादवले गर्नुहुने कार्यक्रम रहेको छ ।

सार्क मुलुकलगायत एशिया प्रशान्त क्षेत्रका मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाका अध्यक्ष एवम् सदस्य गरी ३९ जना प्रतिनिधि सहभागी हुने सम्मेलनमा आप्रवासी कामदारहरू पठाउने, प्राप्त गर्ने र 'ट्रान्जिट' मुलुकहरूको सहभागिता रहनेछ । सम्मेलनले आप्रवासी कामदारको हक-अधिकारका लागि सहकार्य, सहयोग र पैरवीका साझा क्षेत्रहरू पहिल्याउने छ ।

यसका अतिरिक्त सम्मेलनले आप्रवासी कामदारहरूको हकहितका पक्षमा संयुक्त राष्ट्रसंघ, विभिन्न देशका सरकार र मानव अधिकारसम्बन्धी संस्थाले तय गरी अपनाएका उपयोगी नीति, योजना एवम् कार्यक्रम पहिल्याएर **काठमाडौं प्रतिबद्धतापत्र** पारित गर्ने उद्देश्य राखेको छ ।

यसैगरी, आप्रवासी कामदारहरूले भोगेका समस्या समाधानका लागि सरकार र मानव अधिकारसम्बन्धी क्षेत्रीय संस्थाहरूको भूमिका सबलीकरण गर्ने सम्बन्धमा सरोकारवालालाई सिफारिश गर्ने पनि सम्मेलनको लक्ष्य रहेको छ ।

आप्रवासी कामदारहरूको हक-हित अभिवृद्धि गर्ने र समस्या समाधान गर्ने दिशामा सहयोगको ढोका खोल्ने कार्यमा सम्मेलन फलदायी हुने अपेक्षा गरिएको छ ।

स्मरणीय छ, आयोगको २०६९ साल मंसिर ७ गतेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वद्धर्नका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरिसकेको छ ।

वेदप्रसाद भट्टराई
निर्देशक

(प्रेस नोट)

२०६८ चैत ६ गते

# आप्रवासी कामदारहरूको अधिकार सुनिश्चित हुनुपर्नेमा जोड

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालबाट विदेशमा काम गर्न पुगेका आप्रवासी कामदारहरूको हकहित र सुरक्षाका लागि मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूबीच सहयोग र समन्वय हुनुपर्ने खाँचो औंल्याउनुभएको छ ।

राजधानीमा आयोजित 'आप्रवासी कामदारहरूको विद्यमान अवस्था, चुनौती एवम् भावी कदम' विषयक राष्ट्रिय कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उहाँले उक्त खाँचो औंल्याउनुभएको हो ।

थुप्रै नेपाली घरपरिवारमा आयस्रोत जुटाउने काममा सरिक आप्रवासी कामदारहरूको मानव अधिकार र सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिंदै अध्यक्ष उपाध्यायले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरूको हकहित रक्षका लागि 'आप्रवासी कामदार तथा तिनका परिवारको सदस्यको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०' यथाशक्य छिटो अनुमोदन हुनुपर्ने धारणा अघि सार्नुभयो ।

नेपालबाट विदेश पुगेका कामदारमाथि भएका तमाम भेदभाव र अत्याचारहरूको नालीबेली केलाउँदै सदस्य प्रधानले नेपालीले भोगेका दुःखपीडा अन्त्य गर्ने दिशामा उक्त महासन्धि सहायक हुने विचार व्यक्त गर्नुभयो ।

उक्त महासन्धिलाई पारित गर्ने दिशामा आयोग प्रयासरत रहेको बताउँदै उहाँले यस कार्यमा सवैको सहयोग आवश्यक भएको राय प्रकट गर्नुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका सचिव युवराज भूसालले आप्रवासी कामदारहरूको भलाइका लागि सरकारले योजनाबद्ध ढङ्गमा कार्यक्रम अघि सारेको जानकारी दिनुभयो ।

कार्यक्रममा आफ्नो धारणा अघि सार्दै 'यूएन उमन' का 'कन्ट्री डिरेक्टर' नेपाल सरकारले अघि सारेको आप्रवासी कामदारसम्बन्धी नीति तुलनान्मक रूपमा राम्रो हुँदाहुँदै पनि त्यसको कार्यान्वयन कमजोर भएकोले प्रभावहीन हुन पुगेको बताउनुभयो ।

कार्यक्रममा परराष्ट्र मन्त्रालयका सहसचिव अर्जुनबहादुर थापा, राष्ट्रिय मानव अधिकार आयोग विशेष ऱ्यापोटियर पद्मा माथेमा, आप्रवासी कामदारहरूको सुरक्षाका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष सोम लुइँटेललगायतका वक्ताहरूले आप्रवासी कामदाहरूको हकहितका लागि राष्ट्रिय मानव अधिकार आयोगका संस्था तथा व्यक्तिहरू एकजुट भाई लाग्नुपर्ने धारणा अघि सार्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक वेदप्रसाद भट्टराईलगायतका उच्चपदस्थ अधिकृतहरूको उपस्थिति रहेको थियो ।

विशाल खनाल
सचिव

# परिच्छेद-२

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

(प्रेस विज्ञप्ति)

२०७१ असार ३१ गते

## किस्ट मेडिकल कलेजमा उत्पन्न समस्या तुरुन्त समाधान गर

ललितपुरस्थित किस्ट मेडिकल कलेजका विद्यार्थीहरूले विभिन्न माग राखी विगत केही दिनदेखि आन्दोलन गरेको र त्यसबाट उत्पन्न असहज परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगका अधिकृत सम्मिलित टोलीले सो सम्बन्धमा आजै अनुगमन गरेको छ । अनुगमनबाट प्राप्त प्रारम्भिक तथ्यअनुसार हाल सो कलेजमा पठनपाठन बन्द भएको, कलेजको छात्रबासमा बसी अध्ययन गर्ने विद्यार्थीहरूलाई कलेज प्रशासनले छात्रबास छोड्न २४ घण्टे अल्टिमेटम दिई छात्रबासको मूल गेट बन्द गरिदिएको, छात्राबास बन्द हुँदा विद्यार्थीहरू विचल्लीमा परेको तथा विद्यार्थीहरूलाई कलेज परिसरमा पस्नसमेत नदिएको पाइएको छ । कलेजमा उत्पन्न असहज परिस्थितिका कारण अस्पतालमा उपचारार्थ आउने बिरामीहरू अप्ठेरोमा परेको, अस्पताल परिसरमा प्रहरीहरूको बाक्लो उपस्थितिले विरामीको मनस्थितिमा नकारात्मक असर पर्ने सम्भावना रहेको पाइयो ।

अतः विद्यार्थीको पढ्न पाउने अधिकार र बिरामीको उपचार गर्न पाउने नैसर्गिक अधिकार समेतलाई ध्यानमा राखी शीघ्र समस्या समाधान गर्न आयोग स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, नेपाल मेडिकल काउन्सिल, किष्ट कलेज व्यवस्थापन पक्षलगायत सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७१ साउन २३ गते

# राहत र पुनःस्थापना कार्य अझ प्रभावकारी बनाऊ

२०७१ साल साउन १६ गते सिन्धुपाल्चोकको जुरे भन्ने स्थानमा बिहान करिब ३:०० बजेतिर गएको पहिरो तथा त्यसबाट सुनकोशी नदीको प्रवाह अवरुद्ध हुँदा जनधनको क्षति भएको दुःखद घटनाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।

अनुगमनबाट प्राप्त जानकारीअनुसार विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट सहयोग तथा उद्धारको काम भइरहेको पाइएको छ । तथापि घाइतेहरूको उचित औषधोपचार; बालबालिका, महिला, बृद्धबृद्धा, असहायलगायत सबै पीडितहरूको उचित उद्धार र पुनःस्थापना कार्यलाई अझ प्रभावकारी बनाउन र यातायात सुचारु गर्न आयोग सरकारसँग आग्रह गर्दछ ।

साथै घटनामा भएको जनधनको क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै शोकसन्तप्त परिवारजनप्रति आयोग हार्दिक समवेदना प्रकट गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० फागुन २९ गते

# सुकुम्बासीहरूलाई मानव अधिकारसम्मत बसोबासको वैकल्पिक व्यवस्था गर

नेपाल सरकारले सुनसरी जिल्लाको बराहक्षेत्रदेखि मोरङ्ग जिल्लाको कैरोनसम्म फैलिएको नहरको छेउछाउमा बसोबास गर्दै आएका करिब ७० हजारको संख्यामा रहेका सुकुम्वासीहरूलाई बिना विकल्प उठाउन लागेकोले सुकुम्बासीहरूको बसोबासको अधिकार हनन् हुन लागेको र सो कार्यबाट आसन्न एसएलसी परीक्षाको तयारी गरिरहेका सुकुम्बासी बालबालिकाहरूमा मानसिक त्रास उत्पन्न भई शिक्षाको अधिकार प्राप्तिमा अवरोध आएकाले उक्त कार्य तत्काल रोकी उचित विकल्पको व्यवस्था पछिमात्र सो क्षेत्रबाट बस्ती उठाउन पहल गरिपाऊँ भनी आयोगको क्षेत्रीय कार्यालय विराटनगरमा अनुरोध भई आएको छ ।

वास्तविक सुकुम्बासीहरूको समस्या स्थायी रूपमा समाधान गर्न र बसिरहेको स्थानबाट उनीहरूलाई हटाउँदा मानव अधिकारसम्मत पर्याप्त वैकल्पिक व्यवस्था गरेर मात्र हटाउन यस आयोगले नेपाल सरकारको पटक पटक ध्यानाकर्षण गराएको छ ।

यस सन्दर्भमा सुकुम्बासी समस्या समाधानबारे विगतमा बनेका उच्चस्तरीय आयोगहरूका प्रतिवेदन एवम् आयोगबाट समय समयमा सरकारलाई गरेका सिफारिस तथा निर्देशनहरूलाई गम्भीरतापूर्वक लिँदै सो क्षेत्रका सुकुम्बासीहरूलाई मानव अधिकारसम्मत पर्याप्त बसोबासको वैकल्पिक व्यवस्था गरेरमात्र हटाउन र सुकुम्बासी विद्यार्थीहरूले भयरहित रूपले परीक्षाको तयारी गर्ने र परीक्षामा सहभागी हुन पाउने सहज वातावरण बनाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव

(प्रेस विज्ञप्ति)

२०७० फागुन ९ गते

# विष्फोटक पदार्थको उचित व्यवस्थापन गर

जाजरकोट जिल्लाको दशेरा गाविस वडा नम्बर ३ तल्ले गाउँमा फागुन ८ गते बम विष्फोटन भई छजना घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारका लागि आयोग सरकारसँग आग्रह गर्दछ ।

२०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन नेकपा माओवादीबीचको विस्तृत शान्ति सम्झौतामा दुई महिनाभित्र सबैखाले विष्फोटक पदार्थ हटाउने भनिए पनि त्यसको उचित पालना भएको देखिँदैन । बारुदी सुरुङ तथा अन्य विष्फोटक पदार्थ रहेको क्षेत्र पहिचान गरी विष्फोटक पदार्थलाई निष्प्रभावी बनाउन नेपाल सरकार र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी सक्रिय हुनुपर्ने देखिन्छ ।

२०६८ साल जेठ ३१ गते नेपाल बारुदी सुरुङमुक्त देश घोषणा भइसकेपछि पनि यस्ता बम विष्फोटनका घटनाहरू हुनु अत्यन्त दुःखद स्थिति हुन् । यसभन्दा अघि पनि सशस्त्र द्वन्द्वकालीन समयमा बिच्छ्याइएका बारुदी सुरुङ

तथा विष्फोटक पदार्थबाट निम्तिएको दुर्घटनाका कारण सर्वसाधारण नागरिकको मृत्यु र अङ्गभङ्ग हुने गरेका छन् । भविष्यमा हुनसक्ने यस्ता दुर्घटनाबारे नेपाल सरकार, नेकपा माओवादी र सरोकारवाला निकायहरू गम्भीर हुन जरुरी छ । सशस्त्र द्वन्द्वकालका यसखाले विष्फोटक पदार्थको अवशेषहरूका कारण भविष्यमा कुनै पनि व्यक्ति पीडित हुने परिस्थितिको सिर्जना हुन नदिन आयोग सबै पक्षसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०७० असार १० गते

# दूधमा 'कोलिफर्म' भेटिएकोबारे सरोकारवालाहरूसँग परामर्श बैठक

उपत्यकामा सञ्चालित डेरीबाट उत्पादित दूधमा जनस्वास्थमा असर पार्नसक्ने जीवाणु 'कोलिफर्म' भेटिएकोबारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सार्वजनिक गरिएको प्रतिवेदन र आमसञ्चार माध्यममा आएका समाचार एवम् टीका-टिप्पणीप्रति चासो राख्दै राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित सरोकारवालाहरूलाई आयोगमै बोलाएर परामर्श बैठक गरेको छ ।

सो अवसरमा आयोगका सदस्य रामनगिना सिंहले दूधमा 'कोलिफर्म' भेटिएको प्रसंग स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको अधिकारसँग गाँसिएको गम्भीर विषय हो भन्दै आयोगले यसप्रति चासो राखेको बताउनुभयो ।

उहाँले निर्धारित गुणस्तर कायम गर्न नसक्ने दुग्ध उत्पादकहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिक अधिकारको सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले स्वस्थ्य खाद्यवस्तु उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको रक्षा गर्नका लागि खाद्यवस्तु उत्पादन, प्रशोधनदेखि वितरणसम्मको सम्पूर्ण प्रक्रियामा देखापर्ने कमजोरी पत्ता लगाएर समस्या समाधानका उपायहरू खोज्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

सदस्य प्रधानले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले हालका दिनमा गरेको अनुगमन तथा निरीक्षणको प्रशंसा गर्दै कुनै पनि अवाञ्छनीय दबाबको

प्रभावबाट मुक्त भएर भविष्यमा अनुसन्धान र अनुगमनलाई अझ प्रभावकारी किसिमले अघि बढाउन आग्रह गर्नुभयो ।

उहाँले नागरिकको स्वास्थमाथि खेलबाड नहोस् भन्नका लागि सरोकारवाला निकायले उत्पादन प्रणाली र बजारको नियमित रूपमा अनुगमन तथा निरीक्षण गरी निश्चित अन्तरालमा प्रतिवेदन सार्वजनिक गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

बैठकमा बोल्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अधिकृत प्रमोद कोइरालाले विभागले २०७० साल जेठ २३ र २४ गते उपत्यकाका २३ वटा डेरी उद्योगमा अनुगमन गरी दूधको नमूना परीक्षण गर्दा अधिकांशमा 'कोलिफर्म' भेटिएको जानकारी दिनुभयो ।

उहाँले अत्याधिक मात्रामा 'कोलिफर्म' भेटिएका छवटा डेरीलाई सिलबन्दी गरिएको; छवटा डेरीलाई 'खाद्य ऐन, २०२३' र 'खाद्य नियमावली, २०२७' अनुसार मुद्दा चलाइएको र बाँकी डेरीमाथि अनुसन्धान चलिरहेको बताउनुभयो ।

सो अवसरमा बोल्दै गृह मन्त्रालयका सहसचिव गणेशराज कार्कीले खाद्यवस्तुको गुणस्तर कायम गर्नका लागि मन्त्रालयले बजारको अनुगमन र निरीक्षण गरिरहेको जानकारी दिनुभयो ।

सहसचिव कार्कीले अनुगमन र निरीक्षण कार्यलाईृ प्रभावकारी बजार संरक्षण अधिकृतहरू भर्ना गर्न लागिएको जानकारी दिंदै अब मन्त्रालय अझ बढी समन्वयात्मक ढङ्गमा अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

परामर्श बैठकमा दुग्ध विकास संस्थानका प्रमुख राजगोविन्द राजकर्णिकारले संस्थानले उत्पादन गरेको दूधमा न्यून मात्रामा 'कोलिफर्म' भेटिएको जानकारी दिंदै अहिले त्यसलाई शून्यमा झारिएका बताउनुभयो ।

राजकर्णिकारले भविष्यामा 'कोलिफर्म' नभेटियोस् भन्नका लागि दूध प्रशोधनदेखि प्याकेजिङसम्मको सम्पूर्ण पक्रियामा निर्मलीकरण र शुद्धिकरणलाई उच्च प्राथमिकता दिइएको बताउनुभयो ।

सो अवसरमा कृषि विकास मन्त्रालयका सहसचिव डा. प्रभाकर पाठकले दूधमा 'कोलिफर्म' भेटिएको घटनाप्रति मन्त्रालय गम्भीर रहेको भन्दै अशुद्ध कृषि उत्पादनबाट जनस्वास्थ्यमा पर्नसक्ने असरबारे अनुगमन गर्ने, त्यसको रिपोर्टिङ गर्ने र त्यसको निकास खोज्नका लागि छलफल गर्ने काम निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो ।

उहाँले देशमा शुद्ध दूध उत्पादन गर्ने अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यबाट प्रेरित भएर शुद्ध दूध उत्पादन गर्नेबारे तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

बैठकमा राष्ट्रिय दूग्ध विकास बोर्डका निर्देशक हसनामैयाँ श्रेष्ठले विविध कारणले दूधको गुणस्तर खस्किएको धारणा अघि सार्नुभयो ।

श्रेष्ठले दूधजन्य पदार्थमा देखिएको समस्याबारे कृषि विकास मन्त्रालयको सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरी समस्याको चुरो पत्ता लगाउने प्रयास भइरहेको जानकारी दिनुभयो ।

अन्त्यमा, आयोगका सदस्य गौरी प्रधानले स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्न बजारमा उपलब्ध खाद्यवस्तुको गुणस्तर कायम गर्ने दिशामा प्रयत्नरत सरोकारवाला निकायहरूलाई निर्देशन दिनुभयो ।

दुर्गा खड्का
निमित्त सचिव

(प्रेस नोट)

२०७० वैशाख १७ गते

# कमलरीहरूले भोगेका समस्याप्रति आयोगको चासो

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य हुनुपर्ने माग राख्दै राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

आयोगका सदस्य गौरी प्रधानले ज्ञापनपत्र बुझ्दै कमलरीहरूमाथि भइरहेको तमाम दुर्व्यवहारका घटनाहरूप्रति आयोग गम्भीर भएको जानकारी दिनुभयो ।

सदस्य प्रधानले कमलरीहरूको मुक्ति, दीर्घकालीन पुनःस्थापना, सामाजिक एकीकरण र क्षतिपूर्तिको व्यवस्था यथासक्य छिटो हुनुपर्ने खाँचो औंल्याउँदै यस दिशामा सरकार गम्भीर हुनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले २०६९ साल चैत १४ गते ललितपुरस्थित चाकुपाटमा मालिकको बालमजदुर बनिरहेकै अवस्थामा १२ वर्षीय सिर्जना चौधरीको भएको रहस्यमय मृत्युबारे आयोगले अनुगमन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले राजधानीलगायत विभिन्न जिल्लामा कमलरीहरूमाथि भएको हत्या, हिंसा, शोषण, उत्पीडन र विभेदबारे प्राप्त उजुरीका आधारमा तत्काल विशेष टोली गठन गरी स्थलगत अनुगमन गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

प्रतिनिधि मण्डलको नेतृत्व गरेर आउनुभएका फकला चौधरीले हालसम्म छजना कमलरीको हत्या भएको, २७ कमलरीलाई बेपत्ता पारिएको र ११ जना कमलरीले मालिकको यौन शोषणबाट गर्भ बोकी 'कुमारी आमा' नियति भोग्नुपरेको जानकारी दिनुभयो ।

उहाँले कमलरीहरूमाथि भएका तमाम दुर्व्यवहारप्रति सरकारको ध्यानाकर्षण बाध्यतावश वैशाख ३ र ४ गते  दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर बन्द गरेको तर सरकारले यसप्रति कुनै चासो नदिएको दुःखेसो पोख्नुभयो ।

प्रतिनिधि मण्डलमा मुक्त कमलरीहरू पनि संलग्न हुनुहनुभएको थियो ।

वेदप्रसाद भट्टराई<br>
कामु सचिव

(प्रेस नोट)

२०६९ असोज २ गते

# प्रमाणीकरणमा नपरेका माओवादी सेनाद्वारा आयोगमा समस्या जाहेर

सेना वर्गीकरणको क्रममा 'अयोग्य' भनी हटाइएका माओवादी सेनाको प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकारका आयोगका अध्यक्ष एवम् सदस्यहरूसँग सोमबार भेटघाट गरी आफ्ना समस्या र सरोकार अघि सारेको छ ।

भेटघाटको क्रममा 'बहिर्गमित जनमुक्ति सेना' का  महासचिव कृष्णप्रसाद दंगाल 'किरण' ले सरकारले आफूहरूलाई अयोग्यताको बिल्ला भिराएर अपमान गरेको भन्दै समाजमा आफूहरूको इज्जत र प्रतिष्ठा गिरेको बताउनुभयो ।

महासचिव दंगालले जनमुक्ति सेना बनेर शिविरमा बस्दा पनि आफूहरूमाथि अन्याय भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'शिविरमा हामीले नौ महिनाको मात्र रासन र सुविधा पायौं । बाँकी अवधिको रासन र सुविधा कता गयो, हामीलाई थाहा छैन ।'

उहाँले बहिर्गमित सेनालाई तेस्रो दर्जाको नागरिक ठानेर आफ्ना समस्याप्रति सवैले चरम वेवस्ता गरेको गुनासो गर्नुभयो । 'हामीले देश र जनताका लागि रगत र पसिना बगायौं । हामीलाई अन्यायपूर्ण ढङ्गबाट अयोग्य ठहऱ्याइयो । हामीलाई अन्याय पर्दा कुनै पनि निकायबाट सहयोग मिलेन ।' उहाँले टिप्पणी गर्नुभयो ।

भेटघाटका क्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सेना वर्गीकरणका क्रममा मापदण्डमा नपरेकाहरूलाई 'अयोग्य' भनिनु आपत्तिजनक भएको बताउनुभयो । उहाँले बहिर्गमित माओवादी सेनालाई सल्लाह दिँदै भन्नुभयो, 'आफ्ना समस्यालाई उजुरीको रूपमा आयोगमा पेश गर्नुहोस् । यसो भएमा तपाईँहरूका समस्या समाधानतर्फ प्रक्रियागत रूपमा अघि बढ्न सजिलो हुनेछ ।'

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले मापदण्डमा नपरेकाहरूलाई जनाउन प्रयोग गरिएको 'अयोग्य' शब्दले व्यक्तिको इज्जत र सम्मानमा धक्का पुऱ्याएको टिप्पणी गर्दै बहिर्गमित माओवादी सेनाको सामाजिक पुन:एकीकरणमा राज्यले गम्भीर रूपमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यसअघि 'बहिर्गमित जनमुक्ति सेना' ले प्रधानमन्त्री बाबुराम भट्टराई समक्ष ज्ञापनपत्र पेश गरिसकेको छ ।  असोज १ गते पेश गरिएको ज्ञापनपत्रमा प्रमाणीकरण नपरेकालाई जनाउन प्रयोग गरिएको 'अयोग्य' शब्द हटाउन, उनीहरूलाई एकमुष्ठ आर्थिक प्याकेज उपलब्ध गराउन, पक्राउ गरिएका बहिर्गमित सेनालाई अविलम्ब रिहा गर्न, 'बहिर्गमित जनमुक्ति सेना' पुन:स्थापनाका लागि संयुक्त राष्ट्रसंघीय शान्ति कोषमार्फत् भएको खर्च विवरण गर्न माग गरिएको छ ।

विशाल खनाल<br>
सचिव

(प्रेस नोट)<br>
२०६८ चैत ३ गते

# कानुनसम्मत ढङ्गमा सडक विस्तार गर्न जोड

काठमाडौं उपत्यकामा सडक विस्तार कार्य अघि बढिरहेको बेलामा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला निकायहरूलाई आयोगकै कार्यालयमा बोलाएर परामर्श बैठक गरेको छ ।

बैठकमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सडक विस्तार गर्ने अघि बढाउँदा विद्यमान ऐन कानुन र मानव अधिकारका आधारभूत मान्यताहरूलाई आत्मसात गर्न सरोकारवाला निकायहरू आग्रह गर्नुभयो ।

उहाँले सडक विस्तार गर्दा प्रभावित क्षेत्रका नागरिकलाई यथासमयमा जानकारी दिन एवम् कसैको घर जग्गा पर्न गएमा बमोजिम क्षतिपूर्ति पाउने भए क्षतिपूर्ति दिन पनि सुझाव दिनुभयो ।

आयोगका सदस्य गौरी प्रधानले सडक विस्तार गर्ने क्रममा आफूहरूमाथि अन्याय भएको भन्दै स्थानीय नागरिकले आयोगमा उजुरी दिएको जानकारी गराउनुभयो ।

उहाँले सडक विस्तार गर्ने क्रममा असमान व्यवहार भएको सुनिन आएको जानकारी दिंदै त्यस्तो व्यवहार भएको भए त्यसलाई तत्कालन बन्द गर्न र राजनीतिक दवावको आधारमा कसैलाई काख र कसैलाई पाख नगर्न पनि जोड दिनुभयो ।

सदस्य प्रधानले सडक विस्तार गर्ने क्रममा नियम कानुन र विधि-विधानलाई पूर्ण रूपमा पालना गर्न सरोकारवाला निकायहरूसँग आग्रह गर्नुभयो ।

महानगरीय प्रहरी ट्राफिक महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक जयबहादुर चन्दले बैठकमा उठेका प्रश्नहरूको जवाफ दिंदै आफूहरूले कुनै भेदभावविना नै विधिसम्मत ढङ्गमा सडक विस्तार कार्य अघि बढाइएको जानकारी दिनुभयो ।

प्रहरी वरिष्ठ उपरीक्षक चन्दले सडक विस्तार गर्नुभन्दा अघि प्रक्रियाबद्ध ढङ्गमा सार्वजनिक सूचना जारी गरिएको, भत्काउनुपर्ने स्थानको पहिचान गरी 'मार्किङ' गरिएको र संरचाना भत्काउनुभन्दा अघि 'माइकिङ' गरिएको बताउनुभयो ।

सडक विस्तार गर्ने क्रममा फुटपाथको व्यवस्था भए नभएको बारेमा आयुक्तहरूले राख्नुभएको जिज्ञासामा उहाँले यस विषयमा पनि आफूहरूले ध्यान दिएको बताउनुभयो ।

भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौं उपत्यका नगर विकास समिति र काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरू क्रमशः रमेशराज बिष्ट, अनन्तकुमार बस्नेत र विष्णुप्रसाद जोशीले बैठकमा उठेका प्रश्नहरूको जवाफ दिनभएको थियो ।

बैठकमा आयुक्त रामनागिना सिंह, निर्देशक वेदप्रसाद भट्टराई तथा आयोग अधिकृतहरूको उपस्थिति थियो ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६८ फागुन २८ गते

# विद्यालय बन्दको घोषणा तत्काल फिर्ता गर

नेपाल शिक्षक युनियनसमेतको शिक्षक संघ/संगठनको संलग्नतामा गरिएको २०६८ साल फागुन २८ गतेदेखि अनिश्चितकालीन रूपमा विद्यालय बन्दको घोषणाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।

पटक पटकको विद्यालय बन्दको घोषणाबाट निर्वाध शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरूको नैसर्गिक हकको हनन् भएको छ । शैक्षिक क्षेत्रमा भएको निरन्तरको बन्द र हड्तालबाट लाखौं विद्यार्थीहरूको शैक्षिक अधिकारमा धक्का लाग्नुका साथै शिक्षक संघ/संगठनको समेत सहभागितामा नेपाल सरकारले जारी गरेको 'विद्यालय शान्ति क्षेत्र ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८' को समेत उल्लंघन भएको छ ।

शिक्षक समुदायले उठाएको जायज मागलाई वार्ताको माध्यमबाट न्यायसंगत एवम् विवेकपूर्ण ढङ्गले सम्बोधन गर्न र विद्यालय बन्दको घोषणा तत्काल फिर्ता लिने वातावरण तयार पार्न शिक्षक, नेपाल सरकार एवम् सरोकारवाला निकायहरूसँग राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ ।

नेपाल सरकार र शिक्षक संघ/संगठनको सार्वजनिक अभिव्यक्तिबाट पैदा भएको असहज र तनावपूर्ण वातावरणलाई यथाशक्य छिटो अन्त्य गर्न पनि दुवै पक्षलाई आयोग हार्दिक आव्हान गर्दछ ।

वेदप्रसाद भट्टराई
निर्देशक

(प्रेस नोट)

साउन २१, २०६९

आयोगद्वारा प्रधानमन्त्रीलाई पत्राचार

# झाडापखाला र बाढीपहिरोबाट प्रभावित जनताको औषधोपचार, उद्धार र राहतमा जोड

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्र पठाई देशको विभिन्न भागमा देखापरेको झाडापखाला लगायतका महामारी, डुवान र बाढीपहिरोको प्रकोपबाट पीडित जनतालाई औषधोपचार, उद्धार र राहतको उचित व्यवस्था मिलाउन भन्नुभएको छ ।

पत्रमा भनिएको छ, 'प्रत्येक वर्षको वर्षायाममा देशका विभिन्न भागमा झाडापखाला, रगतमासीलगायतका महामारी फैलन गई कतिपय ग्रामीण भेगका जनताले समयमै औषधोपचार नपाई ज्यान गुमाउने गर्छन् । आजको युगमा पनि यस्ता मामुली रोगको महामारी वर्षेनी फैलिनु र राज्यबाट त्यसको रोकथामको समयै प्रबन्ध नहुनु दुःखद पक्ष हो ।'

झाडापखाला लगायतका महामारी, डुवान र बाढीपहिरोको प्रकोपबाट देशका विभिन्न भागका जनताले ज्यान गुमाएको र बाँचेका परिवारजन बिचाँजोमा परेको कुरा सञ्चार माध्यमहरूलाई उधृत गर्दै पत्रमा उल्लेख गरिएको छ ।

'दाङ, बाँके, कैलाली, बाजुरा, दार्चला, मनाङ, कपिलबस्तुलगायतका जिल्लाहरूमा देखापरेको डुबान र बढीपहिरोको प्रकोपबाट कतिपयले ज्यान गुमाएका छन् भने कतिपय परिवार घरबारबिहीन भई बिचल्लीमा परेका छन् । बढीपछि अनेकौं रोगको महामारी फैलिने खतरा पनि रहन्छ ।' पत्रमा भनिएको छ ।

पत्रमा अगाडि भनिएको छ, 'बाढीपहिरो र महामारीबाट प्रभावित केही क्षेत्रमा स्वास्थ्यकर्मी र उद्धारकर्मीहरू खटाइएको जानकारी सञ्चार माध्यमबाट प्राप्त भएको छ । तर पनि कतिपय ठाउँमा स्वास्थ्य केन्द्र नै नभएको एवम् लत्ताकपडा, खाद्यन्न र राहतको पर्याप्त व्यवस्था नभएकाले त्यहाँका जनता संकटमा परेको समाचार सञ्चार माध्यममा बारम्बार आइरहेकै छन् ।'

'यति हुँदा पनि प्रभावित क्षेत्रमा नेपाल सरकारले केन्द्रीय तहबाट राहत, उद्धार र औषधोपचारको व्यवस्था अपेक्षित रूपमा हुन नसकेको भन्ने जानकारी

आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूबाट प्राप्त भएको छ ।' पत्रमा उल्लिखित छ ।

नेपाल सरकारले अघि बढाएको राहत, उद्धार र औषधोपचारसम्बन्धी व्यवस्थाको विस्तृत जानकारी आयोग उपलब्ध गराउन र प्रभावित जनताका लागि यथाशक्य छिटो राहत, उद्धार र औषधोपचारको व्यवस्था मिलाउन लगाउन पत्रमा अनुरोध गरिएको छ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६९ असार २१ गते

# सुकुम्बासी समस्याको दीर्घकालीन समाधान गर

सुर्खेत, बर्दिया र कपिलबस्तुका सुकुम्बासीहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ । 'भूमि अधिकार मञ्च' को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले सुर्खेत, बर्दिया र कपिलबस्तु जिल्लामा सरकारद्वारा सुकुम्बासी बस्तीहरू मध्य वर्षात्मा अमानवीय ढङ्गले हटाउँदा उनीहरूको मानव अधिकार हनन् भएको तथा भौतिक क्षति भएको उल्लेख गर्दै न्यायको माग गरेको छ । यस मानवीय समस्याप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

देशका विभिन्न भागमा सुकुम्बासी बस्ती हटाउने क्रममा भएका भौतिक तथा मानवीय क्षतिबारे आयोग स्वंयले गरेको अनुगमन, मानव अधिकारसम्बन्धी संस्थाले सार्वजनिक गरेको प्रतिवेदन एवम् आमसञ्चार माध्यममा आएका जानकारीलाई आधार मान्दा सुकुम्बासीको मुद्दाप्रति सरकार खासै सम्वेदनशील नबनेको पाइयो ।

सुकुम्बासीहरूलाई हटाउनुभन्दा अघि मानव अधिकारसम्मत पर्याप्त वैकल्पिक व्यवस्था अपनाउन आयोगले विगतमा थुपै पटक ध्यानाकर्षण गरिसकेको छ । सुर्खेत, बर्दिया र कपिलबस्तुका सुकुम्बासीहरूलाई हटाइएको सम्बन्धमा पनि आयोग उही कुरा दोहोऱ्याउन चाहन्छ ।

सुकुम्बासी समस्याबारे विगतमा बनेको उच्चआयोगहरूको प्रतिवेदन एवम् राष्ट्रिय मानव अधिकार आयोगले समय समयमा सरकारको नाममा जारी गरेको सिफारिश तथा निर्देशनलाई गम्भीरतापूर्वक अध्ययन एवम् मनन गर्दै सुकुम्बासी समस्या समाधानका लागि 'राष्ट्रिय कार्ययोजना' बनाई अघि बढ्न आयोग सरकारको ध्यानाकर्षण गर्दछ ।

आयोगको निर्देशन एवम् सिफारिशहरूको प्रभावकारी कार्यान्वय गरी बिचल्लीमा परेका वास्तविक सुकुम्बासीहरूको गास, बास र कपाससम्बन्धी समस्याको दीर्घकालीन समाधानमा सम्वेदनशील बन्न आयोग सरकारको ध्यानाकर्षण गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६८ माघ ६

# वास्तविक सुकुम्बासीको पहिचान गरी बसोबासको व्यवस्था गर्न आग्रह ।

वर्षौदेखि चुनौतीपूर्ण रूपमा विद्यमान नेपाली सुकुम्बासीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य लगायतका समस्याहरू समाधानको लागि विगतमा पनि विभिन्न प्रयत्नहरू भएका हुन् । सुकुम्बासी समस्या र समाधानको लागि विगतमा बनेका उच्चस्तरीय आयोगलगायत विभिन्न निकाय समय-समयमा विभिन्न सुझाव र सिफारिसहरू नेपाल सरकारलाई प्रस्तुत गरेको भएता पनि त्यसको पूर्ण समाधान हुन सकेको छैन । हाल आएर काठमाडौं जिल्लाभित्र बागमती करिडोरलगायतका क्षेत्रहरूमा शहरको व्यवस्थित बसोबासको निम्ति नेपाल सरकारबाट भएका प्रयत्नहरू विरुद्ध सुकुम्बासीसँग सम्बन्धित संघसंस्थाहरूले आफ्ना हकहित संरक्षणका लागि विभिन्न अभियान र आन्दोलनहरू चलाइराखेको देखिन्छ । यस विषयमा सरकार र सुकुम्बासी आन्दोलनका नेताहरू बीच भएका संवाद र संघर्षबारे यस आयोगको ध्यानाकर्षण भएको छ ।

लामो समयदेखि समाधानको प्रकृयामा रहेका सुकुम्बासीहरूको समस्या र हकहित संरक्षणको विषयलाई संघर्ष र द्वन्द्वबाट भन्दा शान्तिपूर्ण संवादको माध्यमबाट समाधान होस् भन्ने आयोगको चाहना रहेको छ । सुकुम्बासीको

नाममा कोही कसैले राज्यको स्वामित्वमा रहेको घर-जग्गा गैरकानुनी ढङ्गले हासिल गर्न नपाओस् तर बर्षौंदेखि बस्दै आएका घर-जग्गा र आश्रमविहीन वास्तविक सुकुम्बासीहरूको सही ढङ्गले पहिचान गरी उनीहरूको हकहितको संरक्षणमा राज्यबाट सकारात्मक पहल होस् भन्ने आयोगको विचार रहेको छ । तसर्थ, शहरको ब्यवस्थित र वातावरण मैत्री बसोबास सुरक्षित गर्न र वास्तविक सुकुम्बासीको हक-हित संरक्षणको निम्ति राज्यलगायत सबै सम्बन्धित पक्षबाट संवाद र शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान गर्न पहल होस् भनी आयोग आर्दिक आग्रह गर्दछ ।

विशाल खनाल
सचिव

# परिच्छेद-३

# नागरिक तथा राजनीतिक अधिकार

## धनुषा जिल्लाको तल्लो गोदारमा गरिएको शवोत्खनन्को संक्षिप्त प्रतिवेदन

**२०७१/४/७, जनकपुर**

(पत्रकार सम्मेलनमा वितरित)

**शवोत्खनन् अवधिः**

पहिलो चरण : २०६७ भाद्र २१ देखि असोज २ सम्म

दोश्रो चरण : २०६७ फाल्गुण १ देखि ४ सम्म

### १. पृष्ठभूमि

धनुषा जिल्ला जनकपुर न.पा.वडा नं. १० बस्ने वर्ष २४ का सञ्जीवकुमार कर्ण, ऐ.ऐ. बस्ने बर्ष २३ का दुर्गेश लाभ, ऐ.ऐ. वडा नं.४ बस्ने बर्ष २१ का मछलि भन्ने जितेन्द्र झा, कुर्था गाविस वडा नं.१ बस्ने वर्ष १७ का प्रमोदनारायण मण्डल र दुहवी गाविस वडा नं.७ बस्ने वर्ष १७ का शैलेन्द्र यादव समेत ५ जनालाई वि.सं.२०६०/६/२१ गते जनकपुर न.पा.वडा नं.४ बाट सुरक्षाकर्मीले पक्राऊ गरी बेपत्ता पारिएको भनि आयोगमा उजुरी दर्ता भएको थियो । सो सम्बन्धमा आयोगबाट उजुरीमाथि अनुसन्धान गरी निजहरूलाई सुरक्षाकर्मीले गैरन्यायिक हत्या गरेको ठहर गरी २०६४/१०/१५ गतेको निर्णय बमोजिम मानव अधिकार उल्लघंन कार्यमा संलग्न दोषीहरू तत्कालीन क्षेत्रीय प्रहरी इकाई कार्यालय जनकपुरका वरिष्ठ प्रहरी उपरीक्षक चुडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक कुबेरसिंह राना, धनुषा जिल्ला धारापानी गाविसस्थित सैनिक व्यारेक श्री नम्बर ९ बाहिनी फिल्डका तत्कालीन मेजर अनुप अधिकारी तथा धनुषा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतीराज काफ्लेमाथि अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितका परिवारलाई जनही तीन लाख रूपैयाँका दरले क्षतिपूर्तिस्वरूप उपलब्ध गराउन आयोगले नेपाल सरकारलाई सिफारिस गरेकोमा हालसम्म पीडित परिवारले उक्त क्षतिपूर्ति र नेपाल सरकारले द्वन्द्वपीडितलाई प्रदान गरेको रु.एक लाख समेत गरी

प्रति परिवार चार लाख रुपियाँ राहतस्वरूप प्राप्त गरेको अवस्था छ । साथै, श्रावण ४ गते आयोगको रोहवरमा अन्तिम संस्कारकालागि नेपाल सरकारबाट प्रति परिवार रू. ४०,०००। उपलब्ध गराएको छ ।

## २. शवोत्खनन् प्रक्रिया र प्राप्त तथ्यहरू

- पीडित परिवारले जिल्ला प्रहरी कार्यालय धनुषामा दर्ता गरेको जाहेरी दर्खास्त उपर अनुसन्धानको क्रममा जिल्ला सरकारी वकिल कार्यालय धनुषाले २०६६/८/१० गते जिल्ला प्रहरी कार्यालय धनुषालाई शवोत्खनन् गरी अनुसन्धान गर्न निर्देशन दिएकोमा उल्लेखित ५ जना युवाहरूको शव धनुषा जिल्लाको तल्लो गोदार गाविस वडा नं. ३ स्थित कमला नदीको किनारमा गाडिएको आशंका भएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६७/४/२७ को निर्णयबाट उल्लेखित व्यक्तिहरूको शव गाडिएको आशंकित स्थानबाट शवोत्खनन् गर्न नेपाल प्रहरीलाई निर्देशन दिने र आयोगबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरूको सहयोग लिने निर्णय गरी नेपाल सरकार गृह मन्त्रालयलाई पत्राचार गरिएको थियो ।
- यस सम्बन्धमा नेपाल सरकारका गृहमन्त्री, मुख्य सचिव, सम्बन्धित मन्त्रालयका सचिवहरू, महान्यायाधिवक्ता, प्रहरी महानिरीक्षक सहितको उच्च अधिकारीहरूसँग २०६७ भाद्र १८ गते छलफल गरी आयोगको सहकार्यमा नेपाल प्रहरीबाट शवोत्खनन् गर्ने निश्चय भएको थियो । सो सम्बन्धमा भाद्र १९ गते मानव अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूसँग पनि छलफल गरिएको थियो ।
- आयोगबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञ एवम् नेपाल प्रहरी भएको शवोत्खनन् टोली गठन गरी पहिलो चरणमा २०६७ भदौ २१ देखि असोज २ गतेसम्म तल्लो गोदारमा शवोत्खनन् गरी ४ वटा मानव अवशेष उत्खनन् गरिएको थियो । दोश्रो चरणमा २०६७ फागुन १ देखि ४ गतेसम्म शवोत्खनन् गरी बाँकी अर्को एउटा शव उत्खनन् गरिएको थियो ।
- पाँचवटा शव गाडिएको भनी आशंका गरिएको स्थानमा वैज्ञानिक विधिद्वारा ट्रेन्च बनाई मानव अवशेष खोज्ने कार्य गरिएको थियो । यसक्रममा कुल ६४ वटा "ट्रेन्च", ९ वटा "एक्स्टेन्शन" र ४ वटा "ब्लक" खनेर आशंकित स्थानमा शव उत्खनन् गर्ने कार्य भएको थियो ।
- उत्खनन् गरिएका पाँचवटै मानव अवशेषहरूको पहिचानको लागि डी.एन.ए.परीक्षणसमेत गर्नुपर्ने हुनसक्ने भएकोले मारिएको भन्ने आशंका गरिएका व्यक्तिहरूका बाबु, आमा सहित १९ जना आफन्तजनहरूबाट विशेषज्ञद्वारा रगतको नमूना सङ्कलन गरिएको थियो ।

- सबै मानव अवशेषको त्रि.वि.वि.महाराजगञ्ज क्याम्पस, फरेन्सिक विभागमा परीक्षण गरिएको थियो भने मानव अवशेषहरूको डी.एन.ए. परीक्षण Labrotary of Biology Department of Forensic Medicine Hjelt Institute University of Helsinki Finland मा भएको थियो । नेपाल सरकार, राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पीडितका आफन्तहरूबाट लिइएको रगतको डी.एन.ए. परीक्षण गरी हेलसिन्कीबाट प्राप्त मानव अवशेषहरूको डी.एन.ए.प्रतिवेदनसँग गरिएको तुलनात्मक विश्लेषणको आधारमा मृतकहरूको पहिचान भएको हो ।
- डीएए प्रतिवेदनको विश्लेषणको आधारमा -
  १) शंकित नमुना Body १ को जैविक आमा विमलादेवी हुनसक्ने सम्भावना ९९.८५२१ प्रतिशत रहेको । (जस अनुसार उक्त अवशेष सञ्जीवकुमार कर्णको भएको)
  २) शंकित नमुना Body २ को जैविक आमा इन्दिरा झा हुनसक्ने सम्भावना ९९.९९६६ प्रतिशत रहेको । (जस अनुसार उक्त अवशेष जितेन्द्र झा को भएको)
  ३) शंकित नमुना Body ३ को जैविक बाबु बौएराम यादव हुनसक्ने सम्भावना ९९.८५१३ प्रतिशत रहेको । (जस अनुसार उक्त अवशेष शैलेन्द्र यादवको भएको)
  ४) शंकित नमुना Body ४ को जैविक बाबु राम औतार मण्डल हुनसक्ने सम्भावना ९९.९९९८ प्रतिशत रहेको । (जस अनुसार उक्त अवशेष प्रमोदनारायण मण्डलको भएको)
  ५) शंकित नमुना Body ५ को जैविक आमा गायत्रीदेवी कर्ण हुनसक्ने सम्भावना ९९.५६७१ प्रतिशत रहेको । (जस अनुसार उक्त अवशेष दुर्गेश लाभको भएको)
- सङ्कलन गरिएका व्यालेष्टिक प्रमाणहरूको परीक्षण केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा गरिएको थियो ।
- उत्खनन् गरिएका ५ वटा मानव अवशेषहरूमध्ये ४ वटा मानव अवशेषको टाउकोमा आँखा छोपिने गरी पट्टी बाँधिएको (Blindfold) अवस्थामा पाइएको थियो । एउटा मानव अवशेषमा टाउकोको पूरा भाग पाइएन ।
- उत्खनन् पछि विशेषज्ञबाट तयार गरिएको **Forensic Anthropology Report** ले पीडितहरूको मृत्युको कारण "The causes of death of the five (5) individuals are multiple gunshot wounds to the vertebral columns and skulls respectively / The manner of death of the five (5) individuals is homicide; the persons were shot by others using rifled firearms" भनी उल्लेख भएको देखिन्छ ।

- शवोत्खनन् समेत भएको यस अनुसन्धानबाट मृतकहरूको पहिचान भएपश्चात आयोगबाट पीडितहरूसँग गरिएको परामर्शको क्रममा मृतकका परिवारहरूले यथासक्य चाँडो आफ्नो धर्म संस्कृति अनुरूप अन्तिम संस्कार गर्ने चाहना औपचारिक रूपमा व्यक्त गर्नुभएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग 'शवोत्खनन् मार्ग निर्दशिका, २०६९' दफा ४ (ग) को खण्ड ७ बमोजिम पीडित परिवारजनको सांस्कृतिक अधिकारको संरक्षणार्थ पीडित परिवारहरूको परामर्शमा बेपत्ता पारिएको दिन बुधबार नै पारी आज मिति २०७१ साल श्रावण ७ गते ती सबै मानव अवशेषहरू पीडितका परिवारहरूलाई बुझाउन आयोगले दिएको निर्देशन बमोजिम नेपाल सरकारले आजै जनकपुर देवी चोकमा मानव अवशेषहरू हस्तान्तरण गर्न लागेको हो ।

## ३. निष्कर्ष

- आयोगको पहलमा भएको अनुसन्धानबाट बेपत्ता पारिएका उल्लेखित पाँचै जना व्यक्तिहरूलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली प्रहार गरी मारिएको पुष्टि हुन आई उनीहरूको अवस्था सार्वजनिक भएको छ ।
- उत्खनन् पछि विशेषज्ञबाट तयार गरिएको **Forensic Anthropology Report** ले पीडितहरूको मृत्युको कारण "The causes of death of the five (5) individuals are multiple gunshot wounds to the vertebral columns and skulls respectively / The manner of death of the five (5) individuals is homicide; the persons were shot by others using rifled firearms भनी उल्लेख भएकोले आफ्नो नियन्त्रणमा रहेका पाँचैजना पीडितहरूलाई सुरक्षाकर्मीले गोली प्रहार गरी मारेको स्पष्ट हुन आएको छ ।
- शव उत्खनन् गरिएका स्थानमा गोली र गोलीका खोकाहरू भेटिनुले मारिएका व्यक्तिहरूलाई शव गाडिएको स्थलमा नै गोली प्रहार गरी मारेर गाडिएको पुष्टि भएको छ ।
- टाउको सहित फेला परेका चारवटा मानव अवशेषहरूमा आँखामा पट्टि बाँधिएको (Blindfold) गरिएको पाइएकोले ती सबै व्यक्तिहरूलाई मनसायपूर्वक नै हत्या गरिएको कुरा स्पष्ट हुन आई गम्भीर मानव अधिकार हनन्को अवस्था रहेको पुष्टि हुन आएको छ र यस्तो कार्य मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन बमोजिम मानवता विरूद्धको जघन्य अपराध अन्तर्गत पर्ने देखिन्छ ।
- प्रहार गरिएका गोलीका खोकाहरूको परीक्षणबाट एसएलआर हतियारको प्रयोग भएको पुष्टि भएको छ, र सशस्त्रद्वन्द्वको क्रममा

त्यसबखत त्यस्तो हतियार नेपाल प्रहरीले नभई नेपाली सेनाको प्रयोगमा रहेको स्पष्ट भएको हुँदा उक्त घटनामा तत्कालीन शाही नेपाली सेनाको प्रत्यक्ष संलग्नता देखिन आएको छ ।

- यी तथ्यहरूले शवोत्खनन् हुनुअघि नै आयोगलाई प्राप्त प्रमाणहरूको विश्लेषण गरी यस आयोगले नेपाल सरकारलाई २०६४ माघ १५ मा गरेको सिफारिशको थप पुष्टि गरेको हुँदा उक्त घटनामा संलग्न दोषीहरूलाई अविलम्ब फौजदारी अभियोगमा कारवाही गर्नुपर्ने देखिन्छ ।
- पीडितका परिवारहरूलाई आफ्नो परम्परा अनुसार आफन्तजनको अन्तिम संस्कार गर्ने अधिकार सुनिश्चित गर्दै उनीहरूको परिपूरण, न्याय र सम्मानको लागि थप कामहरू गर्नु पर्ने देखिन्छ ।
- मानव अधिकारको सम्मान र संरक्षणको लागि नेपाल सरकार, राजनीतिक दलहरू तथा नागरिक समाज बढी संवेदनशील र प्रतिबद्ध हुन आवश्यक देखिन्छ ।

अन्त्यमा, शवोत्खनन् कार्यमा क्रियाशील भई पीडितहरूको मानव अधिकार संरक्षणमा सहयोग पुऱ्याउने नेपाल सरकार, नेपाल प्रहरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरू, हेलसिन्की विश्व विद्यालय र जर्मन विकास संस्था, मानव अधिकारकर्मीहरू, नागरिक समाज, सञ्चारकर्मी, स्थानीय प्रशासन, आयोगका पूर्वसदस्यहरू, तल्लो गोदारका स्थानीय बासिन्दाहरू, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा आइ.सी.आर.सी.प्रति आयोग आभार व्यक्त गर्दछ । खासगरी आफ्नो अति प्रिय तथा आफन्तजनहरू गुमाएको कठोर पीडाका बाबजुद सत्य तथा न्यायको निम्ति पीडित परिवारका सम्पूर्ण सदस्यहरूबाट देखाइएको उच्च धैर्यता र शवोत्खनन् कार्यमा आयोगलाई प्राप्त भएको सहयोग र सद्भावको लागि आयोग हार्दिक आभार व्यक्त गर्दै पीडित परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् र न्याय प्राप्तिको लागि सबै पक्षबाट पूर्ण सहयोग होस् भन्ने कामना गर्दै मृतकहरूप्रति आयोग भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ र यस किसिमका घटनाहरूको भविष्यमा कुनैपनि बहानामा कतै पनि पुनरावृत्ति नहोस् भन्ने अपेक्षा गर्दछ । साथै, यस संक्षिप्त प्रतिवेदनलाई मैथिली भाषामा समेत अनुवाद गरी आयोगको वेबसाइटमा समेत राखिनेछ ।

(प्रेस नोट)

२०७१ भदौ ७ गते

# मानव अधिकार संरक्षणमा सम्वेदनशील हुन जोड

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश रामकुमारप्रसाद शाहले मानव अधिकारको संरक्षण गर्ने जिम्मेवारी पाएका निकाय तथा व्यक्तिहरूबाट नै मानव अधिकार हनन भइरहेको बताउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज नेपालद्वारा पोखरामा आयोजित **'मानव अधिकारको संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग'** विषयक दुई दिवसीय कार्यशाला उद्घाटनको क्रममा उहाँले उक्त कुरा बताउनुभएको हो ।

कार्यशालामा प्रमुख अतिथिको आसनबाट बोल्दै वरिष्ठतम् न्यायाधीश शाहले विश्वस्तरमा मानव अधिकारप्रति जुन स्तरमा सम्वेदनशीलता देखिएको छ, त्यसस्तरको सम्वेदनशीलता नेपालमा देख्न सकिएको छैन भन्ने टिप्पणी गर्नुभयो ।

उहाँले मानव अधिकारको संक्षरण र सम्वर्द्धनका लागि न्यायपालिकाका साथै राज्यका सबै निकाय सजग, सम्वेदनशील र स्वस्फूर्त रूपमा सक्रिय हुनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य रामनगिना सिंहले कानुन प्रयोग गर्ने अख्तियारी पाएकाहरूबाटै मानव अधिकार हनन हुने गरेको चर्चा गर्दै त्यो कार्य क्षम्य नहुने बताउनुभयो ।

पूर्वसदस्य सिंहले मानव अधिकार हनन गर्नेहरूलाई कारबाही गर्ने सिलसिलामा न्यायाधीशहरूले खुट्टा कमाउन नहुने धारणा अघि सार्नुभयो ।

उहाँले न्याय सम्पादनको क्रममा थुप्रै चुनौती र विकृतिहरूको सामना गर्नुपर्ने अवस्था छ भन्दै न्यायाधीशहरूले तिनीहरूको डटेर सामना गर्नुपर्ने सुझाव दिनुभयो । कार्यशालामा आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने दिशामा आयोगले न्याय क्षेत्रसँग सहकार्य गर्दै आएको जानकारी दिनुभयो ।

कामु सचिव भट्टराईले न्याय क्षेत्र मानव अधिकारको सबैभन्दा ठूलो संरक्षणकर्ता भएको चर्चा गर्दै आर्थिक तथा सामाजिक अधिकारहरू समेतको संरक्षण र सम्वर्द्धनको दिशामा न्यायालयको भूमिका महत्त्वपूर्ण रहने बताउनुभयो ।

उहाँले एक प्रसंगमा बलात्कार, घरेलु हिंसालगायतका महिलामाथि हुने हिंसासम्बन्धी मुद्दाहरूमा पीडितलाई छिटोभन्दा छिटो न्याय दिनका लागि फाष्ट ट्र्याक कोर्टबाट सुनुवाइ हुनुपर्ने तर्क विचार अघि सार्नुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले नेपालले दुई दर्जन जति अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरिसकेको र रिटको क्षेत्राधिकार विस्तार हुँदै गएको सन्दर्भमा मानव अधिकारको क्षेत्र पनि विस्तार हुँदै गएको बताउनुभयो ।

कार्यशालामा न्यायाधीश समाजका महासचिव सत्यराज गुरुङ तथा नेपाल बार असोसिएसनका केन्द्रीय उपाध्यक्ष अनिता गुरुङले न्याय क्षेत्र र मानव अधिकारको अन्तरसम्बन्धबारे प्रकाश पार्नुभयो ।

कार्यशालामा पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत ३ वटा पुनरावेदन तथा १५ वटा जिल्ला अदालतका ५२ जना माननीय न्यायाधीशहरूको सहभागिता रहेको छ ।

आयोगका उपनिर्देशक यज्ञप्रसाद अधिकारीद्वारा सञ्चालित उक्त कार्यक्रम पुनरावेदन अदालत पोखराका मुख्य न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।

(प्रेस नोट)

२०७१ साउन ४ गते

# गोदार घटनामा मारिएकाहरूको शव पहिचान

धनुषाको गोदार क्षेत्रबाट २०६७ साल भदौ र फागुन महिनामा उत्खनन् गरिएका शवहरूको राष्ट्रिय मानव अधिकार आयोगको पहलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा वैज्ञानिक परीक्षण भई पहिचान भएको छ । ती शवहरू जनकपुरका सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, जितेन्द्र झा, प्रमोदनारायण मण्डल र शैलेन्द्र यादवको भएको पुष्टि भएको छ । २०६० साल असोज २१ गते उहाँहरूलाई जनकपुरबाट सुरक्षाकर्मीले पक्राउ गरेपछि बेपत्ता पारेका थिए । पहिचान भएका पाँचवटै मानव अवशेषहरू पीडित परिवारलाई हस्तान्तरण गर्ने सन्दर्भमा आज आयोगको सभाकक्षमा मानव अधिकारकर्मी, कानुन व्यवसायी तथा नागरिक समाजका अगुवाहरूसँग छलफल भयो ।

छलफलको क्रममा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी 'शवोत्खनन् मार्ग निर्देशिका २०६९' बमोजिम पीडित परिवारहरूलाई शव हस्तान्तरण गर्ने कार्यमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीको उपस्थिति हुनुपर्ने, पीडित परिवारलाई परिपूरणको व्यवस्था गरिनुपर्ने र दोषीलाई कारवाही गरी पीडित परिवारको न्यायप्राप्तिको अधिकारको सुनिश्चितता हुनुपर्नेलगायतका सुझावहरू प्राप्त भएका थिए । उक्त घटना संक्रमणकालीन न्याय र पीडितको न्यायप्राप्तिको अधिकारसँग सम्बन्धित रहेकोले सोको उचित सम्बोधन गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।

छलफल कार्यक्रममा आयोगका पूर्वसदस्यत्रय गौरी प्रधान, सुशील प्याकुरेल र सुदीप पाठक उपस्थित हुनुहुन्थ्यो । यसैगरी चरण प्रसाईं, विष्णुपुकार श्रेष्ठ, प्रदीप पोखरेल, सुबोध प्याकुरेल, कनकमणि दीक्षित, गोविन्द बन्दी, डा. गोपाल शिवाकोटी, भवानी खरेल, देवी सुनारलगायतका मानव अधिकारकर्मी एवम् नागरिक अगुवाहरूको छलफल कार्यक्रममा उपस्थिति थियो ।

वेदप्रसाद भट्टराई<br>
कामु सचिव

(प्रेस नोट)

२०७१ असार २४ गते

# ज्येष्ठ नागरिकको अधिकार संरक्षणका लागि सरकारलाई पत्राचार

राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकहरूको अधिकार रक्षाका लागि पहल गर्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिससाथ आजै पत्राचार गरेको छ । ज्येष्ठ नागरिकको अधिकारबारे आयोगले गरेको अनुगमनको आधारमा उक्त पत्राचार गरिएको हो ।

ज्येष्ठ नागरिकहरूका पक्षमा संवैधानिक तथा कानुनी व्यवस्था भए पनि तिनको उचित पालना नभएकाले मानव अधिकार उपभोग गर्नमा उनीहरूलाई बाधा परेको पत्रमा उल्लिखित छ ।

ज्येष्ठ नागरिकहरूले पाउँदै आएका सामाजिक सुरक्षा भत्ता जीवन निर्वाहका लागि उपयुक्त हुने गरी बढाउँदै लैजान पत्रमा आग्रह गरिएको छ । विभिन्न कारणले परिवार बाहिर रही वृद्धाश्रम तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूले उक्त भत्ता सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउन पनि पत्रमा आग्रह गरिएको छ ।

पत्रमा भनिएको छ, 'ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३' बमोजिम ज्येष्ठ नागरिकले सार्वजनिक सवारी साधन, स्वास्थ्य सेवा, धार्मिक तथा सामाजिक स्थल, खानेपानी, विद्युत, टेलिफोनलगायतका सार्वजनिक सेवामा पाउनुपर्ने सहुलियतसम्बन्धी व्यवस्थाको कार्यान्वयन भए-नभएको बारे प्रभावकारी रूपमा अविलम्ब अनुगमन गर्न आवश्यक छ ।'

पत्रमा अगाडि भनिएको छ, 'उक्त ऐनको दफा १३ बमोजिम केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति, दफा १५ बमोजिम जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति तथा दफा १७ बमोजिमको ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था गरी ऐनको प्रभावकारी कार्यान्वयन गर्न गराउन आवश्यक देखिन्छ ।'

बेवारिसे अवस्थामा रहेका तथा हिंसामा परेका ज्येष्ठ नागरिकको पुनःस्थापना, स्वास्थ्योपचार एवम् मनोविमर्शको व्यवस्था मिलाउन पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको पत्रमा आग्रह गरिएको छ ।

यसअघि आयोगबाट भएको २०६९ असोज ११ को सिफारिस अनुसार 'ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३' र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सो ऐनमा परिवारका सदस्यबाट ज्येष्ठ नागरिकहरूलाई परित्याग गरी बेवारिसे अवस्थामा छाड्ने कार्यलाई दण्डनीय बनाउने व्यवस्था गर्न पनि पत्रमा आग्रह गरिएको छ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

**२०७१ ज्येष्ठ १४ गते**

## आयोगको ध्यानाकर्षण

मिति २०७१/०२/१४ गते प्रकाशित कान्तिपुर दैनिकमा 'आयोगमा धाउँदैमा १३ वर्ष बिते' शीर्षकको समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । समाचारमा उल्लेख भए अनुसारका तेजबहादुर भण्डारीलाई बेपत्ता पारिएको र मुक्तिनाथ अधिकारीको हत्या गरिएको भन्ने उजुरीहरूउपर आयोगबाट अनुसन्धान पूरा भई आयोगबाट निर्णय भइसकेको र नेपाल सरकार समक्ष आयोगको सिफारिस कार्यान्वयनको लागि पत्राचार समेत गरिएको कुरा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउन चाहन्छु । आयोगमा प्राप्त उल्लिखित दुवै उजुरीहरू र ती उजुरीहरूउपर आयोगबाट भएको सिफारिस तथा कार्यान्वयनको अवस्था सम्बन्धी जानकारी आयोगबाट पछिल्लो समयमा प्रकाशित 'आयोगका तेह्र वर्ष उजुरीउपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था (२०५७-२०७०)' नामक प्रकाशनमा समेत उल्लेख भएको छ । ती दुवै उजुरी सम्बन्धमा आयोगबाट भएको निर्णय देहाय बमोजिम रहेको छ :-

१) लमजुङ जिल्ला सिमपानी गाविस वडा नं. ३ भलामका तेजबहादर भण्डारी का सम्बन्धमा माथि उल्लेखित प्रकाशनको पृष्ठ संख्या ३९९ क्र.सं.४३३ मा उल्लेख रहेको ।

उजुरीको संक्षिप्त विवरण पोखरा, मिसिल नं.४८८, लमजुङ जिल्ला सिमपानी गाविस वडा नं. ३ भलाम बस्ने वर्ष ५६ का पूर्वशिक्षक तथा

नेकपा माले सिमपानी गाउँ पार्टी सचिव तेजबहादुर भण्डारी मिति २०५८।९।१६ गते प्रमुख जिल्ला अधिकारीलाई भेट्न र पेन्सन समेत बुझ्नका लागि प्रमुख जिल्ला अधिकारीकोमा भेट्न जाँदा बसबाट ओर्लने बित्तिकै त्यहाँ रहेका प्रहरी र शाही सेना सहितको ६ जनाको टोलीले निजलाई पक्राउ गरी प्रमुख जिल्ला अधिकारीकोमा लगेका र सो मिति देखि निजलाई परिवार तथा आफन्तलाई समेत भेट्न नदिई गैरकानुनी रूपमा थुनामा राखेकोले गैरकानुनी थुनामुक्त गराई मानव अधिकारको रक्षा गरीपाउँ भनी मिति २०५८।१०।१८ मा आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय/सिफारिस आयोगको अनुसन्धानबाट निजलाई सुरक्षाकर्मीले पक्राउ गरी आफनो नियन्त्रणमा रहेको निःशस्त्र व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिम कारवाही गर्नुपर्नेमा सुरक्षा घेरा तोडी भाग्न लागेको भनी सुरक्षाफौजबाट गोली हान्दा निजको मृत्यु हुन गएको भनी भन्ने सेनाको भनाई तथ्यपरक र विश्वसनीय देखिएन । सूरक्षाफौजको त्यत्तिका मानिसको घेरामा रहेको निःशस्त्र व्यक्ति भाग्न सक्ने अवस्था रहँदैन । त्यसो हुनाले सुरक्षाफौजको मानिसहरूले आफ्नो नियन्त्रणमा रहेको तेजबहादुर भण्डारीलाई गोली हानी गैरन्यायिक हत्या गरेकाले निजको बाँच्न पाउने मानव अधिकारको उल्लङ्घन भएको देखियो । त्यस घटनामा संलग्न तत्कालीन प्रमुख जिल्ला अधिकारी शिवप्रसाद नेपाल, लमजुङ सेनाका मेजर सन्तोष सिंह ठकुरी, डिएसपी पिताम्बर अधिकारी साथै अन्य कमाण्डर तथा जवानहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारवाही गर्न र मृतकका कानुन बमोजिमको हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति स्वरूप उपलब्ध गराउन र निजका बालबालिकालाई निःशुल्क शिक्षाको समेत व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने मिति २०६८।३।३१ मा निर्णय भयो ।

सिफारिस कार्यान्वयनको लागि गरिएको पत्राचार आयोगको च.नं. ८७७ अनुसन्धान ४८८ पोखरा मिति २०६८।१०।१८ मा निर्णय कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरिएको । कार्यान्वयनको स्थिति च.नं. १९७४ मिति २०७०।२।६ को राहत तथा पुनर्स्थापना इकाइको पत्रमा पीडितका परिवारले रु. ३,००,०००।- क्षतिपूर्ति रकम प्राप्त गरेको भनी विवरण प्राप्त ।

२) लमजुङ जिल्ला चन्द्रेश्वर गाविस वडा नं. ६ का मुक्तिनाथ अधिकारी का सम्बन्धमा माथि उल्लेखित प्रकाशनको पृष्ठ संख्या ५३४ क्र.सं. ५८८ मा उल्लेख रहेको ।

उजुरीको संक्षिप्त विवरण लमजुङ जिल्ला, चन्द्रेश्वर गाविस वडा नं. ६ घर भई सोही जिल्लाको पाणिनी संस्कृत मावि, दुराडाँडामा अध्यापन गराइरहेका शिक्षक मुक्तिनाथ अधिकारीलाई मिति २०५८।१०।३ गते दिउँसो करिव १:३० बजेको समयमा हतियारसहित आएका तत्कालीन नेकपा (माओवादी) का ८–१० जना कार्यकर्ताहरूले अपहरण गरी सोही गाविस वडा नं. ४ स्थित खजेगाउँमा उत्तीसको रूखमा डोरी र गलबन्दीले बाँधी गोली र चुप्पी प्रहार गरी हत्या गरेकाले घटनाको छानवीन गरी दोषीलाई कारवाही तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी मिति २०६७।१०।२० गते आयोगमा उजुरी दर्ता भएको ।

आयोगको निर्णय/सिफारिस यसमा आयोगको अनुसन्धानबाट युद्धमा संलग्न नभएको एवम् निशस्त्र व्यक्ति निज मुक्तिनाथ अधिकारीलाई तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको पाइयो । घटनामा संलग्न दोषी तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महल बमोजिम कानुनी कारवाही गर्न तथा मृतकका कानुन बमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३,००,०००।- क्षतिपूर्ति रकम मध्ये क्षतिपूर्ति वापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भए बमोजिमको रकम उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भनी आयोगबाट मिति २०६९।१।३१ मा निर्णय भयो ।

सिफारिस कार्यान्वयनको लागि गरिएको पत्राचार आयोगको च.नं. १ अनुसन्धान ४६६ मिति २०६९।३।३१ मा निर्णय कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पत्राचार गरिएको ।

कार्यान्वयनको स्थिति प्रहरी प्रधान कार्यालयको च.नं. १७० मिति २०६९।९।२५ को पत्रानुसार आयोगलाई जानकारी पठाइएकोमा निज मुक्तिनाथ अधिकारीको हकदार श्रीमती इन्दिरा अधिकारीले तीन किस्ता गरी रु. ४,५०,०००।- जिल्ला प्रशासन कार्यालय लमजुङबाट बुझिसकेको भन्ने व्यहोरा उल्लेख ।

माथि उल्लेख गरिए बमोजिमको आयोगको सिफारिस कार्यान्वयन गर्न आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ । साथै, समाचार सम्प्रेषण गर्दा विषयको गम्भीरतालाई हेरीसम्बन्धित निकायसँग रुजु समेत गर्न आयोग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७१ वैशाख २९ गते

# स्वास्थ्य-अधिकारहरूको संरक्षण गर ।

मोरङ जिल्लाको विराटनगर लगागतका विभिन्न क्षेत्रहरूमा गत तीन सातादेखि फैलिएको जण्डिस तथा हेपाटाइटिस रोगको प्रकोपबाट १० जना व्यक्तिको मृत्यु भएको, ठूलो सङ्ख्यामा मानिसहरू रोगबाट प्रभावित हुन पुगेको र विद्यालयहरूसमेत बन्द हुने गरी जनजीवनमा असर पर्न गएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

'कोलिफार्म' मिसिएको पानीको वितरणबाट फैलिएको भनिएको सो रोगको कारण स्वास्थ्य संस्थाहरूमा बिरामीहरूको चाप दिनहूँ अत्याधिक रूपमा बढ्न गएको तथा व्यवस्थित र प्रभावकारी उपचार हुन नसकेको पाइएको छ । सरकारले स्थानीय रूपमा 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरेको भनिए पनि स्वास्थ्यसम्बन्धी निकायहरूबीच समन्वयको अभावमा समयमै बिरामीको उपचार, रोकथामसम्बन्धी कार्य प्रभावकारी रूपमा हुन नसकेको पाइन्छ । रोगको कारण विद्यालयहरूसमेत बन्द हुनगएकोले बालबालिकाको शिक्षाको अधिकार समेत कुण्ठित हुनजाने देखिन्छ । रोगको गम्भीरतालाई मध्यनजर गरी राष्ट्रियस्तरबाटै रोगको रोकथाम, उपचार र भविष्यमा यस्तो अवस्था आउन नदिने तर्फ पहल गर्नु तथा रोगको तत्काल नियन्त्रणका उपाय अवलम्वन गर्न आवश्यक छ । घटनाको सम्बन्धमा सत्यतथ्य अनुगमन गर्न आयोगको क्षेत्रीय कार्यालय विराटनगरको एक टोली खटिईसकेको छ ।

अतः आमनागरिकको स्वास्थ्योपचार, बालबालिकाको शिक्षा तथा जीवनको अधिकार लगायत संविधान प्रदत्त मौलिक हकहरूको सम्मान गर्न, उपभोक्ताहरूका सवै अधिकारहरूको संरक्षण गर्न तथा तत्काल प्रभावितहरूलाई सुलभ उपचारको व्यवस्था, रोगको प्रकोप थप फैलन नदिने गरी आवश्यक उपायहरू अबलम्बन गर्नुका साथै स्वस्थ्य पीउने पानीको व्यवस्था र सो रोगसँग सम्बन्धित जनचेतनाका कार्यहरू समेत तत्काल शुरु गरी जनजीवन सहज बनाउने तर्फ आवश्यक पहल गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)
२०७० चैत २० गते

# रोम विधान अनुमोदन गर

नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (रोम विधान) लाई अनुमोदन गर्नुपर्छ भन्ने माग राख्दै मानव अधिकारकर्मी कृष्ण पहाडी आमरण अनसनमा बस्नुभएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगले आजै उहाँको स्वास्थ्य अवस्थाबारेमा स्थालगत अनुगमन गरेको छ ।

आमनरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध तथा आक्रमणको अपराधजस्ता अति गम्भीर प्रकृतिका अपराधहरूमा रोम विधानको क्षेत्राधिकार लागू हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन उक्त विधानको अनुमोदनले मार्गप्रसस्त गर्नुको साथै मानव अधिकारलाई सुदृढ गर्न तथा दण्डहीनताको स्थितिलाई अन्त्य गर्न सहयोग पुग्ने देखिन्छ ।

दोस्रो जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधि सभाले समेत २०६३ सालमा संकल्प प्रस्ताव पारित गरी उक्त विधानलाई अनुमोदन गर्न सरकारलाई निर्देशन दिएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई यस अघि नै सिफारिस गरिसकेको कुरा पनि आयोग पुन : स्मरण गराउन चाहन्छ ।

रोम विधानलाई अनुमोदन गरी सोसम्बन्धी संयन्त्रहरू निर्माण गर्न तथा आमरण अनसनमा बस्नुभएका मानव अधिकारकर्मी कृष्ण पहाडीले राख्नुभएको मागको उचित सम्बोधन गर्न तथा आयोगको सिफारिस कार्यान्वयन गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० चैत ५ गते

# जनजीवन थप कष्टकर नबनाऊ

नेपाल आयल निगमले केही दिन अघि पेट्रोलियम पदार्थमा गरेको मुल्यवृद्धि र सो विषयलाई लिएर केही विद्यार्थी संगठनहरूले अघि सारेको बन्दको कार्यक्रमप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

निगमले गरेको मुल्य वृद्धिबाट सर्वसाधारणको सहजतापूर्वक जीवन यापन गर्न पाउने अधिकारमा असर परिरहेको अवस्थामा विद्यार्थी संगठनहरूबाट आयोजना गरिएको बन्दको कार्यक्रमले नागरिकहरूको थप मानव अधिकार उल्लङ्घन भई जीवन कष्टकर हुन गएको छ । बन्दका क्रममा सवारी साधनहरूमाथि भएको तोडफोड तथा आगजनी गरिएको र आवगमनमा अवरोध भएको जानकारी प्राप्त हुन आएको छ । यसबाट सुरक्षित र निर्भयपूर्वक आवगमन गर्ने नागरिकको अधिकार हनन् भएको छ । बन्दका कारण चैत ६ गतेदेखि शुरु हुने एसएलसी परीक्षा प्रभावित हुने देखिएको छ । मुल्य वृद्धि र बन्दबाट सर्वसाधारण तथा परीक्षार्थीमा पर्ने नकारात्मक असरप्रति गम्भीर बन्न आयोग सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

साथै मुल्य वृद्धिबाट नागरिकहरूलाई परेको समस्या समाधान गर्न वार्ता र संवादको माध्यम अपनाई मानव अधिकारको संरक्षण र सम्मान गर्न आयोग नेपाल सरकार, आन्दोलनरत विद्यार्थी संगठन एवम् अन्य सरोकारवाला निकायहरूसँग अनुरोध गर्दछ ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव

(प्रेस विज्ञप्ति)
२०७० माघ ६ गते

प्राडा केसीको आमरण अनसन प्रकरण

# स्वास्थ्य सेवा उपभोग गर्न पाउने नागरिक अधिकारको सम्मान गर

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान शिक्षण अस्पतालका प्राडा गोविन्द केसी सात सूत्रीय माग राखी आमरण अनसनमा बसेको घटनाबाट उत्पन्न असहज परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको पुनः ध्यानाकर्षण भएको छ ।

यसभन्दा अघि माघ २ गते पनि आयोगले वार्ता र संवादको माध्यमबाट समस्याको समाधान गर्न सरोकारवाला पक्षहरूलाई आग्रह गर्दै ध्यानाकर्षण गराएको स्मरणीय छ ।

आयोगले प्राडा केसीको स्वास्थ्य अवस्था र चिकित्साकर्मीहरूको आन्दोलनबाट स्वास्थ्य सेवाग्राहीमा पर्न गएको असुविधाबारे निरन्तर अनुगमन गरिरहेको छ । अनुगमनबाट प्राप्त तथ्यअनुसार प्राडा केसीको स्वास्थ्य अवस्था झन नाजुक बन्दै गएको तथा चिकित्साकर्मीहरूको आन्दोलनबाट सरकारी अस्पतालहरूको सेवा बन्द हुँदा सर्वसाधारण नागरिकले असंख्य सास्ती र हैरानी खेप्नुपरेको पाइएको छ ।

चिकित्साकर्मीद्वारा हाल जारी आन्दोलनबाट 'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८' को धारा २५, 'आर्थिक, सामाजिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' को धारा १२ द्वारा प्रदत्त अधिकार कुण्ठित भएको देखिन्छ । साथै, यस किसिमका गतिविधिहरू 'उपभोक्ता संरक्षण ऐन, २०५४' र 'आवश्यक सेवा सञ्चालन ऐन, २०१४' बमोजिम पेशागत मर्यादाविरुद्ध भएको देखिन्छ । आफ्नो अधिकारको उपयोग गर्दा अरूको अधिकार हनन् गर्न हुन्न भन्ने विश्वव्यापी मान्यतालाई आत्मसात गर्न आवश्यक छ । चिकित्साकर्मीहरूको हालको आन्दोलन पेशागत मर्यादा र मानवीय संवेदनाविपरीत देखिएको र यसबाट जनस्वास्थ्यमा गम्भीर आघात पर्ने भएकोले विरोधको यसप्रकारको स्वरूपलाई अन्त्य गरी रचनात्मक उपायहरूमार्फत असहमति प्रकट गर्न आयोग चिकित्साकर्मीहरूसँग आग्रह गर्दछ ।

मानिसको आधारभूत मानव अधिकारको रूपमा रहेको स्वास्थ्यको अधिकारमाथि नै गम्भीर आघात पुग्ने गरी भइरहेका यस किसिमका गतिविधिहरूबाट निस्कन सक्ने अनपेक्षित परिणामतर्फ बेलैमा सजग भई वार्ता र संवादको माध्यमबाट

यथाशीघ्र समाधानको उपाय खोज्न, प्राडा केसीको जीवन रक्षा गर्न र स्वास्थ्यसेवाको निर्वाध उपभोग गर्न पाउने सर्वसाधारणको अधिकारको संरक्षण गर्न आयोग सम्वद्ध चिकित्साकमीहरू, नेपाल सरकार र सरोकारवालाहरूसँग पुनः आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० माघ २ गते

# वार्ता र संवादद्वारा समस्या समाधान गर, स्वास्थ्य सेवा निर्वाध सञ्चालन गर

राष्ट्रिय मानव अधिकार आयोगले त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान शिक्षण अस्पतालका प्राडा गोविन्द केसीको स्वास्थ्य अवस्था र त्रिवि शिक्षण अस्पतालमा सेवाग्राहीले निर्वाध रूपमा स्वास्थसेवा उपभोग गर्न पाए-नपाएको स्थितिबारे अनुगमन गरेको छ । अनुगमनको क्रममा प्राडा केसीको स्वास्थ अवस्था नाजुक बन्दै गएको तथा अनसनबाट उत्पन्न परिस्थितिका कारण  अस्पतालमा सेवाग्राहीले निर्वाध रूपमा स्वास्थ्यसेवा उपयोग गर्न पाउने अधिकारमा अवरोध पुगेको पाइएको छ ।

सेवाग्राहीले निर्वाध रूपमा स्वास्थ्यसेवा उपयोग गर्न पाउने वातावरण तयार पार्न र प्राडा केसीले अघि सार्नुभएका मागहरूका सम्बन्धमा वार्ता र संवादको माध्यमबाट टुङ्गोमा पुग्न आयोग सरकारसँग आग्रह गर्दछ । साथै, प्राडा केसीको जीवन रक्षा गर्न, स्वास्थ्यसेवाको उपभोग गर्न पाउने सर्वसाधारणको अधिकारमा गतिरोध आउने गतिविधि दोहोरिन नदिन तथा पेशागत मर्यादालाई कायम राख्दै कानुनी प्रक्रिया अवलम्बन गर्न आयोग सम्वद्ध स्वास्थ्यकर्मीहरू, नेपाल सरकार र सरोकारवालाहरूसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० पुस २४ गते

# पत्रकारमाथि आक्रमण गर्नेलाई कारबाही गर

नागरिक दैनिकका प्रधान सम्पादक प्रतीक प्रधानको गाडीमा पुस २३ गते साँझ ५:४० बजे अज्ञात समूहबाट भएको आक्रमणप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । घटनाको सम्बन्धमा आयोगले महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा सम्पर्क गरी आवश्यक जानकारी लिएको छ ।

घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन र पत्रकारको सुरक्षाको सुनिश्चितता कायम गर्न पनि आयोग सरकारसँग आग्रह गर्दछ ।

सुवर्ण कर्माचार्य<br>
निमित्त सचिव

(प्रेस विज्ञप्ति)

२०७० पुस ११ गते

# अनुसन्धानको दायरा फराकिलो बनाउन आयोगको ध्यानाकर्षण

सशस्त्र द्वन्द्वको अवधिमा चितवनमा मारिएका कृष्णप्रसाद अधिकारीको मुद्दामा नेपाल प्रहरीबाट शुरू भएको अनुसन्धान प्रक्रियालाई आयोगले सकारात्मक रूपमा लिएको छ । कानुनी प्रक्रियामा आएका यस प्रकारका मुद्दारूको छिटो छरितो अनुसन्धान गरी पीडितको न्याय प्राप्तिको अधिकारको सम्मान हुनेमा आयोग विश्वस्त छ ।

निज कृष्णप्रसाद अधिकारीको मुद्दामा नेपाल प्रहरीबाट भइरहेको अनुसन्धान प्रक्रिया प्रभावकारी नभएको भनी आयोगमा जानकारी प्राप्त भइरहेको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय चितवनबाट यस मुद्दाको सम्बन्धमा भइरहेको अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाउनका लागि अनुसन्धानको दायरा फराकिलो बनाउन आयोग नेपाल सरकार र नेपाल प्रहरीको ध्यानाकर्षण गराउन चाहन्छ । साथै यस घटनाको आयोगले नजिकबाट अनुगमन गरिरहेको र यस सन्दर्भमा थप अनुगमनको लागि आयोगको उपक्षेत्रीय कार्यालय (बुटवल) र केन्द्रीय कार्यालयको टोली तत्कालै चितवनतर्फ खटिनेछ । अनुसन्धान प्रक्रियालाई थप प्रभावकारी बनाउन सबै सरोकारवालाहरूसँग आयोग अनुरोध गर्दछ ।

वेदप्रसाद भट्टराई<br>
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० मंसिर १९ गते

कृष्णप्रसाद अधिकारी हत्या प्रकरण

# अधिकारी दम्पतीको जीवन रक्षा गरी मानव अधिकारको संरक्षण गर

कृष्णप्रसाद अधिकारी हत्या प्रकरणबारे छानबिन हुनुपर्ने माग गर्दै मृतकका पिता नन्दप्रसाद अधिकारी र माता गंगादेवी अधिकारी पछिल्लो पटक विगत ३८ दिनदेखि आमरण अनसनमा बसेको र हाल उहाँहरूको स्वास्थ्य स्थिति गम्भीर भएकोप्रति राष्ट्रिय मानव अधिकार आयोग कार्यालयको ध्यानाकर्षण भएको छ ।

पीडितका परिवारजनले पुरानै विषय सम्बोधन गर्न माग गर्दै बारम्बार आमरण अनसन बस्नुपर्ने अवस्था विडम्बनापूर्ण छ । लामो समयदेखि किनारा नलागेको कृष्णप्रसाद अधिकारी हत्या प्रकरणजस्ता सशस्त्र द्वन्द्वकालीन मानव अधिकार हननका घटनाहरूको यथाशक्य छिटो छिनोफानो गर्न आवश्यक छ । यस विषयमा आयोगले नेपाल सरकारलाई विगतमा पटक-पटक पत्राचार गरिसकेको छ । अधिकारी दम्पतीको अनसन तोडाउने सम्बन्धमा २०७० साल भदौ २२ गते नेपाल सरकार र नागरिक समाजका प्रतिनिधिहरूबीच भएको सम्झौताको पालना नभएको पनि आयोग स्मरण गराउन चाहन्छ ।

***

गोरखा जिल्ला फुजेल गाविस वडा नम्बर ७ निवासी १९ तत्कालीन नेकपा एमाओवादीका कार्यकर्ताहरूले कृष्णप्रसाद अधिकारीलाई हजूरबा र हजूरआमालाई भेटन गएको बेलामा २०६१ साल जेठ २३ गते चितवनको रत्ननगर नगरपालिका वडा नम्बर १ स्थित बकुलहर चोकबाट अपहरण गरी जेठ २४ गते अपहरण गरेको थियो । घटनापछि मृतकका परिवारजनले केही व्यक्तिविरुद्ध किटानी जाहेरी दिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले उक्त घटनाको अनुसन्धान गरी २०६४ साल चैत २३ गते दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन र पीडित परिवारजनलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

यसैगरी कृष्णप्रसाद अधिकारी हत्यासम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढाउन आयोगले २०७० साउन २३ गते प्रेस नोट जारी गरेको थियो । सोही विषयमा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई २०७० साल साउन २८ गते पत्रचार गरेको थियो ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव

(प्रेस नोट)

२०७० साउन २३ गते

# कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी अनुसन्धान प्रक्रिया तत्काल अघि बढाऊ : अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी अनुसन्धान प्रक्रिया तत्काल अघि बढाउन गृहमन्त्री माधवप्रसाद घिमिरेसमक्ष आग्रह गर्नुभएको छ ।

कृष्णप्रसाद अधिकारी हत्या प्रकरणबारे गृहमन्त्री माधवप्रसाद घिमिरेसँग आयोगमै आयोजित बैठकमा अध्यक्ष उपाध्यायले सो आग्रह गर्नुभएको हो ।

उहाँले सशस्त्र द्वन्द्वकालीन मुद्दाको अनुसन्धान अघि नबढाउने सरकारको निर्णयलाई आधार बनाएर आरोपित व्यक्तिहरूउपर अनुसन्धानसमेत रोक्ने कार्य कानुनसम्मत नभएको भन्दै पीडितले न्याय पाउनुपर्ने खाँचो औंल्याउनुभयो ।

अध्यक्ष उपाध्यायले न्यायको माग गर्दै आमरण अनसनमा बसेका मृतकका आमा-बालाई न्यायको प्रत्याभूति दिनुपर्नेमा पनि जोड दिनुभयो ।

सो अवसरमा बोल्दै गृहमन्त्री माधवप्रसाद घिमिरेले मृतक कृष्णप्रसाद अधिकारीका परिवारजनले न्याय प्राप्तिका लागि गरेको चरणबद्ध संघर्षप्रति नेपाल सरकार नितान्त सम्वेदनशील भएको जानकारी दिँदै उहाँहरूलाई न्याय दिन हरसम्भव उपाय खोजिएको बताउनुभयो ।

उहाँले सरकारले २०६३ साल जेठ २९ गते नै सशस्त्र द्वन्द्वकालीन मुद्दाहरूमा कारबाही अघि नबढाउने निर्णय गरेकोले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणसम्बन्धी मुद्दा अघि बढाउन कानुनी जटिलता देखापरेको जानकारी भयो ।

बैठकमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले कृष्णप्रसाद अधिकारी हत्या प्रकरणमा आयोगको सिफारिसअनुसार सरकारबाट पीडित क्षतिपूर्ति दिने निर्णय हुनु तर पीडकलाई कानुनी कारबाही नगरिनु न्यायिक हिसाबले अमिल्दो कुरा भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले मानवीय आधारमा कृष्णप्रसाद अधिकारी हत्या प्रकरणबारे स्वतन्त्र रूपमा अनुसन्धान प्रक्रियालाई अघि बढाउनुपर्नेमा जोड दिँदै पीडितहरूलाई आफ्नो थातथलोमा ससम्मान पुनःस्थपित हुन पाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सदस्य प्रधानले आयोगले सिफारिस गरेको मानव अधिकार उल्लङ्घनको घटनाको सम्बन्धमा आयोगसँग कुनै परामर्श नै नगरी मुद्दाको अनुसन्धान कार्य रोक्ने काम भएको टिप्पणी गर्दै सरकारी निकायहरूबीच समन्वय र सहकार्य नहुँदा पीडितले न्याय प्राप्त गर्ने प्रक्रिया झन् जटिल बनेको बताउनुभयो ।

**नोट :**

मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारी पीडकलाई कारबाही हुनुपर्ने माग गर्दै विगत १५ दिनदेखि वीर अस्पतालमा आमरण अनसनमा बस्नुभएको छ ।

गोरखा जिल्ला फुजेल गाविस वडा नं ७ निवासी वर्ष १९ वर्षीय कृष्णप्रसाद अधिकारीलाई २०६१ साल जेठ २३ गते जिल्ला चितवन रत्ननगर नगरपालिका वडा नं १ बकुलहर चोकबाट तत्कालीन विद्रोही नेकपा माओवादीका कार्यकर्ताद्वारा अपहरण गरी जेठ २४ गते हत्या गरिएको थियो । घटनापछि मृतकका परिवारजनद्वारा केही व्यक्तिविरुद्ध किटानी जाहेरी दिइएको थियो ।

जाहेरी दर्खास्त दिएपछि मृतकका दाजु नुरप्रसाद अधिकारीलगायत परिवारजनलाई ज्यान मार्ने धम्की आएपछि परिवारका सम्पूर्ण सदस्य २०६४ साल पुस १० गतेदेखि घर छोडी विस्थापित भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगले उक्त घटनाको अनुसन्धान गरी २०६५ साल चैत २३ गते दोषीउपर फौजदारी अभियोगमा कारबाही चलाउन, पीडित परिवारजनलाई क्षतिपूर्ति दिन र घरमा पुनः फर्कनका लागि सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०६९ माघ २३ गते

# 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी कानुनको परिपूरकमात्र : आयोग

प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर आफू मातहतका अधिकृतहरूलाई निर्देशन दिनुभएको भन्नेबारे केही दिनअघि प्रकाशित समाचारको विषयलाई लिएर राष्ट्रिय मानव अधिकार आयोगले उहाँसँग मंगलबार जानकारी लिएको छ ।

सो अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'सत्य निरूपण तथा मेलमिलाप आयोग' मानव अधिकारविरुद्धको अपराधको कानुनी कारबाहीको विकल्प हुन सक्दैन भन्नुभयो ।

अध्यक्ष उपाध्यायले 'सत्य निरूपण तथा मेलमिलाप आयोग' फौजदारी न्यायको परिपूरकमात्र हो भन्दै बन्दै नबनेको 'सत्य निरूपण तथा मेलमिलाप अयोग' लाई अघि सारेर अपराधिक प्रकृतिका मुद्दाको कारबाही प्रक्रिया कुनै पनि तहबाट अवरुद्ध गर्न नमिल्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा आयोगका सदस्य रामनगिना सिंहले तराइका कतिपय घटनामा नक्कली भीडन्त खडा गरेर अभियुक्तलाई मार्ने गरिएको जानकारी आफूहरूले पाएको बताउँदै अभियुक्तको बाँच्ने अधिकारको सम्मान गर्न पनि आग्रह गर्नुभयो ।

आयोगका सदस्य गौरी प्रधानले नेपालले दण्डविहीनताको इतिहास मेट्न आवश्यक छ भन्दै 'सत्य निरूपण तथा मेलमिलाप अयोग' को नाममा विद्यमान फौजदारी न्याय प्रणालीलाई मिच्न नमिल्ने धारणा अघि सार्नुभयो ।

उहाँले मुद्दा फिर्ता लिन 'सत्य निरूपण तथा मेलमिलाप आयोग' नचाहिने र मुद्दाउपर कारबाही अघि बढाउनचाहिँ त्यही आयोग चाहिने भन्ने सरकारको विरोधाभाषपूर्ण कार्यशैली आश्चर्यलाग्दो भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा बोल्दै प्रहरी महानिरीक्षक कुबेरसिंह रानाले आफू कानुन कार्यान्वयन गर्ने जिम्मेवार पदमा रहेकोले द्वन्द्वकालीन समयका मुद्दा अघि नबढाउनू भनेर निर्देशन दिने दुस्साहस कहिल्यै नगरेको बताउनुभयो । उहाँले प्रहरी संगठन मानव अधिकार र विधिको शासनप्रति पूर्ण बफादार रहेको विचार अघि सार्नुभयो ।

उक्त अवसरमा अपराध अनुसन्धान प्रक्रियामा विधिसम्मत र मानव अधिकारमैत्री अवधारणा अंगिकार गर्दै प्रहरी संगठनभित्र मानव अधिकारसम्बन्धी तालिम र व्यवहारलाई संस्थागत गर्न आयोगले निर्देशन दियो ।

विशाल खनाल<br>
सचिव

(प्रेस नोट)

२०६९ माघ १८ गते

# पत्रकार र मानव अधिकारकर्मीहरूको सुरक्षाबारे प्रधानमन्त्रीलाई पत्राचार

पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेकोमा चासो प्रकट गर्दै राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री डा. बाबुराम भट्टराई विहीबार पत्राचार गरेको छ ।

प्रधानमन्त्रीबाट पत्रकारहरूको सुरक्षाबारे पटक-पटक प्रत्याभूति व्यक्त गर्दागर्दै पनि पछिल्लो समयमा पत्रकार तथा मानव अधिकारकर्मीहरूमाथि असुरक्षा बढेको समाचार निरन्तरजसो आइरहेको जनाउँदै उहाँहरूले आफूहरूमाथि असुरक्षा बढेको भन्दै आयोगमा उजुरीसमेत दर्ता गर्नुभएकाले यसबारे आयोगले विशेष चासो लिनुपर्ने अवस्था आएको कुरा पत्रमा उल्लिखित छ ।

प्रधानमन्त्रीलाई पठाइएको पत्रमा भनिएको छ, 'केही दिन अघि दैलेखका पत्रकारहरूले जिल्ला छाड्नु, समाचार सङ्कलन गर्ने क्रममा काभ्रेका पत्रकारहरू पिटिनु, पत्रकारलाई धम्कीपूर्ण सन्देश प्रवाह गर्नु, आफूहरूमाथि असुरक्षा बढेको भन्दै मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाले आयोगमा उजुरी दर्ता गर्नु, 'रिपोर्टरस् विदाउट बोर्डस्' नामक अन्तर्राष्ट्रिय संस्थाले नेपाल पत्रकारहरूका लागि असुरक्षित देशको रूपमा चित्रण गर्नुजस्ता दृष्टान्तले पत्रकार र मानव अधिकारकर्मीहरू असुरक्षित छन् भन्ने पुष्टि गरेका छन् ।'

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ एवम् नेपालको अन्तरिम संविधान, २०६३ ले प्रदान गरेको मौलिक हकको उपभोग गर्दा यसप्रकारको अवस्था आउनलाई लोकतान्त्रिक परिपाटीमा नितान्त अशोभनीय अवस्था मान्न सकिन्छ ।' पत्रमा उल्लिखित छ ।

मानव अधिकारको बिग्रँदो अवस्थालाई सुधार नगरिएमा देशमा अराजकता फैलिनेतर्फ ध्यानाकर्षण गराउँदै मानव अधिकारको समग्र अवस्था सुधारका लागि आवश्यक वातावरण तयार पार्न पत्रमा आग्रह गरिएको छ ।

(विशाल खनाल)
सचिव

(प्रेस नोट)
२०६९ पुस १७ गते

# उजुरीमाथि छानबिन गर्न विशेष अनुसन्धान टोली

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनका घटनाबारे आयोगमा परेका उजुरीमाथि छानबिन गर्न पूर्वाञ्चल र मध्यमाञ्चलका तराइका जिल्लाहरूमा 'विशेष अनुसन्धान टोली' खटाएको छ ।

आयोगका केन्द्रीय कार्यालय एवम् क्षेत्रीय कार्यालयहरू जनकपुर र पोखराका २१ जना कर्मचारी र ७ जना सहजकर्ता गरी २८ जनाको सातवटा टोलीहरू सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र मकवानपुरमा खटिएका छन् ।

दुई हप्तासम्म कार्यक्षेत्रमा रहने टोलीले घटनाका पीडित, साक्षी एवम् आरोपित व्यक्तिहरूलाई भेट्नुका साथै घटनास्थलको भ्रमण गरी अनुसन्धान गरिरहेका छन् ।

आयोगले गत भदौ महिनामा बाँके र बर्दियामा र कार्तिकमा झापा, सुनसरी, मोरङ, कपिलबस्तु, नवलपरासी र रूपन्देहीमा 'अनुसन्धान टोलीहरू' खटाएको थियो । ती टोलीले लगभग ८०० मुद्दामाथि अनुसन्धान सम्पन्न गरेको थियो ।

अहिले खटाइएको अनुसन्धान टोलीले लगभग ३५० मुद्दामाथि अनुसन्धान सम्पन्न गर्ने अपेक्षा गरिएको छ ।

आयोगमा परेका उजुरीमा हत्या, यातना, बेपत्ता, विस्थापन, सम्पत्ति जफत, महिलाविरुद्धको हिंसालगायतका विषयहरूसँग सम्बन्धित छन् । पछ्यौंट हुन बाँकी अधिकांश उजुरीहरू देशमा सशस्त्र द्वन्द्व चलेको बेलामा आयोगमा दर्ता भएका थिए ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६९ पुस ६ गते

# सञ्चारकर्मीमाथिको दुर्व्यवहार बन्द गर

'नागरिक' दैनिकमा कार्यरत सञ्चारकर्मीहरूमाथि पुस ५ गते भएको दुर्व्यवहारप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

सञ्चरमाध्यममाथि हुने आक्रमणलगायतका दुर्व्यवहारले प्रेस स्वतन्त्रता र लोकतान्त्रिक परिपाटीको मर्म र भावनामा चोट पुऱ्याउने भएकोले यसलाई कुनै पनि नाउँ र बहानामा स्थान दिइनु हुँदैन । 'नागरिक' दैनिकमा कार्यरत सञ्चारकर्मीहरूमाथिको दुर्व्यवहारमा संलग्न व्यक्तिहरूमाथि अविलम्ब कानुनी कारबाही अघि बढाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

चित्त नबुझेका कुरालाई विधिसम्मत प्रक्रियामार्फत विरोध जनाउन सरोकारवाला पक्षहरूसँग आयोग अग्रह गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ मंसिर २१ गते

# कारागारको अवस्था सुधार्न पत्राचार

राष्ट्रिय मानव मानव अधिकार आयोगले कारागार तथा बन्दीगृहहरूको अवस्था सुधार्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरेको छ ।

पत्रमा भूकम्प, आगलागी एवम् सुरक्षाको दृष्टिले कारागार तथा बन्दीगृहहरूको अवस्था जोखिमपूर्ण रहेको रहेको उल्लेख गरिएको छ ।

अधिकांश कारागार तथा बन्दीगृह बन्दीहरूको अत्याधिक चापको कारण अव्यवस्थित रहेको उल्लेख गर्दै महिला बन्दी र तिनका साथमा रहेका बालबालिकाहरूको उचित लालनपालन र शिक्षादीक्षा प्रदान गर्ने व्यवस्था नभएको भन्दै पत्रमा चिन्ता व्यक्त गरिएको छ ।

कारागार यथार्थमा यातनागृह नभई सुधारगृह हो भन्दै कारागार र बन्दीहरूको हकहित संरक्षण गर्न तथा उनीहरूको व्यावसायिक सीप विकास, शिक्षा आर्जन र

स्वास्थ्य शारीरिक तथा मानसिक विकासको निम्ति आवश्यक सीपमूलक तालिम, पुस्तकालय र खेलकुँदको पर्याप्त र उचित प्रबन्ध मिलाउन आग्रह गरिएको छ ।

'कारागार तथा बन्दीगृहको अवस्थामा यथोचित सुधार गरी राष्ट्रिय मानवअधिकार आयोगको 'कारागार तथा हिरासत अनुगमन मार्गनिर्देशिका, २०६५' अनुसार बन्दीहरूको हक-हित सम्वर्द्धन र संरक्षणमा तत्काल सुधार ल्याउन आवश्यक देखिन्छ । आयोगले विगतमा यस सम्बन्धी गरेका सिफारिशहरू र नेपाल सरकार आफैंले बनाएका 'कारागार सुधार सम्बन्धी उच्चस्तर आयोग' ले दिएका महत्त्वपूर्ण सुझावहरूलाई व्यवहारमा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।' पत्रमा भनिएको छ ।

विशाल खनाल<br>
सचिव

(प्रेस विज्ञप्ति)

२०६९ मंसिर ७ गते

# आयोगद्वारा विविध विषयमा सरकारलाई सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगको आज बसेको बैठकले आप्रवासी कामदारहरूको हक-हित संरक्षण र सम्वद्धर्नका सन्दर्भमा बनेको 'सबै आप्रवासी कामदार र तिनको परिवारको अधिकार संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९९०' मा हस्ताक्षर गरी अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिश गरेको छ ।

यसैगरी बैठकले 'मानव अधिकार रक्षकहरूससम्बन्धी मार्गनिर्देशिका, २०६९' लाई पनि पारित गरेको छ । आयोगद्वारा २०६९ साल असोज २२ र २३ गते ललितपुरमा आयोजना गरेको मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव र 'मानव अधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८' को मर्मलाई समेत मार्गनिर्देशिकामा समेटिएको छ ।

यसैगरी बैठकले मानव अधिकार रक्षक र नागरिक समाजसँगको सहकार्यलाई सबल र संस्थागत गर्ने उद्देश्यले तयार पारिएको 'मानव अधिकार सहकार्य र समन्वय सम्बन्धी निर्देशिका, २०६९' लाई पनि पारित गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गरेको छ ।

विशाल खनाल<br>
सचिव

(प्रेस नोट)

२०६९ कात्तिक १५ गते

# अनुसन्धान मिसन

राष्ट्रिय मानव अधिकार आयोगमा परेका विभिन्न उजुरीहरू उपर अनुसन्धान गरी किनारा लगाउने उद्देश्यले आयोगले विभिन्न जिल्लाहरूमा 'अनुसन्धान मिसन' हरू खटाएको छ ।

आयोगले झापा, मोरङ र सुनसरीका निमित्त २/२ वटा 'अनुसन्धान मिसन' खटाइएको छ भने उपक्षेत्रीय कार्यालय बुटवलबाट चितवन, नवलपरासी, रूपन्देही र कपिलबस्तु जिल्लामा पनि दुइवटा मिसन खटाइएको छ । आयोगको केन्द्रीय कार्यालयसमेतका अधिकृतहरू सम्मिलित अनुसन्धान मिसनमा आयोगको क्षेत्रीय कार्यालय विराटनगर र उपक्षेत्रीय कार्यालय बुटवलले समन्वय गर्नेछन् ।

यसबाट आयोगमा परेको उजुरी उपर अनुसन्धान भई निर्णय गर्न थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

विशाल खनाल<br>सचिव

(प्रेस विज्ञप्ति)

२०६९ असोज २३ गते

# नागरिकमाथि अनावश्यक बल प्रयोग नगर

प्रधानमन्त्री निवास अगाडि धर्नामा बसेका बेपत्ता पारिएका नागरिकका परिवारजन र मानवअधिकारकर्मीहरूमाथि प्रहरीले बल प्रयोग गरेको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

बेपत्ता नागरिकको अवस्था सार्वजनिक गर्न र तत्कालीन शाही सेनाको भैरवनाथ गणबाट नागरिक बेपत्ता गरेको अभियोग लागेका व्यक्तिलाई हालै बढुवा गरिएकोमा असहमति जनाउन धर्ना आयोजना गरिएको थियो ।

घट्नाबारे राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुगमनबाट कतिपय प्रदर्शनकारीको टाउकोमा चोट लागेको तथा केही सुरक्षाकर्मीहरू पनि घाइते भएको खुलेको छ ।

झडपको क्रममा घाइते हुन पुगेका बेपत्ता पारिएका नागरिकका परिवारजन, अधिकारकर्मी तथा सुरक्षाकर्मीलाई यथोचित रूपमा औषधोपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारसँग अग्रह गर्दछ ।

आफ्ना मागलाई शान्तिपूर्ण ढंङ्गबाट राख्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई सम्मान गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ । यसैगरी आफ्ना माग अघि सार्ने क्रममा हिंसालाई प्रोत्साहन मिल्ने गतिविधिबाट टाढा रहन सरोकारवालाहरूसँग आयोग आग्रह गर्दछ ।

मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप लागेका व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउनुपर्छ भन्ने सवालमा आफ्ना सिफारिशहरूको पूर्ण कार्यान्वयन गर्न र दण्डहीनताको संस्कारलाई अन्त्य गर्न आयोग नेपाल सरकारसँग पुनः आह्वान गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ असोज २१ गते

# मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन हुने

राष्ट्रिय मानव अधिकार आयोगले असोज २२ र २३ गते मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन गर्ने भएको छ ।

प्रधानमन्त्री बाबुराम भट्टराईले उद्घाटन गर्नुहुने सो सम्मेलनमा पचहत्तरै जिल्लाका लगभग २ सय जना मानव अधिकार रक्षकहरूको सहभागिता रहनेछ ।

सम्मेलनमा मानव अधिकारकर्मीहरूबाट मानव अधिकारका विभिन्न आयाम र पाटालाई समेटेर कार्यपत्र प्रस्तुत हुनेछ ।

सम्मेलनमा 'मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९' उपर छलफल गरी अनुमोदन गरिनेछ । सो अवसरमा देशको पाँचै विकास क्षेत्रको मानव अधिकारको अवस्थाको समीक्षा हुनुका साथै मानव अधिकार रक्षकहरूबीच आपसी सहयोग र सहकार्यबारे पनि छलफल हुनेछ । दुई दिनसम्म चल्ने सो सम्मेलनले कार्यक्रमको अन्त्यमा प्रतिबद्धतापत्र जारी गरिनेछ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ असोज १५ गते

# ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई उपयोग गर्न आवश्यक

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले देशको विकास ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई नयाँ पुस्ताले भरभूर उपयोग गर्ने व्यवस्था मिलाउन आवश्यक भएको बताउनुभएको छ ।

राजधानीमा आयोजित 'ज्येष्ठ नागरिकको अधिकार' विषयक राष्ट्रिय कार्यशालामा प्रमुख अतिथिको आसनबाट बोल्दै क्रममा उहाँले उक्त धारणा अघि सार्नुभएको हो ।

उहाँले ज्येष्ठ नागरिकलाई घरपरिवारले उचित स्याहर-सुसार र माया-ममता दिन सके नयाँ पुस्ताले उनीहरूबाट जीवनोपयोगी सीप, ज्ञान र अनुभव प्राप्त गर्नसक्ने बताउनुभयो ।

उहाँले समयको बदलिँदो प्रवाहसँगै ज्येष्ठ नागरिकसँग सम्बन्धित थुप्रै समस्या देखा पर्न थालको र यी समस्या सरकार एक्लैले समाधान गर्न नसक्ने भएकोले यसमा सवै सहयोग र साथ आवश्यक रहेको धारणा अघि सार्नुभयो ।

कार्यशालामा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले ज्येष्ठ नागरिकको हकअधिकारका विषयमा अन्तर्राष्ट्रियस्तरमा भएका राम्रा र उपयोगी प्रावधानहरूलाई नेपालमा लागू गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले यसलाई लागू गर्ने क्रममा विविध समस्या देखाइन्छ तर इच्छाशक्ति भएमा विदेशका राम्रा र उपयोगी प्रावधानहरूलाई सजिलै लागू गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

उहाँले 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' र 'ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६३' मा आवश्यकसरोकारवाला निकायहरूसँग परामर्श गरिएको र मानव अधिकारका दृष्टिले सुधार गर्नुपर्ने पक्षहरूबारे सरकारलाई सिफारिश गर्ने निर्णय गरिएको बताउनुभयो ।

त्यस अवसरमा बोल्दै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव पद्मराज भट्टले ज्येष्ठ नागरिकको स्वास्थ्योपचारलाई ध्यानमा राखेर भरतपुर, पाटन र कीर्तिपुर विशेष वार्डको व्यवस्था गरिएको र यसले देशैभरि विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो ।

उहाँले ज्येष्ठ नागरिकको उपचारका लागि वार्षिक चार हजार रुपियाँ आर्थिक सहयोगको व्यवस्था गरिएको भए पनि यस व्यवस्थाको धेरैले जानकारी नपाएको बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकको अवस्थाबारे आँकडा सङ्कलन गर्ने हेतुले यसै वर्षदेखि सर्वेक्षण कार्यक्रम सञ्चलान गर्ने योजना रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सामाजिक सुरक्षा प्रमुख सूर्यप्रसाद श्रेष्ठले ज्येष्ठ नागरिकलाई प्रत्येक महिना प्रदान गरिने भत्ता कतिपय गाविसमा गाविस सचिवको बदमाशीका कारण लक्षित वर्गको हातमा नपरेको देखिएकोले यसलाई गर्ने दिशामा आफूहरू सचेत रहेको बताउनुभयो ।

श्रेष्ठले नेपालमा खोलिएका बृद्धाश्रम उचित मापदण्डविना नै चलेको बताउँदै बालबालिका तथा समाज कल्याण मन्त्रालयले बृद्धाश्रम सञ्लानसम्बन्धी मापदण्ड तयार गर्न लागेको बताउनुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका नवनिर्वाचित अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य डा. गौरीशंकरलाल दासले नेपालमा ज्येष्ठ नागरिकको हक-अधिकारबारे आवाज उठ्दै गएको तर यसले सन्तोषजनक उपलब्धी हाँसिल गर्न थुप्रै काम गर्न बाँकी रहेको बताउनुभयो ।

कार्यशालामा अवधारणपत्र प्रस्तुत गर्दै राष्ट्रिय मानव अधिकार आयोगका सामूहिक अधिकार महाशाखाका प्रमुख सूर्यबहादुर देउजाले मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजले गरेको व्यवस्थाको चर्चा गर्दै आयोगद्वारा ज्येष्ठ नागरिकको अधिकार संरक्षण र सम्वर्द्धनका सम्बन्धमा भएका पहल विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यशाला शुरु हुनुभन्दा अघि नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रभातफेरी शुरु गरेर घण्टाघर, शान्तिबालिका, दरबार स्क्वायर हुँदै नेपाल प्रज्ञा प्रतिष्ठानमा अन्य भएको थियो । प्रभातफेरीमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्री बद्रीप्रसाद  न्यौपाने, राष्ट्रिय मानव अधिकार आयोग सदस्य रामनगिना सिंह, आयोगका कर्मचारी, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका पदाधिकारीलगायतका महानुभावहरूको उपस्थिति रहेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले संयुक्त रूपमा कार्यक्रम आयोजना गरेको थियो ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६९ असोज २ गते

## डुबान र बाढीबाट पीडित नागरिकको अविलम्ब उद्धार गर

हालै भएको अबिरल बर्षाले कैलालीलगयात देशका अन्य भागमा भएको डुबान एवम् बाढीपछि सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । अयोगको क्षेत्रीय कार्यालय धनगढीले गरेको अनुगमनबाट लालबोझी, हसुलिया, थापापुर, उदासीपुर, गदरिया, फूलबारी, खैलाड, भजनी, धनसिंहपुर, नारायणपुर, रतनपुर, बसौटी, उर्मा, चौमाला, पबेरा र गेटा गाविस र धनगढी नगरपालिकाको केही भाग डुबानमा परेको जानकारी मिलेको छ ।

डुबानका कारण सयौ परिवार विस्थापित भएको, अन्नबालीमा क्षति पुगेको एवम् चौपाया मरेको तथा सडक, पुललगायतका संरचना भत्किएको जानकारी प्राप्त भएको छ ।

डुबान एवम् बाढीपछि देखा पर्नसक्ने सरुवा रोगको प्रकोप आउन नदिन सवै सचेत हुनुपर्ने देखिन्छ ।

कैलालीका ४ सय विस्थापित परिवारमध्ये १ सय ५० परिवारको मात्र आपत्कालीन पुनःस्थापना हुन सकेको र विस्थापित हुनेहरूमा धेरैजसो मुक्त कमैया रहेको आयोगको क्षेत्रीय कार्यालयबाट अनुगमनबाट थाहा भएको छ । प्राकृतिक विपत्तिमा परेका कैलालीलगायत देशका विभिन्न भागका नागरिकहरूको उद्धार, राहत र परिपूरणको व्यवस्था मिलाउन आयोग नेपाल सरकार र सवै सरोकारवाला निकायसँग आग्रह गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ भदौ  २० गते

## आयोगद्वारा नेपाल प्रहरीप्रति धन्यवाद ज्ञापन

नागरिकको शान्ति सुरक्षा र मानव अधिकारको संरक्षणको सम्बन्धमा उठाएको चासो र चिन्तालाई सम्बोधन गर्ने विषयमा क्रियाशीलता देखाएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले नेपाल प्रहरीप्रति धन्यवाद गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले गृह सचिव नवीन घिमिरे र प्रहरी महानिरीक्षक रवीन्द्रप्रताप शाहलाई भदौ १२ गते आयोगमै बोलाएर देशमा

शान्ति सुव्यवस्था कायम गर्ने दिशामा भइरहेका प्रयासबारे सोधखोज गर्नुका साथै नागरिकको शान्ति सुरक्षाका लागि सुरक्षा संयन्त्रले गर्नुपर्ने कामकारबाहीबारे निर्देशनसमेत दिएको थियो ।

सो निर्देशनको तत्काल पालना गरी प्रहरी प्रधान कार्यालयले मातहतका निकायहरूलाई नागरिकको शान्ति सुरक्षा एवम् मानव अधिकार रक्षाका लागि भदौ १९ गते ६ बुँदे परिपत्र जारी गरेको जानकारी प्राप्त भएको छ ।

परिपत्रमा अपराधिक घट्नाको अनुसन्धान तथा कारबाही तदारुकतासाथ गर्ने, कसैलाई गैरकानुनी रूपमा थुनामा नराख्ने, यातनालगयातका अमानवीय व्यवहार नगर्ने, थुनामा परेका व्यक्तिलाई निजले रोजेको कानुन व्यवसायी रोज्न पाउने एवम आफन्तजनसँग भेटघाट गर्न दिन, मुडभेडका क्रममा गैरन्यायिक हत्या नहोस् भन्नेतर्फ सचेत रहनेजस्ता कुराहरू उल्लिखित छन् ।

यसैगरी महिला, बालबालिका, बृद्ध एवम जातीय विभेदसँग सम्बन्धित विषयवस्तु तथा मुद्दालाई प्राथमिकता दिई कामकारबाही अघि बढाउन पनि परिपत्रमा निर्देशन दिइएको छ ।

परिपत्रमा मानव अधिकारसम्बन्धी उजुरीहरूको छानविन वा सो सम्बन्धमा प्रहरीले सङ्कलन गरेको कागजात माग भई आएमा प्रचलित संवैधानिक प्रावधानअनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई उपलब्ध गराउन भनिएको छ ।

मानव अधिकारको पक्षमा जारी उक्त परिपत्रको पालना गरी मानव अधिकारको रक्षा गर्ने कार्यमा सघाउन सवै सरोकारवाला पक्षहरूसँग आयोगले अह्वान गरेको छ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ भदौ १९ गते

## बारुदी सुरुङ तथा विष्फोटनको घट्नाबाट पीडितहरूद्वारा ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले विस्तृत शान्ति सम्झौतापछि पनि बारुदी सुरुङ र अन्य विष्फोटन पदार्थबाट कोही पीडित भएका छन् भने उसले सरकारबाट राहत पाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

'बारुदी सुरुङ प्रतिबन्ध अभियान नेपाल' को प्रतिनिधि मण्डलसँगको भेटघाटमा उहाँले उक्त आवश्यकता औंल्याउनुभएको हो ।

उहाँले बारुदी सुरुङको विष्फोटनबाट पीडितलाई सरकारले वितरण गर्ने राहतमा भेदभाव भएको सुनिन आएको चर्चा गर्दै सरकारले नागरिकलाई वितरण गर्ने राहतमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने बताउनुभयो ।

आयोगका सदस्य रामनगिना सिंहले 'बारुदी सुरुङ प्रतिबन्ध अभियान नेपाल' सञ्चालन गरेका गतिविधिहरूबारे जिज्ञासा राख्नुभएको थियो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले माडी घट्नालगायत १७ वटा घट्नाहरूमा आयोगले राहत र परिपूरणका लागि सरकारलाई सिफारिश गरेको बताउनुभयो ।

उहाँले बारुदी सुरुङ विष्फोटनबाट घाइते भएका र मृत्युवरण गरेका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्न आवश्यक भएको तथ्यमाथि प्रकाश पार्दै यससम्बन्धी हालसम्मको तथ्याङ्कका लागि शान्ति र पुनःनिर्माण मन्त्रालयसँग माग गरिएको बताउनुभयो ।

त्यस अवसरमा 'बारुदी सुरुङ प्रतिबन्ध अभियान नेपाल' का संयोजक पूर्णशोभा चित्रकारले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायलाई स्मरणपत्र हस्तान्तरण गर्नुभयो ।

स्मरणपत्र हस्तान्तरण गर्ने क्रममा उहाँले बारुदी सुरुङ विष्फोटनबाट पीडित नागरिकको समस्या लिएर जाँदा कतिपय जिम्मेवार व्यक्तिले झञ्जट मानेको प्रसंग कोट्याउँदै यो समस्या साझा मुद्दा बन्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले बारुदी सुरुङ विष्फोटनबाट पीडित व्यक्तिलाई राहत वितरण गर्ने क्रममा सरकारबाट भेदभाव भएको टिप्पणी गर्दै राहत वितरणसम्बन्धी यथार्थ विवरण सार्वजनिक हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

'बारुदी सुरुङ प्रतिबन्ध अभियान नेपाल' ले हस्तान्तरण गरेको स्मरणपत्रमा बारुदी सुरुङ विष्फोटनबाट व्यक्तिहरूका लागि छिटो, छरितो र भेदभावरहित ढङ्गमा राहत तथा पुनःस्थापना हुनुपर्ने, सरकारद्वारा वितरित राहत यथार्थ विवरण सार्वजनिक हुनुपर्ने, पीडितले भोगिरहेका समस्या समाधानका दिशामा भएका गतिविधिको अनुगमन हुनुपर्ने, अपाङ्गता भएको व्यक्ति वा परिवारको थोरैमा एकजना सदस्यलाई अनिवार्य रूपमा रोजगारको अवसर दिइनुपर्नेजस्ता मागहरू छन् ।

त्यस अवसरमा बारुदी सुरुङ र अन्य विष्फोटक पदार्थबाट पीडित कृष्णबहादुर घिसिङ, सुनिता घलेलगायतका व्यक्तिहरूले सहयोग र राहतका लागि

सरकारीनिकायहरूमा चाउँदा आफूहरूले खाएको हण्डरको विवरण प्रस्तुत गर्नुभएको थियो ।

स्मरणीय छ, 'मानवविरुद्ध लक्षित बारुदी सुरुङको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध एवम् विनाशसम्बन्धी महासन्धि' (ओटावा महासन्धि) मा हस्ताक्षर र अनुमोदन गर्न राष्ट्रिय मानव अधिकार आयोगले २०६७ सालमै सरकारलाई सिफारिश गरिसकेको छ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६९ भदौ १२ गते

# सत्य निरूपरण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशप्रति आयोग असंतुष्ट

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सरकारले ल्याउन लागेको भनिएको सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशप्रति असंतुष्टि प्रकट गर्नुभएको छ । गृह सचिव नवीन घिमिरे र प्रहरी महानिरीक्षक रविन्द्रप्रताप शाहसँग देशको शन्ति सुरक्षाका सम्बन्धमा आयोगमा भएको भेटवार्तामा उहाँले सो असंतुष्टि प्रकट गर्नुभएको हो ।

भेटवार्ताका क्रममा अध्यक्ष उपाध्यायले आममाफीलाई मात्र जोड दिएर ल्याउन लागिएको भनी चर्चामा रहेको उक्त अध्यादेशबाट पीडितले न्याय नपाउने उल्लेख गर्दै यसबाट समाजमा अराजकता बढ्ने विचार व्यक्त गर्नुभयो । उहाँले अध्यादेशका सम्बन्धमा आयोगले सरकारलाई बारम्बार पत्राचार गरेको भए पनि सरकारबाट कुनै प्रतिक्रिया नआएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अध्यादेश तयार पार्ने क्रममा आयोगसँग परामर्श गर्नुपर्थ्यो तर सरकारले गुपचुप रूपमा अध्यादेश तयार पार्‍यो । यसबाट मानव अधिकारको विषयमा सरकारले राष्ट्रिय मानव अधिकार आयोगलाई वेवास्ता गरेको छ ।'

भेटवार्ताका अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले जनकपुर बमकाण्डका अभियुक्तहरूमाथि कारबाही अघि नबढाइएको चर्चा गर्दै त्यसप्रति असंतुष्टि जाहेर गर्नुभयो । एक प्रसंगमा उहाँले सुरक्षा निकायले दूरसञ्चार

कम्पनीबाट टेलिफोनको 'कल डिटेल' लिएर त्यसको दुरूपयोग गरेको चर्चा सुनिएकोले व्यक्तिको गोपनीयताको हकको सम्मान गर्न आग्रह गर्नुभयो ।

त्यस अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले धनुषालगायत देशका विभिन्न भागमा गैरन्यायिक हत्या कायम रहेको चर्चा गर्दै यसलाई सरकारले गम्भीर रूपमा लिनुपर्ने बताउनुभयो । नेपालमा गैरन्यायिक हत्या जारी रहेकोमा चिन्ता प्रकट गर्दै अन्तर्राष्ट्रिय समुदायले राष्ट्रपति, प्रधानमन्त्री तथा गृहमन्त्रीलाई पत्राचार गरेको र त्यसको छायाँप्रति आयोगलाई पनि प्राप्त भइरहेको उहाँले स्मरण गराउनुभयो ।

उहाँले गैरकानुनी  ढङ्गबाट नागरिकलाई बन्दी बनाउने काम भएको र बन्दीलाई उनका परिवारजनलाई भेटन नदिइएको प्रसंग उठाउँदै कतिपय बन्दी गृहमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीलाई समेत प्रवेश नदिएको दृष्टान्त पनि पेश गर्नुभयो ।

उहाँले छोरीमैया महर्जन बेपत्ता प्रकरण, न्यायाधीश रणबहादुर बम हत्याकाण्ड आदिबारे गृह मन्त्रालयले के कसरी कामकारबाही अघि बढाइरहेको छ भन्ने जिज्ञासा पनि राख्नुभयो ।

आयोगका अध्यक्ष तथा सदस्यहरूको जिज्ञासाको सम्बन्धमा गृह सचिव नवीन घिमिरेले अपराध अनुसन्धानलाई व्यवस्थित र संस्थागत गरिनुपर्छ भन्ने मान्यता लिएर गृह मन्त्रालयले कामकारबाही अघि बढाएको जानकारी दिनुभयो । उहाँले गृह मन्त्रालयले नियमसंगत एवम् प्रक्रियासंगत ढङ्गले आफ्नो कामकारबाही अघि बढाएको बताउनुभयो ।

सो अवसरमा आफ्नो धारणा राख्दै प्रहरी महानिरीक्षक रविन्द्रप्रताप शाहले अपराध अनुसन्धानका क्रममा आफूहरूले व्यवहारिक एवम् प्रक्रियागत कठिनाइ भोग्नुपरे पनि कामकारबाही न्यायोचित ढङ्गमा अघि बढेको बताउनुभयो ।

उहाँले छोरीमैया महर्जन बेपत्ता प्रकरण, न्यायाधीश रणबहादुर बम हत्याकाण्ड आदिबारे खोजतलास र अनुसन्धान जारी रहेको जानकारी दिनुभयो । एक प्रसंगमा उहाँले भारतसँगको खुल्ला सीमानाका कारण नेपाल सजिलै साना हतियार भित्रिएको बताउनुभयो ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)
२०६८ चैत २०

# सत्यको निरूपण गरौ, दण्डहीनता अन्त्य गरौं !

संविधान सभाको कार्याविधि सम्बन्धमा सम्मानित सर्वोच्च अदालत हालसालै गरेको फैसला पश्चात शान्ति र संविधान निर्माणको पक्षमा राष्ट्रिय राजनीतिक वृत्तमा देखापरेका संवाद र सहमतिको वातावरणलाई आयोगले सकारात्मक रूपमा लिएको छ ।

सोही परिप्रेक्ष्यमा सशस्त्र द्वन्द्वकालीन घटनाहरूलाई सम्बोधन गर्न विस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रावधान अनुसार ढिलै भए पनि 'सत्य निरूपण आयोग' र 'व्यक्ति बेपत्ता छानबिन आयोग' बनाउन गरिएका पछिल्ला प्रयत्नहरूलाई आयोग हार्दिक स्वागत गर्दछ । यस्ता आयोगहरूको स्वतन्त्रता, निष्पक्ष र सक्षम हुनुपर्छ भन्ने विषयमा यसअघि नै आयोगले आफ्ना सुस्पष्ट धारणा नेपाल सरकार र राजनीतिक पार्टीहरू समक्ष प्रस्तुत गरी सार्वजनिक गरिसकेको सर्वविदित्तै नै छ ।

सशस्त्र द्वन्द्वकालीन समयमा घटेका मानवअधिकार र मानवता विरुद्धका वारदातहरूलाई गम्भीरताका साथ अध्ययन अनुसन्धान गरी समाजमा पीडितलाई न्याय, पीडकलाई कानुनी कारवाही र राजनीतिक विषयवस्तुहरूमा मेलमिलाप गर्ने उद्देश्यको लागि स्वतन्त्र र अधिकार सम्पन्न आयोगहरू गठन गर्नु संक्रमणकालीन न्यायको दृष्टिकोणले महत्त्वपूर्ण छ । तर यी आयोगहरूले सत्य निरूपण गर्नु अघि सरकारले एकपक्षीय रूपमा मुद्दाहरू फिर्ता लिने र आरोपीहरूलाई आममाफी दिनेजस्ता क्रियाकलाप गर्नु मानवअधिकार र पीडित न्याय विपरीत कुरा हुन् ।

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको सम्मान, संरक्षण र पालना गर्न आफ्नो संवैधानिक दायित्व अनुसार सशस्त्र द्वन्द्वकालीन समयका हजारौं उजुरीहरूउपर अध्ययन, अनुगमन र अनुसन्धान गरी पीडितलाई राहत-परिपूरण-क्षतिपूर्ति र पीडकलाई कारवाही गर्न नेपाल सरकार समक्ष सिफारिश गरिसकेको छ । तर गम्भीर प्रकृतिका मानवअधिकार हनन् र मानवता विरुद्धको अपराधका घटनाक्रमहरूमा सत्य निरूपण, अभियोजन र पीडितको स्विकृति बेगर मेलमिलापलाई राजनीतिक तहमा मात्रै 'बिर्स र माफी' को मान्यता स्थापित भएमा भविष्यको निम्ति गम्भीर भूल हुनेछ ।

तसर्थ, नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतापछि बेला-बेलामा नेपाल सरकारद्वारा फिर्ता

लिएका फौजदारी प्रकृतिका मुद्दाहरूमध्ये राजनीतिक कारणले लगाइएका मुद्दा र झूट्टा मुद्दा छुट्याई मानवता विरुद्धका अपराध र मानव अधिकारको गम्भीर उल्लंघनका विषयमा समेत क्षेत्राधिकार हुने गरी 'उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग' गठनका लागि विधेयक प्रस्तुत गर्न नेपाल सरकारसँग आयोग आग्रह गर्दछ । देशमा मानवअधिकार सम्मत शान्ति, संविधान र मेलमिलापको वातावरण सृजना गर्न र दण्डहीनताको संस्कृति अन्त्य गर्न आयोगको भूमिका सधैं सकारात्मक र जागरुक रहिरहने छ भनी सवै सराकारवाला पक्षहरूलाई आयोग आश्वस्त गर्न चाहन्छ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

*दोरम्बा हत्याकाण्डको १० वर्ष*

# गम्भीर प्रकृतिका मानव अधिकार हनन् र मानवताविरुद्धका अपराधलाई कारवाहीको दायरामा राख !

भदौ १, २०६९

तात्कालीन राज्यपक्ष र विद्रोही नेकपा (माओवादी) बीच दाङको हापुरेमा शान्तिवार्ता भइरहेको बेला मिति: २०६०/४/३२ गते सुनियोजित रूपमा रामेछापको दोरम्वामा निहत्था र निर्दोष १९ नेपालीहरूको माओवादी भएको आशंकामा निर्ममतापूर्वक हत्या भएको आज १० बर्ष लागेको छ । राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा समेत घोर भर्त्सना गरिएको मानवताविरुद्धको अपराध प्रकृतिको उक्त हत्याकाण्डको विषयमा राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतको पूर्वन्यायाधीश माननीय कृष्णजङ्ग रायमाझीको संयोजकत्वमा तत्काल छानविन टोली गठन गरी त्यससम्बन्धी सत्यतथ्य जनसमक्ष सार्वजनिक गरेकै हो । उक्त सुनियोजित हत्याकाण्डको पीडक पक्षलाई कानुनी कारवाही गर्न र पीडितहरूलाई राहत, परिपूरण र क्षतिपूर्तिको निम्ति आयोगले नेपाल सरकारलाई सिफारिश गरिसकेको छ । तर हत्याकाण्ड भएको १० वर्षपछि पनि पीडकलाई कानुनी कारवाही नहुनु र पीडितलाई उचित क्षतिपूर्ति प्रदान नगरिनु राज्यको तर्फबाट नागरिकप्रति गरिएको घोर अन्याय हो ।

यसबाहेक तात्कालीन राज्यपक्षबाट भएको धनुषाको गोदार हत्याकाण्ड, कालिकोटको कोटवाडा हत्याकाण्ड र डोटीको मुडभरा हत्याकाण्ड पनि त्यत्तिकै गम्भीर प्रकृतिको मानवता विरोधी अपराधको रूपमा लिन सकिन्छ । साथै तात्कालीन गैरराज्यपक्ष नेकपा (माओवादी) बाट गरिएका चितवनको माडी हत्याकाण्ड, नवलपरासीको वर्गदवा हत्याकाण्डलगायत सयौं व्यक्ति-हत्याको विषयमा पनि राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धान गरी नेपाल सरकार समक्ष पीडकलाई कानुनी कारबाही र पीडितलाई राहत, परिपूरण र क्षतिपूर्तिको निम्ति सिफारिस गरिएको छ । नेपाल सरकारबाट पछिल्लो चरणमा पीडितलाई प्रदान गरिने राहत, परिपूरण र क्षतिपूति प्रदानमा प्रगति भए पनि गम्भीर प्रकृतिका मानवअधिकार हनन्को घटनाका पीडकहरूलाई कुनै कारवाही प्रक्रिया नै अगाडि नबढ्नु ज्यादै दुःखको कुरा हो ।

विस्तृत शान्ति सम्झौता पछाडि बनेका सबै प्रधानमन्त्रीज्यूहरूले आयोगको सिफारिशलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सार्वजनिक प्रतिबद्धताहरू व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । न त विस्तृत शान्ति सम्झौताअनुसार ‘सत्य निरूपण आयोग’ नै गठन भयो । सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका मानव अधिकार हनन् र मानवता विरुद्धका अपराधहरूमा आयोगले गरको स्वतन्त्र र निष्पक्ष छानविन र सिफारिशहरूलाई व्यवहारमा प्रभावकारी कार्यान्वयन गर्नु नेपाल सरकारको जिम्मेवारी र कर्तव्य हो । अतः विगतमा भएका कमी-कमजोरीहरूबाट शिक्षा लिई देशमा मानव अधिकारको सम्मान र संरक्षण गर्न एवम् मौलाउँदै गएको दण्डहीनताको संस्कार अन्त्य गर्नका लागि नेपाल सरकारलाई गरेको सिफारिश, आदेश र सुझावहरूहलाई प्रभावकारी कार्यान्वयन गर्न आयोग पुनः आह्वान गर्दछ ।

विशाल खनाल<br>
सचिव

(प्रेस नोट)

२०६९ साउन २३ गते

# आममाफीसम्बन्धी अध्यादेशबारे द्वन्द्वपीडितहरूको खबरदारी

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले युद्ध अपराध र मानवताविरुद्धको अपराधमा दोषी ठहरिएका व्यक्तिलाई कुनै पनि हालतमा आममाफी दिन नहुने धारणा व्यक्त गर्नुभएको छ ।

मानव अधिकार रक्षक एवम् द्वन्द्वपीडितहरूको प्रतिनिधिसँग छलफल गर्दै उहाँले उक्त धारणा व्यक्त गर्नुभएको हो । सरकारले आममाफी दिने उद्देश्यले ल्याउन लागेको भनिएको अधयादेशका सम्बन्धमा मानव अधिकार रक्षक एवम् द्वन्द्वपीडितहरूले आयोगका अध्यक्ष एवम् सदस्यसँग मंगलबार भेटघाट गरी छलफल गरेको छ ।

छलफलका क्रममा अध्यक्ष उपाध्यायले मुद्दा फिर्ता लिनाले अपराध गर्नेहरूले उन्मुक्ति पाएको र यसबाट द्वन्द्वपीडितहरू झन् अन्यायमा परेको विचार व्यक्त गर्नुभयो ।

केही गरी मुद्दा फिर्ता लिइएको अवस्थामा पीडित पक्षले न्यायोचित क्षतिपूर्ति र परिपूरण पाउने व्यवस्था हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले सरकारले आममाफीसम्बन्धी अध्यादेश तयार पार्न लागिएको हो भने त्यो अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको हुनुपर्छ भन्ने कुरामा जोड दिंदै यसबाट द्वन्द्वपीडितहरूलाई बाधा पुग्ने कुनै पनि प्रावधान राख्न हुँदैन भन्नुभयो ।

उहाँले राजनीतिक सहमतिमा अन्तर्राष्ट्रिय मापदण्डविरुद्धको आममाफीसम्बन्धी अध्यादेश आएमा आयोगलाई मान्य नहुने बताउनुभयो ।

भेटघाटमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले सशस्त्र द्वन्द्वकालमा पीडित बनेकाहरूले न्याय पाउनुपर्छ भन्ने मान्यता राखेर 'सत्य निरूपण तथा मेलमिलाप आयोग' बन्नुपर्छ भनेर राष्ट्रिय मानव अधिकार आयोगले बारम्बार आवाज उठाएको बताउनुभयो ।

उहाँले यस विषयमा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरिसकेको र विभिन्न समयमा प्रेस विज्ञप्ति जारी गरिसकेको जानकारी पनि दिनुभयो ।

उहाँले सर्वोच्च अदालतले दोषी ठहर गरेको व्यक्तिलाई समेत आमनागरिकको अपेक्षाविपरीत सरकारले उन्मुक्ति दिनु नितान्त दुःखद पक्ष हो भन्नुभयो ।

सो अवसरमा बोल्दै 'आममाफीविरुद्ध नागरिक अभियान' का संयोजक चरण प्रसाईले आयोगले सरकारलाई पठाएको पत्रका सम्बन्धमा के प्रगति भएको छ भन्ने जिज्ञासा राखेर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा थप पत्र पठाउनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले आममाफीसम्बन्धी अध्यादेशको बारेमा नेपाल सरकारका मुख्य सचिवलाई आयोगमा बोलाएर विस्तृत जानकारी लिन सल्लाह दिनुभयो ।

भेटघाटमा रेश्मा थापा, रामकुमार भण्डारी, गोपालकृष्ण शिवाकोटी, भवानी खरेल एवम् द्वन्द्वपीडित परिवारका सदस्यहरूले व्यक्तिहरूले विधिको शासन कायम गर्ने र दण्डहीनता अन्त्य गर्ने विषयमा राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई थप खबरदारी गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

त्यस अवसरमा आयोगका सदस्य गौरी प्रधान उपस्थित हुनुहुन्थ्यो ।

विशाल खनाल
सचिव

(प्रेस नोट)
२०६९ असार १९ गते

# नेपाली नागरिकको उद्दारका लागि पत्राचार

राष्ट्रिय मानव अधिकार आयोगले अफगानिस्तानको 'अफगानिस्तान स्वतन्त्र मानव अधिकार आयोग' लाई पत्र पठाई त्यहाँ झण्डै डेढ महिनादेखि नेपाली नागरिकलाई बन्धक तुल्याएको सम्बन्धमा ध्यानाकर्षण गरेको छ ।

सञ्चारमाध्यममा प्रकाशित समाचारलाई उधृत गर्दै अफगानिस्थातको बग्राम शहरस्थित एक 'गेष्ट हाउस' मा १० जना नेपालीलाई बन्धक तुल्याएको खबर आएकोले त्यसको सत्य तथ्य पत्ता लगाई आवश्यक जानकारी गराउन पनि पत्रमा आग्रह गरिएको छ ।

बन्धक बनाएका नेपाली नागरिकहरूलाई मानवीय आधारमा उद्दार गर्ने वातावरण मिलाइदिन पनि उक्त पत्रमा आग्रह गरिएको छ ।

'अफगानिस्तान स्वतन्त्र मानव अधिकार आयोग' लाई पठाएको पत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पनि दिइएको छ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)
२०६९ असार १८ गते

# देश र नागरिकप्रति जिम्मेवार बन्न आग्रह

देशमा देखापरेको हत्या-हिंसा, अपरहरण, बढ्दो महंगी, मलको अभाव, राजनीतिक झै-झगडा, राजनीतिक असहिष्णुता, त्रिभुवन विश्वविद्यालयमा भएको आगजनी, सडक दुर्घटना एवम् प्राकृतिक विपत्तिका घट्नाप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

देशमा भइरहेको हत्या-हिंसा र अपहरणका अपराधिक घट्नाहरू तत्कालन नियन्त्रण गरी नागरिकको स्वतन्त्रतापूर्वक एवम् निर्भयतापूर्वक बाँच्न पाउने हकको सम्मान गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा आकाशिंदो किसिमले महंगी बढिरहेको छ । यसरी अप्राकृतिक रूपमा बढेको महंगीको कारण पत्ता लगाई त्यसलाई रोक्न र सर्वसाधारण नागरिकलाई महंगीको मारबाट बचाउन तत्काल कामकारबाही अघि बढाउन पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

अर्कोतिर मलको अभाव देखापरेको छ । यसबाट सर्वसाधारण किसानको जीविकामा मात्रै होइन, अन्न उत्पादनमा समेत असर पर्ने देखिन्छ । यसर्थ किसानलाई समयै द्रूत ढङ्गले मल उपलब्ध गराउने चाँजोपाँजो मिलाउन आयोग सरकारलाई आग्रह गर्दछ ।

झै-झगडा र आरोप प्रत्यारोपमा रुमल्लिन पुगेका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई संयमित रहन एवम् देश र जनताप्रति जिम्मेवार भई व्यवहार गर्न आयोग आग्रह गर्दछ ।

बढ्दो सडक दुर्घटनालाई नियन्त्रण गर्न सवारीसम्बन्धी नियम कानुनको पालना गर्ने र सडक प्रयोगकर्ताहरूलाई सचेत तुल्याउने दिशामा सरकार जागरुक हुनुपर्ने अवस्था छ । यसतर्फ पनि सरकारको ध्यान जान आवश्यक छ ।

वर्षायामसँगै शुरु भएको बाढीपहिरोलगायतका प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई उचित राहत प्रदान गर्न, औषधिको व्यवस्था गर्न, उनीहरूको यथोचित पुनःस्थापना गर्न तथा प्राकृतिक प्रकोपलाई नियन्त्रण एवम् रोकथाम गर्न समयमै उचित तयारी गर्न पनि आयोग सरकारलाई आग्रह गर्दछ ।

देशमा रोगको रूपमा रहेको दण्डहीनतालाई अन्त्य गर्न, राज्यको पुनःसंरचना तथा संघीयतालगायत थाँती रहेका राजनीतिक विवादलाई यथाशक्य छिटो

अन्त्य गर्न एवम् देशको राजनीतिक अस्थिरतालाई छलफल र सहमतिबाट तार्किक निष्कर्षमा पुऱ्याउन सवै सरोकारवाला पक्षहरूसँग पनि आयोग आग्रह गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

चैत २२, २०६८

# पत्रकार हत्याको निष्पक्ष छानबिन गर

एभिन्यूज टीभी तथा राजधानी दैनिकका संवाददाता यादव पौडेलको अज्ञात समूहद्वारा हत्या गरिएको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घट्नाको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गरेर दोषी उपर कारबाही गर्न तथा मृतकका परिवारलाई छतिपूर्ति र राहतको व्यवस्था यथाशीघ्र गर्न पनि सरकारसँग अग्रह गर्दछौं । पछिल्लो समयमा मानव अधिकार रक्षक र पत्रकारहरूमाथि हुँदै आएको हत्या, हिंसा र आक्रमणको पनि आयोग भर्त्सना गर्दछ ।

घट्नाको अनुगमनका लागि आयोगको विराटनगरस्थित क्षेत्रीय कार्यालयबाट एक टोली खटाइसकिएको व्यहोरा पनि जानकारी गराउँदछौं ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

जेठ १८, २०६९

# नागरिकको जीऊधनको सुरक्षाप्रति गम्भीर बन्न आग्रह

जेठ १४ पछिको राजनीतिक अवस्था अन्यौलग्रस्त हुँदै गएको र यसबाट शान्ति सुरक्षाको अवस्थामा समेत प्रतिकूल असर पर्दै गएको देखिन आएको छ ।

यसै हप्ता नेपाल रेलवेका महाप्रबन्धक सुरेश यादव र आजैका दिन सर्वोच्च अदालतका वहालवाला न्यायाधीश रणबहादुर बमलाई गोली हानी हत्या गरिएको आपराधिक घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

ती घटनाहरूको निष्पक्ष छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन र देशमा विद्यमान दण्डहीनताको संस्कारलाई अन्त्य गरी नागरिकको जीऊधनको सुरक्षाप्रति गम्भीर बन्न नेपाल सरकारलाई आयोग आग्रह गर्दछ ।

विशाल खनाल
सचिव

(Joint Press Statement)

Issued on 2069/01/28

The Chairperson of the National Human Rights Commission (NHRC), Mr. Kedar Nath Upadhaya, together with the United Nations Resident and Humanitarian Coordinator (RC/HC), Robert Piper, today drew attention to the humanitarian impact of the continuing *bandh* in the Far Western Region (FWR).

While upholding the right to peaceful assembly, freedom of opinion and expression, the NHRC and the UN urge protest organizers and followers to guarantee the freedom of movement for ambulances as well as the transport of essential medical supplies, patients and food within the FWR. "Humanitarian access must be guaranteed under all circumstances in all parts of the country", said RC/HC Piper.

The Chairperson and the RC/HC also expressed deep concern about the rising tensions which culminated in clashes on 9 May between the police and demonstrators in Nawalparasi leaving several people with serious injuries. While recognizing the responsibility of State agencies to maintain rule of law throughout Nepal, they urged the security and law enforcement agencies to exercise restraint and use minimum necessary and proportionate force while policing areas in which *bandhs* and protests are taking place. "Professional policing can play an important role to prevent tensions between protesting groups from further escalating", said the Chairperson.

The Chairperson and the RC/HC also highlighted rising tensions which have resulted in incidents of local violence between activist groups across the country, including in Kanchanpur and Nawalparasi districts. The increasing number and intensity of upcoming demonstrations creates the risk for more widespread violence. The NHRC and the UN urge all parties to uphold human rights and take necessary practical steps to avoid violence during this period of heightened protests.

(प्रेस विज्ञप्ति)

२०६९ वैशाख २१ गते

# संघीयतासम्बन्धी मुद्दाहरूलाई वार्ता र सहमतिबाट टुङ्ग्याऊ

देशमा नयाँ संविधान जारी गर्ने मिति नजिकिँदै जाँदा संघीयताबारेका चर्चा, परिचर्चा र वहस चुलिँदै गएको छ । यसलाई राष्ट्रिय मानव अधिकार आयोगले स्वाभाविक रूपमा लिएको छ । राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका लागि संघीयताको स्वरूप एवम् यसको पक्ष र विपक्षमा विचारविमर्श हुनुलाई आयोग स्वाभाविकै ठान्दछ ।

हालका दिनमा अखण्ड सुदूर पश्चिमलगायतका संघीयतासम्बन्धी आन्दोलनले जनजीवन कष्टकर बन्दै गएकोप्रति आयोगको ध्यानाकर्षण भएको छ । खुला राजनीतिक परिपाटीमा आ-आफ्नो माग अघि सार्दै शान्तिपूर्ण ढङ्गमा विरोध गर्ने छुट सवैलाई  भए पनि यसबाट जनजीवनमा पर्नसक्ने असरबारे पनि सचेत हुन आवश्यक छ ।

संघीयताको पक्षमा आवाज उठाइरहेको बेलमा जनकपुरमा भएको बम हमलाप्रति आयोगको अगाडि नै आफ्नो चासो व्यक्त गरिसकेको छ । त्यस घट्नामा मृत्युवरण गरेकाको परिवारजनलाई उचित क्षतिपूर्ति दिन र घाइतेहरूको यथोचित उपचारको व्यवस्था गरिदिन आयोग सरकारसँग आग्रह गर्दछ । साथै आयोग यसप्रकारको दुःखदायी घट्ना कसैबाट फेरि कहिल्यै पनि नदोहोरियोस् भन्ने कामना पनि गर्दछ ।

अतः यसप्रकारको आन्दोलन सञ्चालन गर्दा जनजीवनमा पर्नसक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्ने र आफ्नो हकअधिकारको बारेमा आवाज उठाउँदा अरुको मानव अधिकार हनन् नहोस् भन्नेतर्फ ध्यान दिन आन्दोलनरत सवैमा आयोग आग्रह गर्दछ ।

यसैबीच, संघीय प्रणालीको विरोधमा उभिनुभएका सभासद चित्रबहादुर केसीलाई ज्यान लिने धम्की आएको उजुरी आयोगमा परेको छ । यससम्बन्धी समाचार मिडियामा पनि आएको छ । यसप्रति आयोगको ध्यानाकर्षण भएको छ । लोकतान्त्रिक परिपाटीमा आफ्नो विचार राख्ने हक सबैलाई छ । संघीय प्रणालीको विपक्षमा विचार राखेकै भरमा उहाँमाथि यसप्रकारको धम्की आउनु दुःखदायी पक्ष हो । उहाँलाई धम्क्याउने व्यक्ति वा समूहको पहिचान गरी कानुनी कारबाही गर्न आयोग माग गर्दछ ।

संघीयतासँग गाँसिएका तमाम मुद्दाहरूलाई राष्ट्र, राष्ट्रियता र देशको सार्वभौमसत्तालाई केन्द्रविन्दुमा राखेर वार्ता र सहमतिको आधारमा टुङ्ग्याउन सरकार र सम्बन्धित सवै सरोकारवालाहरूसँग आयोग हार्दिक अनुरोध गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६९ वैशाख १८ गते

# शान्ति र सुरक्षाको प्रत्याभूति गर

जनकपुरको रामानन्द चोकमा आज विहान १०:०० बजेतिर ४ जनाको ज्यान जाने गरी र २८ व्यक्ति घाइते हुने गरी बम बिष्फोटनको घट्नाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकार्षण भएको छ ।

जनकपुरका नागरिक समाज, बुद्धिजीवी, पत्रकार, प्राध्यापक, आदि समाविष्ट 'मिथिला राज्य संघर्ष समिति' को धर्नामा भएको सो विष्फोटन निन्दनीय छ ।

त्यस बमकाण्डको निष्पक्ष छानविन गर्न र दोषीको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन आयोग सरकारसँग माग राख्दछ । साथै घाइतेहरूको उचित उपचारको व्यवस्था गर्न पनि आयोग सरकारसँग माग गर्दछ ।

नयाँ संविधान घोषणा हुने घडी नजिकिंदै गर्दा यसप्रकारको घट्ना हुनु दुःखद र दुर्भाग्यपूर्ण हो । देशमा शान्ति र सुव्यवस्था कायम राख्न र नागरिकलाई शान्ति र सुरक्षाको अनुभूति दिलाउन सरकारलाई आयोग आग्रह गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

**जेठ १४, २०६९**

# नयाँ संविधानको घोषणा, जातीय समानता र सद्भाव तथा जन-साधारणको मानव अधिकार र मानवीय सम्वेदनशीलतामा गम्भीर हुन आग्रह

सिद्धान्ततः आज संविधानसभाको अन्तिम दिन हो । ऐतिहासिक जनआन्दोलन र विस्तृत शान्ति सम्झौताका उपलब्धिहरू संरक्षण र संस्थागतगर्न आजै संविधान-सभाबाट नयाँ संविधान घोषणा हुनु अनिवार्य छ । अन्यथा, परिवर्तित परिस्थितिले देशमा संवैधानिक संकट सृजना हुने मात्रै नभई देश पुनःगम्भीर द्वन्द्वको चङ्गुलमा फस्ने सम्भावना छ । यसले देशमा जात-जाति, धर्म-सम्प्रदाय, भाषा-भाषी र क्षेत्रहरू बीचझैँ-झगडा ल्याउने मात्रै नभई मानवअधिकार र मानवीय सेवाका क्षेत्रहरूमा पनि नकारात्मक असर खडा गर्न सक्दछ ।

तसर्थ संविधान निर्माणको दौरान भरसक सबै बिषय र बुँदाहरूमा राष्ट्रिय सहमति कायम गर्ने, अन्यथा सहमतिका विषय-वस्तुहरू अङ्गिकार गर्दै असहमतिका बुँदाहरूमा नियम संगत संवैधानिक प्रकृयाद्वारा विवाद निर्क्यौल गरी संविधान घोषणा गर्नु नै हालको निम्ति उपयुक्त उपाय देखिन्छ । हाल देशका विभिन्न क्षेत्रहरूमा राजनीतिक तथा सामाजिक आन्दोलनका नेता कार्यकर्ताहरूबीच देखापरेका घोचपेच, उचनिच र जातीय/भाषिक/धार्मिक असहिष्णुता र घृणा फैलाउने नारा-जुलुस, भाषण, मन्तव्य र वक्तव्यहरू तत्काल रोकी जातीय समानता र सद्भावको वातावरण निर्माण गरी अगाडि बढ्न आयोग सबै सम्बन्धित पक्षलाई आव्हान गर्न चाहन्छ । यसको निम्ति राजधानीलगायत देशका सम्पूर्ण क्षेत्रहरूमा प्रभावकारी कानुन र व्यवस्थाको लागि उच्च सतर्कता अपनाउन पनि आयोग नेपाल सरकारलाई हार्दिक आह्वान गर्न चाहन्छ ।

साथसाथै, आफ्नो हक-अधिकारको आन्दोलनमा लाग्दा जन-साधारणको मानवअधिकार र मानवीय सम्वेदनशीलतामा गम्भीर हुन पनि आयोग सम्वन्धित सवै पक्षहरूको ध्यान आकर्षित गर्न चाहन्छ ।

वेदप्रसाद भट्टराई
निमित्त सचिव

(प्रेस विज्ञप्ति)

२०६९ वैशाख ५ गते

# सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सरकारद्वारा बनाउने भनिएको सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगको विधेयक सम्बन्धमा प्रधानमन्त्रीलाई पत्राचार गनुभएको छ।

उपाध्यायले पत्रमासत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हुनुपर्नेमा जोड दिनुभएको छ।

प्रधानमन्त्रीलाई पठाइएको पत्रमा सेना समायोजन प्रक्रियामा भएको प्रगतिलाई शुभसंकेतको रूपमा लिंदै उपाध्यायले यस्ता प्रयासहरू नेपालको शान्ति र संविधान निर्माणको साथै मानव अधिकार, सुशासन र लोकतन्त्रको लागि कोसेढुंगा सावित हुनेछन् भन्ने धारणा अघि सार्नुभएको छ।

उहाँले सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगको विधेयक प्रमुख राजनीतिक दलहरूको सहमतिको विषयमात्र होइन भन्दै मानव अधिकारकर्मी, नागरिक समाज, द्वन्द-पीडित समाज, सञ्चारकर्मीसमेतको छलफल र प्रतिक्रियाको विषय भएकोले सम्बद्ध पक्षहरूसँग विचार-विमर्श गर्नु उपयोगी हुने धारणा व्यक्त गर्नुभएको छ ।

विशाल खनाल
सचिव

(प्रेस नोट)

२०६८ फागुन २१ गते

# मानव अधिकारविरुद्ध अपराधिक मुद्दाहरू फिर्ताबारे आयोगको चासो

हालै नेपाल सरकारले ३४९ व्यक्ति संलग्न मुद्दाहरू फिर्ता लिने निर्णय गरेको भन्नेबारे सञ्चारमाध्यममार्फत् आएको समाचारप्रति चासो राख्दै आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आजै पत्र पठाएको छ ।

नेपाल सरकारले फिर्ता लिने निर्णय गरिएको भनिएका मुद्दाहरूको बादी, प्रतिबादी, मुद्दाको विषय, मुद्दा दायर भएको अदालत वा जाहेरी दर्ता भएको प्रहरी कार्यालय र दर्ता मितिसमेत खुलाई १५ दिनभित्र विवरण उपलब्ध गराइदिन आयोगले नेपाल सरकारसमक्ष अनुरोध गरेको छ ।

विशाल खनाल
सचिव

# परिच्छेद-४

# महिला तथा बालबालिका

## *Statement By:*

## National Human Rights Commission and UNICEF Nepal
## On potential misuse of children before, during and after election

Kathmandu, 16th Septemher 2013

The National Human Rights Commission of Nepal and United Nations' Children Fund (UNICEF) are increasingly concerned about potential misuse, manipulation and engagement of children by political parties in pre and post-election campaigns in the country as there are alarming reports about plans of different parties to engage children and schools in political activities.

Both, constitutional human rights body - NHRC, and inter-governmental organization mandated to promote and protect children's rights - UNICEF reiterates and reminds all actors, particularly political parties and state structures in charge of elections about general principles relating to child protection and children's involvement in political activities, as stated in the Convention on the Rights of the Child, 1989, which has been ratified by Nepal as well as Election Code of Conduct which is specifically prohibits use of children in any procession, rally, mass meeting, meeting, gathering, election campaign or any election related work or activity. In addition, as it is enshrined in the Code, we would like to remind all stakeholders about their obligations not to use schools and school premises for any political purposes and ensure that children are not misused for political purposes by any party as well as ensure that schools remain zones of peace as it was jointly declared by the political parties of Nepal

While acknowledging importance of children's opinion and their views, it is the responsibility of the government and other political actors to put in place systems that allow children to participate in political processes in a manner appropriate to their age, without misusing and manipulated as well as engaging them for interests and benefits of different political parties and structures affiliated with them. NHRC and UNICEF urge all parties to respect the provisions of the Convention on the Rights of the Child, 1989, and other international norms and national standards including Election Code of Conduct and to take all necessary measures to avoid exposing all boys and girls under the age of eighteen into participating in political activities, including ongoing and planned bandhs.

NHRC and UNICEF urge all parties to ensure that children are not used through manipulation or coercion for political purposes, and that their rights to education and protection from any form of exploitation are respected.

| | |
|---|---|
| Bed Prasad Bhattarai | Hanaa Singer |
| Acting Secretary, NHRC | Country Representative, UNICEF |

(प्रेस नोट)

२०७० भदौ २६ गते

# बालअधिकार संरक्षण र सम्वर्द्धनबारे आयोग र युनिसेफबीच समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले बालबालिका समाजका कमजोर वर्ग भएकोले उनीहरूको संरक्षण र सम्वर्द्धनमा विशेष ध्यान दिनुपर्ने बताउनुभएको छ ।

आयोग र संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) बीच बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्नेबारे आयोजित समझदारीपत्र-हस्ताक्षर समारोहलाई सम्बोधन गर्दै सो कुरा बताउनुभएको हो ।

अध्यक्ष उपाध्यायले नेपालमा बालअधिकारको संक्षरण र सम्वर्द्धनमा थुप्रै प्रगति भए पनि अझै चुनौती कायमै रहेको चर्चा गर्दै आयोग यस सम्बन्धमा गम्भीर रहेको जानकारी दिनुभयो ।

उहाँले नेपालमा बालअधिकारको संरक्षण र सम्वर्द्धनमा युनिसेफको विश्वव्यापी अनुभवलाई उपयोग गर्न पाएकोमा खुशी प्रकट गर्दै आयोग र (युनिसेफ) बीचको सहकार्य फलदायी हुने धारणा अघि सार्नुभयो ।

समझदारीपत्र-हस्ताक्षर समारोहमा बोल्दै युनिसेफका नेपाल प्रतिनिधि हाना सिङगर (Ms. Hanaa Singer) ले बालअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा आयोगसँग सहकार्य गर्ने अवसर जुटेकोमा खुशी प्रकट गर्नुभयो ।

सिङगरले बालअधिकारलाई विश्वव्यापी अधिकारको रूपमा चर्चा गर्दै मानव अधिकारको वृहत्तर अवधारणाभित्र महिला र बालबालिकाको अधिकार संरक्षण र सम्वर्द्धन गर्ने कार्य पनि स्वाभाविक रूपमा आउने विचार व्यक्त गर्नुभयो ।

उहाँले विश्वमा बालबालिकाको क्रन्दन अझै पनि नसुनिएको अवस्थामाथि प्रकाश पार्दै भोलिका कर्णधार मानिएका बालबालिकाको सुन्दर भविष्य निर्माणमा हामी सबै जुटुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

उहाँले 'बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९' का प्रावधानहरूलाई पूरा गर्ने दिशामा आयोग र युनिसेफबीचको सहकार्य फलदायी हुने धारणा राख्नुभयो ।

कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले नेपालमा १८ वर्षभन्दा कम उमेरका मानिसको संख्या करिब ४५ प्रतिशतभन्दा बढी रहेको आँकडा प्रस्तुत

गर्दै सरकार र अन्य सरोकारवालाहरूले बालअधिकारको संरक्षण र सम्वर्द्धनमा उचित ध्यान नदिएमा बालबालिकाको भविष्य जोखिममा पर्ने बताउनुभयो ।

सदस्य प्रधानले बालअधिकारसम्बन्धी 'सहस्राब्दी विकास लक्ष्य' मा उल्लिखित धेरैजसो लक्ष्यहरू नेपालले  पूरा गरे पनि यौन दुर्व्यवहार, बालश्रम, भेदभाव एवम् सामाजिक कुसंस्कारबाट बालबालिका प्रताडित हुने क्रम जारी रहेको बताउनुभयो ।

उहाँले बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि सबै संस्थाले उपयुक्त नीति तयार पार्नुपर्ने र सरोकारबाला पक्षले त्यसअनुरूप जिम्मेवारी पनि निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो ।

समझदारीपत्र हस्ताक्षर समारोहमा आयोगका सदस्य रामनगिना सिंह, युनिसेफ नेपाल कार्यालयका अधिकारी एवम् आयोगका उच्चपदस्थ अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो ।

आयोगको तर्फबाट कामु सचिव वेदप्रसाद भट्टराई र युनिसेफको तर्फबाट नेपाल प्रतिनिधि हाना सिङगरद्वारा हस्ताक्षरित सो समझदारीपत्रमा बालअधिकारको संरक्षण र सम्वर्द्धनमा सहकार्य गर्ने कुरा उल्लिखित छ ।

वेदप्रसाद भट्टराई  
कामु सचिव

(प्रेस नोट)

२०६८ फागुन ३० गते

# नीतिनिर्माण तहमा महिलाको समान सहभागिता हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले महिलामाथि हुने हिंसा अन्त्य गर्न राज्यको नीतिनिर्माण तहमा समान सहभागिता आवश्यक भएको बताउनुभएको छ ।

१०२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको पश्चघडीमा आयोगको सभाकक्षमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै उहाँले उक्त धारणा अघि सार्नुभएको हो ।

उहाँले महिलाको अधिकार रक्षा गर्न र महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्न घरपरिवारमै लैङ्गिक विभेद हटाउने परिपाटी बसाउनपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै महिला अधिकारकर्मी दुर्गा घिमिरेले महिलामाथिको हिंसा अन्त्य गर्न नेपाली समाजमा विद्यमान 'मौनताको संस्कृति' तोड्न अत्यावश्यक भएको बताउनुभयो ।

उहाँले महिलामाथि हुने हिंसा रोक्नका लागि प्रभावकारी कानुन बन्न नसकेकोले यसतर्फ सबैको ध्यान जान जरुरी भएको विचार पनि अघि सार्नुभयो ।

जमघटका सहभागीहरूलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य सुदीप पाठकले हिंसालाई सोंच र प्रवृत्तिको रूपमा परिभाषित गनुभयो ।

उहाँले सबै प्रकारको हिंसा अन्त्य गर्न घट्नाका साक्षी र मानव अधिकार रक्षकलाई रक्षा गर्न आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा महिला अधिकारकर्मी हरिप्रिया पाण्डेले राजनीति र अपराधबीच नाता कायम रहँदासम्म महिला हिंसा अन्त्य हुन नसक्ने राय प्रकट गर्नुभयो ।

महिला हिंसाको प्रसंग कोट्याउँदै  अधिकारकर्मी पाण्डेले देशको राजधानी शहर काठमाडौंमा अदृश्य किसिमको महिला हिंसा कायम रहेको धारणा पेश गर्नुभयो ।

सो अवसरमा आफ्नो धारण अघि सार्दै मानव अधिकारकर्मी चरण प्रसाईले मुद्दा फिर्ता लिने सरकारको निर्णयले मानव अधिकारको उपहास गरेको बताउनुभयो ।

उहाँले सरकारको यसप्रकारको निर्णयले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा तयार पारिएको 'महिला हिंसा अन्त्य गरौं, शून्य सहिष्णुता कायम गरौं' भन्ने नाराको पनि उपहास गरेको विचार व्यक्त गर्नुभयो ।

अधिकारकर्मी रेणु राजभण्डारीले नेपाली समाजमा विद्यमान संरचनागत हिंसा अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याउँदै कतिपय महिलाहरू संरचनागत हिंसाकै कारण प्रहरीमा जाहेरी दिन जान नसक्ने अवस्थामा रहेको तथ्य अघि सार्नुभयो ।

कतिपय विभेदकारी कानुनले महिलाको अधिकारमा धक्का पुऱ्याएको चर्चा गर्दै अधिकारकर्मी राजभण्डारीले यसप्रकारको कानुनलाई निस्तेज बनाउन राष्ट्रिय मानव अधिकार आयोगले भूमिकाले खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा अधिवक्ता कोपिला अधिकारी, चक्रमान विश्वकर्मा, पार्वती बस्नेत, लीलानाथ पहाडी, वसुधा गुरुङ, भक्ति शाह, गीता न्यौपानेलगायतका वक्ताले महिला अधिकारका विविध आयाम र पाटाहरूमाथि प्रकाश पार्नुभएको थियो ।

विशाल खनाल
सचिव

# परिच्छेद-५

# विविध

## संविधानसभा निर्वाचन २०७०

(प्रेस विज्ञप्ति)

२०७० मंसिर ७ गते

## जनमतको कदर गर

राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभा सदस्य निर्वाचन, २०७० को क्रममा उम्मेदवारको मनोनयनको बेला ३१ जिल्लामा, निर्वाचन अघिसम्म पचहत्तरै जिल्लामा र निर्वाचनको अवधिमा ६६ जिल्लाका ८५० भन्दा बढी मतदान केन्द्रहरूको अनुगमन गरेको छ ।

अनुगमनको क्रममा आयोगको उच्चस्तरीय अनुमगन टोली तथा अन्य टोलीहरूबाट प्राप्त प्रतिवेदनअनुसार समग्रमा निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न भएको पाइएको छ ।

निर्वाचनमा सहभागी भई मतदान र मतगणनाको प्रक्रियामा सहमतिसमेत जनाइसकेपछि निर्वाचनको परिणामलाई आत्मसात नगर्दा जनमतको अवहेलना हुने देखिन्छ, जुन लोकतान्त्रिक मूल्य र मान्यतको विपरीत छ । जनमतलाई अस्वीकार गर्ने परिपाटी 'मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८', 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६', आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' तथा नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी मूल सन्धिहरू र 'नेपालको अन्तरिम संविधान, २०६३' को मर्म र भावनाको प्रतिकूल हुने हुँदा जनमतको कदर गर्दै लोकतान्त्रिक मूल्य, मान्यता र मानव अधिकारको सम्मान गर्न आयोग सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

साथै, निर्वाचनपश्चात विकसित घटनाक्रमलाई मध्यनजर गर्दै ऐतिहासिक जनआन्दोलन २०६२/०६३, 'विस्तृत शान्ति सम्झौता, २०६३' र 'नेपालको अन्तरिम संविधान, २०६३' को मर्म र भावनाअनुरूप लोकतान्त्रिक तथा मानव अधिकारमैत्री नयाँ संविधान निर्माण प्रक्रियामा सामेल भई देशलाई दीर्घकालीन शान्तितर्फ डोऱ्याउन आयोग सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० मंसिर ५ गते

# विस्तृत शान्ति सम्झौताको पालना गर

नेपालमा दश वर्षे सशस्त्र द्वन्द्व समाप्त भई विस्तृत शान्ति सम्झौता भएको आज सात वर्ष पूरा भएको छ । सम्झौतामा उल्लिखित मानव अधिकारसम्बद्ध कतिपय विषयहरू सम्बोधन हुन बाँकी नै रहेका छन् । मंसिर ४ गते उत्साहजनक रूपमा सम्पन्न संविधानसभा सदस्यको दोस्रो निर्वाचनले आमनेपाली नागरिकमा आशाको किरण छरेको छ । नयाँ संविधानसभाबाट नेपाली नागरिकको आकांक्षा अनुरूपको मानवअधिकारमैत्री नयाँ संविधान बन्ने र मानव अधिकारको पूर्ण सम्मान हुनेमा आयोग विश्वस्त छ ।

विस्तृत शान्ति सम्झौता 'नेपालको अन्तरिम संविधान, २०६३' को अभिन्न अङ्ग रहेको र यसमा उल्लेख भएबमोजिम तत्कालीन नेकपा माओवादी सेनाका लडाकूहरू नेपाली सेनामा समायोजन हुने प्रक्रिया समाप्त भइसकेको भएपनि हत्या, यातना र बलपूर्वक बेपत्ता पारिएकाजस्ता संक्रमणकालीन न्यायसम्बन्धी घटनाहरूको प्रभावकारी सम्बोधन हुन नसकेको अवस्था छ ।

छिट्टै गठन हुन लागेको नयाँ संविधानसभाले विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुरूप द्वन्द्वपीडितहरूको मानव अधिकार यथाशक्य छिटो र उचित रूपमा सम्मान गर्न तथा संक्रमणकालीन न्यायको विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न आयोग सबै पक्षसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०७० मंसिर ३ गते

# आयोगद्वारा उच्चस्तरीय अनुगमन टोली गठन

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न संविधान सभा सदस्यको निर्वाचनमा हुनसक्ने मानव अधिकार हननका घट्नालाई लक्षित गरी देशका ७५ वटै जिल्लामा निर्वाचन अघि अनुगमन टोली खटाइसकेको छ । अनुगमनको क्रममा प्राप्त तथ्यहरूको सम्बन्धमा आयोगले प्रारम्भिक प्रतिवेदन समेत सार्वजनिक गरिसकेको छ । यसै क्रममा अनुगमन कार्यलाई थप प्रभावकारी र विश्वसनीय

बनाउन 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' बमोजिम आयोगले विशेषज्ञहरूसमेतको एक उच्चस्तरीय टोली गठन गरेको छ ।

उक्त टोलीमा आयोगका पूर्वसदस्यत्रय रामनिगना सिंह, सुशील प्याकुरेल र डा. केबी रोकाया तथा संयुक्त राष्ट्र संघका लागि नेपालका पूर्वस्थायी प्रतिनिधि एवम् पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्य रहनु हुनेछ । उहाँहरूले काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोकलगायतका जिल्ला तथा आवश्यकताअनुसार देशको कुनै पनि भागमा अनुगमन गर्नुहुनेछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० मंसिर १ गते

# हिंसाको राजनीति अन्त्य गर, मानवीय मूल्य र मान्यताको सम्मान गर

संविधानसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा सर्वसाधारण नागरिकहरूले आवगमन गरिरहेका सार्वजनिक यातायातका साधनहरूमा काठमाडौं, ललितपुर, चितवन, बाँके, मकवानपुर, सिन्धुली, सुर्खेत, दोलखा, दाङ, बर्दियालगायतका जिल्लाहरूमा भएको आगजनी तथा बम प्रहार, त्यसबाट भएको मानवीय एवम् भौतिक क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

ती निन्दनीय घटनाहरूप्रति आयोग चिन्ता र चासो प्रकट गर्दछ । घटनाका दोषीहरूउपर अनुसन्धान गरी कानुनी कारबाहीको दायरामा ल्याउन तथा घाइतेहरूको प्रभावकारी निःशुल्क उपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

अर्कोतिर, निर्वाचनमा उम्मेदवारी दिएका व्यक्ति तथा दलका कार्यकर्ताहरूबीच भएको आक्रमण-प्रत्याक्रमणले स्वच्छ र भयरहित निर्वाचन हुनेमा संसय खडा भएको छ ।

कुनै पनि राजनीतिक प्रक्रियाको समर्थन वा शन्तिपूर्ण विरोध गर्ने सबै राजनीतिक दलहरूको अधिकार भए पनि आफ्नो जिजीविषाका लागि हिँडिरहेका निर्दोष मानिसहरूमाथि आक्रमण गरी खास राजनीतिक अभीष्ट पूरा गर्न खोज्नु निन्दनीय छ । मानवीय मूल्य, मान्यता र सुसंस्कारको जगबाट राजनीति सञ्चालन हुन सकेमा मात्र मानव अधिकारको उचित सम्मान हुन सक्दछ ।

लोकतन्त्र र मानव अधिकारको जग निर्वाचन नै भएको हुँदा निर्वाचनको विकल्प नखोज्न तथा जनमतको कदर गर्न आयोग आग्रह गर्दछ । स्वच्छ, निष्पक्ष र

भयहरहित निर्वाचनबाटै राजनीतिमा निखार आउनसक्ने र राजनीतिक मूल्य-मान्यताको कदर हुनसक्ने भएकोले तत्काल हिंसाको राजनीति अन्त्य गरी सहमतिको मार्गमा अघि बढ्न आयोग निर्वाचन बहिष्कारको पक्षमा रहेका दल र निर्वाचनमा सहभागी दलहरूसँग विशेष आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०७० कात्तिक २७ गते

# आयोगका पूर्वसदस्यहरूद्वारा बन्द फिर्ता लिन आग्रह

राष्ट्रिय मानव अधिकार आयोग पूर्वसदस्यहरूले संविधानसभा सदस्यको निर्वाचनको पूर्वसंध्यामा नेकपा माओवादीलगायत ३३ दलहरूद्वारा आह्वान गरिएको नेपाल बन्द फिर्ता लिन आग्रह गर्नुभएको छ ।

मानव अधिकारको समसामयिक विषयमा आयोगमा आयोजित बैठकमा पूर्वसदस्यहरू रामनगिना सिंह, सुशील प्याकुरेल, सुदीप पाठक, गौरी प्रधान र डा. केबी रोकायाले बन्दप्रति आफूहरूको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै देश राजनीतिक प्रक्रियामा सहभागी हुन लागेको बेलामा बन्द आह्वान गरिनाले व्यक्तिको नागरिक तथा राजनीतिक अधिकार उपयोगमा व्यवधान खडा हुनुका साथै दैनिक जीवनयापन कष्टकर बन्न पुगेको बताउनुभयो ।

उहाँहरूले सर्वसाधारण नागरिकले निर्भयपूर्वक हिँडडुल गर्न पाउने; देशको राजनीतिक प्रक्रियामा सहभागी हुन पाउनेलगायतका नागरिकको मौलिक अधिकारको सम्मान गर्न बन्दका आह्वानकर्ताहरूलाई आग्रह गर्नुभयो ।

उहाँहरूले बन्दकर्ताहरूलाई आफ्ना असहमतिका विषयमा शान्तिपूर्ण रूपमा विरोधको कार्यक्रम अघि बढाउन अपिल गर्दै वार्ता र संवादबाटै समस्याको गाँठो फुकाउन बन्दकर्ता, राजनीतिक दलहरू, सरकार र सम्वद्ध सबै पक्षसँग आग्रह गर्नुभयो । उहाँहरूले शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्नेहरूमाथि अनावश्यक रूपमा धरपकड नगर्न सरकारसँग आग्रह गर्नभयो ।

बैठकमा संविधानसभा सदस्य निर्वाचनको क्रममा आयोगले गरेको मानव अधिकार अनुगमनसम्बन्धी प्रारम्भिक प्रतिवेदनमाथि छलफल भएको थियो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

**२७ कार्तिक २०७०**

# निर्वाचन अनुगमन-प्रारम्भिक प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोगले संविधानसभा सदस्य निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न हुने कुराको सुनिश्चितता गर्न निर्वाचन अघि, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्न विशेष योजना बनाई अनुगमन कार्यलाई तीव्रता दिएको छ । अहिले पनि आयोगका कर्मचारीहरू सम्मिलित अनुगमन टोलीहरू विभिन्न जिल्लामा खटिएर अनुगमन कार्य गरिरहेका छन् । आयोगले देशका पचहत्तरै जिल्लामा निर्वाचनका तीनवटै चरणको अनुगमन गर्ने योजनाका साथ कार्य गरिरहेको छ । यस क्रममा आयोगबाट निम्नअनुसारका कार्यहरू सम्पादन भइसकेका छन्:

- आयोगका अनुगमन टोलीले संविधानसभा सदस्यको मनोनयनको क्रममा ३१ वटा जिल्लामा स्थलगत अनुगमन गरेको थियो ।
- निर्वाचन निष्पक्ष र भयरहित होस भन्ने उद्देश्यले विभिन्न सन्दर्भहरूमा नौवटा प्रेस विज्ञप्ति (एउटा प्रेस नोट सहित) जारी गरिएको छ ।
- हालसम्म देशका ७० वटा (संखुवासभा, सोलु, दैलेख, जाजरकोट र सुर्खेत बाहेक) जिल्लामा आयोगको टोलीले मानव अधिकार अवस्थाको बारेमा अनुगमन गरी तथ्यहरू सङ्कलन गरिरहेको छ ।
- निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल एवम् पर्यवेक्षण कार्यमा संलग्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूबीच समन्वय र सहकार्य भइरहेको छ ।

**अनुगमनबाट हालसम्म प्राप्त भएका तथ्यहरू**

- हालसम्मको अनुगमनबाट प्राप्त तथ्यहरूका आधारमा निर्वाचनको सन्दर्भमा राजनीतिक दलहरू एवम् उम्मेदवारहरूले प्रयोग गरेका सवारी साधनहरूमा आक्रमण गर्ने, आगजनी गर्ने, तोडफोड गर्ने घटना अधिक मात्रामा भइरहेको पाइएको छ ।
- उम्मेदवारहरूले आयोजना गरेका सभा एवम् राजनीतिक चुनावी अभियानको क्रममा आक्रमण गर्ने तथा बम समेत प्रहार भएका घटनाहरू एवम् बन्द तथा आमहड्तालको आयोजना गर्ने कार्यले स्वतन्त्र र भयरहित

वातावरणमा निर्वाचनमा सहभागी हुने अधिकारलाई कुण्ठित गर्ने अवस्था पैदा गरेको पाइएको छ ।

- सार्वजनिक सवारी साधनहरूमा सर्वसाधारणलाई लक्ष्यित गरी आगजनी एवम बम प्रहारका घटनाहरू भएका छन्
- शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी बनाउन खोजिए पनि जनमानसमा भय र त्रासको वातावरण सिर्जना भएको पाइएको छ ।
- राजनीतिक दलका नेता एवम् उम्मेदवारको हत्या गर्ने उनीहरूको घरमा आगजनी गर्ने, बम राख्नेजस्ता घटनाले शान्तिपूर्ण वातावरणमा निर्भयपूर्वक निर्वाचनसम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने तथा निर्वाचित हुन पाउने अधिकार समेत प्रभावित भएको पाइएको छ ।
- कतिपय जिल्लामा निर्वाचनको बहिष्कारको आह्वान गरेका दलहरूले निर्वाचन आयोग तथा राजनीतिक दलहरूका प्रचार सामग्रीहरू लुटेको तथा जलाइएको पाइएको छ ।
- तराइ-मधेशका कतिपय जिल्लाहरूमा मूलतः मधेशी महिलाहरूमा प्रभावकारी रूपमा मतदाता शिक्षा नपुगेको पाइएको छ ।
- निर्वाचनको क्रममा राजनीतिक दलहरू एवम् उम्मेवारहरूले बालबालिकालाई प्रयोग भएको पाइएको छ । धादिङ, धनकुटा, डोटी, मुगुलगायतका जिल्लामा बालबालिकाहरूको प्रयोग भएको प्रतिवेदनहरू प्राप्त भएका छन् । यस सम्बन्धमा आयोगले सम्बन्धित पक्षहरूको ध्यानाकर्षण गराएको छ ।
- निर्वाचन प्रचारको क्रममा तेह्रथुम, ताप्लेजुङमा भएको घटना तथा ३३ दलीय मोर्चाले आयोजना गरेको यातायात बन्दको क्रममा ललितपुरको कुमारीपाटीमा भएको बम प्रहारको घटनामा बालबालिका समेत घाइते भएकोप्रति आयोगको विशेष रूपमा ध्यानाकर्षण भएको छ ।
- देशको कूल जनसंख्या एवम् मतादाता संख्या पुरुषको तुलनामा महिलाको बढी भएको भए पनि अधिकांश जिल्लाहरूमा महिला उम्मेदवारको संख्या पुरुषहरूको तुलनामा निकै न्यून रहेको पाइएको छ । यसबाट संविधानसभामा महिलाहरूको न्यून उपस्थिति हुने स्थिति रहेको छ ।
- उपल्लो मुस्ताङलगायत केही उच्च हिमाली क्षेत्रहरूमा हिउँपर्ने क्रम शुरु भएकाले त्यहाँ बसोबास गर्ने मतदाताहरू तल झर्ने क्रम बढेकाले मंसिर ४ मा हुने निर्वाचनमा ती मतदाताहरूमतदानको अधिकारबाट बञ्चित हुने खतरा बढेको छ ।
- सिन्धुपाल्चोक जिल्लाको तीनवटा गाविसमा मतदाताहरूले चार घण्टा हिंडेर मतदान गर्नुपर्ने अवस्था देखिएको छ ।

- देशका विभिन्न भागमा राजनीतिक दलका कार्यकर्ताहरूबीचको झडपले निर्वाचनमा सहभागी हुने दलहरूबीच पनि राजनीतिक सहिष्णुताको कमी हुँदै गएको पाइएको छ ।
- विभिन्न जिल्लामा राजनीतिक दलहरूको आमसभा बिथोल्ने अभिप्रायले कार्यक्रमस्थलमा बम राख्ने गरिएको पाइएको छ ।
- चुनाव प्रसार-प्रसारको क्रममा सबैजसो मूख्य राजनीतिक दलहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका तथ्यहरू फेला परेका छन् । विद्यालयहरूमा आमसभा गर्ने, निर्वाचन आयोगले तोकेको सीमाभन्दा भड्किलो प्रचार प्रसार गर्ने, तोकिएकोसंख्यामा भन्दा बढी गाडी प्रयोग गर्नेलगायतका कार्यहरू भइरहेको पाइएको छ ।
- केही जिल्लामा गाविस सचिवलगायतका निजामती कर्मचारीहरू नै राजनीतिक दलको प्रचार-प्रसारमा लागेको पाइयो भने शिक्षक संगठनले सार्वजनिक रूपमा नै राजनीतिक दलको प्रचारमा लाग्ने अभिव्यक्ति दिएको पाइएको छ । यसैगरी सञ्चारकर्मी र पर्यवेक्षकहरू पनि राजनीतिक दलको प्रचारमा लागेको पाइएको छ ।
- निर्वाचन बिथोल्ने उद्देश्यकासाथ ३३ दलीय मोर्चाले गरेको यातायात बन्द जस्ता कार्यहरूले निर्वाचनमा स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने नागरिकहरूको अधिकार कुण्ठित गरेको पाइएको छ ।
- बन्द, हडताल र बहिष्कारको पक्षमा रहेका व्यक्तिहरूलाई पक्राउ गरी २४ घण्टाभित्र पक्राउ पूर्जी दिनुपर्नेमा सो नभएको उजुरी आयोगमा प्राप्त हुन आएको छ ।
- निर्वाचनमा सुरक्षाको निम्ति खटिएका नेपाली सेना र नेपाल प्रहरीको सम्बन्धमा आयोगका टोलीहरू समक्ष उजुरी प्राप्त नभएको हुँदा सुरक्षा निकाय मानव अधिकारको सम्मानप्रति हालसम्म सचेत रहेको पाइएको छ ।
- आयोगले संविधान सभाको निर्वाचनलगायत कुनै पनि विषयमा बन्द तथा आमहड्ताल गरी नागरिकहरूको मौलिक हक हनन् हुने कार्य नगर्न तथा वार्ता र सम्वादको माध्यमबाट समस्या समाधान गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदै आएको छ ।

**विश्लेषण, निष्कर्ष तथा आग्रह**

आसन्न संविधानसभा सदस्यको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न्न हुने कुराको सुनिश्चितताको लागि आयोगबाट मानव अधिकारको दृष्टिकोणबाट देशभर गरिएको निर्वाचन प्रक्रियाको अनुगमनबाट प्राप्त प्रारम्भिक तथ्यहरूले नागरिकले निर्भयतापूर्वक निर्वाचन प्रक्रियामा सहभागी हुन पाउने कुरामा थुप्रै अवरोधको सामना गर्नु परिरहेको देखिएको

छ । यसमा निर्वाचन प्रक्रियामा सामेल भएका राजनीतिक दलहरूबीच भएका हिंसात्मक गतिविधि एवम् निर्वाचन बहिष्कार गर्ने दलहरूको क्रियाकलाप मूख्य कारक रहेको पाइएको छ । देशमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने प्रमुख दायित्व नेपाल सरकारको भएको र त्यसमा सहयोग गर्नु सबै राजनीतिक दल एवम् सम्बद्ध सबै पक्षको दायित्व हो । आफूले रोजेको व्यक्ति वा दललाई मतदान गर्ने वा इच्छा नलागे कसैलाई मतदान नै नगर्ने हरेक व्यक्तिको स्वतन्त्रताको अधिकार अन्तर्गतका विषयहरू हुन् । नागरिकले यी दुबै अधिकारको उपभोग गर्न पाउने वातावरण तयार गर्नु राज्यको मुख्य कर्तव्य हो । तथापि आफ्ना अधिकारहरूको उपयोग गर्दा अरूको अधिकारको पनि सम्मान गर्नुपर्ने कर्तव्यलाई सबै अधिकारवाहकले स्मरण गर्न जरुरी छ ।

संविधानसभा सदस्यको निर्वाचनजस्तो महत्त्वपूर्ण लोकतान्त्रिक प्रक्रियामा देशका सबै पक्षको सहभागिता हुनु अपरिहार्य छ । यस्तो महत्त्वपूर्ण विषयमा केही राजनीतिक दलहरू नै निर्वाचन प्रक्रियामा सहभागी हुन नसकी बहिष्कारको बाटोमा लाग्ने परिस्थिति पैदा हुनु मानव अधिकारको सुनिश्चितताको दृष्टिकोणबाट दुर्भाग्यपूर्ण पनि हो । निर्वाचन बहिष्कारको नाममा बन्द-हड्तालजस्ता आमनागरिकको दैनिक जीवनमा प्रतिकूल असर पार्ने कार्यक्रम अघि सार्नुले संविधानसभा सदस्यको निर्वाचनमा नागरिकको निर्भय र स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने अधिकारलाई समेत प्रभावित पार्नु अवाञ्छित छ । यस्तो परिस्थितिमा वार्ता र सम्वादको वातावरण सृजना गरी संविधानसभामा सबै पक्षको सहभागितालाई प्रश्रय दिँदै राजनीतिक दलहरूबीच बढ्दै गएको हिंसात्मक र ध्वंसात्मक गतिविधि, आरोप-प्रत्यारोपका श्रृङ्खलाहरू तथा निषेधको राजनीतिको अन्त्य गरी सहमति एवम् सहयात्राको मार्ग पहिल्याउन आवश्यक छ ।

अत: आसन्न संविधानसभा सदस्यको निर्वाचनलाई भयरहित वातावरणमा स्वतन्त्र, निर्भय र निष्पक्षतापूर्वक सम्पन्न गरी नेपाली नगारिकको मानव अधिकार संरक्षण गर्ने कार्यमा सहयोग गर्न तथा एक अर्काप्रति आक्रमण र अवरोध गर्नेजस्ता कार्यहरू नगरी स्वच्छ राजनीतिक प्रतिस्पर्धामा सहभागी भई सम्पूर्ण नागरिकको मानव अधिकारको सम्मान गर्न आयोग सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ । निर्वाचनको क्रममा बन्द हड्ताल जस्ता कार्यक्रमहरू अघि नसारी वार्ता र संवादबाटै समास्याको समाधान खोज्न समेत आयोग सम्बद्ध पक्षसँग आग्रह गर्दछ ।

स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न शान्ति सुरक्षालाई मजबुत बनाई आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन तथा निर्वाचन आचारसंहिता उल्लङ्घनकर्ताहरूलाई कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन पनि आयोग सम्बद्ध पक्षहरूलाई आग्रह गर्दछ ।

(प्रेस नोट)

२०७० कात्तिक २५ गते

# वार्ता र संवादको ढोका खुला राख : आयोग

राष्ट्रिय मानव अधिकार आयोगका कायम मुकाय सचिव वेदप्रसाद भट्टराई सम्मिलित आयोगको एक टोलीले नेकपा-माओवादीका सचिव देव गुरुङलाई आज बुद्धनगरस्थित नेकपा-माओवादीको केन्द्रीय कार्यालयमा भेटेर सर्वासाधारणको जीवन कष्टकर हुने गरी बन्दलगायत कार्यक्रम अघि नसार्न आग्रह गरेको छ ।

यस क्रममा आयोगको टोलीले संविधानसभा सदस्यको निर्वाचन पश्चात पनि मुलुकलाई थप द्वन्द्वको अवस्थामा धकेलिने परिस्थिति सिर्जना हुन नदिन वार्ता, संवाद र सहमतिबाटै समस्या समाधान गर्न अग्रसर हुन नेकपा-माओवादीलाई आग्रह गरेको छ ।

यसै क्रममा नेकपा-माओवादीका सचिव देव गुरुङले निर्वाचनमा सहभागी हुने वा नहुने कुरा लोकतान्त्रिक अधिकार भएकोले आफूहरूले सोही अनुरूप शान्तिपूर्ण रूपमा विरोधका कार्यक्रम सञ्चालन गरिरहेको बताउँदै मानव अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा आयोगको टोलीले वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोजी मानव अधिकारको उच्च सम्मान गर्न नेपाल सरकार, राजनीतिक दल एवम् सम्बद्ध सबै पक्षहरूलाई निरन्तर ध्यानाकर्षण गरिरहेको स्मरण गरायो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० कात्तिक २४ गते

# बन्दको कार्यक्रम अघि नसार

संविधानसभाको चुनाव नजिकँदै गएको घडीमा नेकपा माओवादीलगायत ३३ दलहरूद्वारा आह्वान गरिएको नेपाल बन्दप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाली नागरिकले मताधिकार प्रयोग गरेर देशको राजनीतिक प्रक्रियामा सहभागी हुन लागेको घडीमा बन्द आह्वान गरिनाले नागरिक तथा राजनीतिक अधिकारलगायतका मौलिक अधिकारहरूको उपभोगमा गम्भीर धक्का पुग्ने देखिन्छ । यसबाट संविधानसभामार्फत मानव अधिकारमैत्री संविधान निर्माण गर्ने सिंगो राजनीतिक प्रक्रियामा नकारात्मक असर पार्ने देखिन्छ ।

साथै बन्दले जनजीवन र जनजीविकामा पीडादायी असरबारे विगतदेखि नै नेपाली नागरिक भुक्तभोगी भइसकेका छन् । बन्दबाट मूल रूपमा बिरामी, श्रमजीवी, जनस्तरका नागरिक र समग्रमा सबैको मानव अधिकारमा ठेस लाग्ने भएकोले संयमित भएर शान्तिपूर्ण र रचनात्मक रूपमा विरोधका कार्यक्रम अघि सार्दै बन्दको संस्कृति अन्त्य गर्ने दिशामा सहयोग गर्न आयोग सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

सर्वसाधारण नागरिक निर्भयपूर्वक हिँडडुल गर्न पाउने; शिक्षा, स्वास्थ्य सेवालगायतका अत्यावश्यक सेवाहरू निर्धक्क ढङ्गले उपयोग गर्न पाउने नागरिक मौलिक अधिकारको सम्मान गर्न आयोगले बन्दका आह्वानकर्ताहरूलाई विगतमा पटक-पटक आग्रह गर्दै आएको छ । बन्दजस्तो सर्वसाधारणमाथि अनावश्यक दवाब पार्ने कदम नउठाउन र चित्त नबुझेका कुराहरू वार्ता र संवादबाटै समाधान गर्न आयोग बन्दकर्ता, सरकार र सम्वद्ध सबै पक्षसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई<br>
कामु सचिव

(प्रेस विज्ञप्ति)
२०७० कात्तिक १२ गते

# चुनावी हिंसा तत्काल बन्द गरी मानव अधिकारको सम्मान गर

आसन्न संविधानसभा सदस्य निर्वाचन प्रचार-प्रसारको क्रममा राजनीतिक दलहरूबीच देशको विभिन्न भागमा भएका झडप, चुनावी अभियानमा खडा गरिएको अवरोध, उम्मेदवारले प्रयोग गरेको सवारी साधनमा गरिएको आगजनीलगायतका घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राजनीतिक आस्था र सिद्धान्तमा अडिग रहन पाउने सबैको नैसर्गिक अधिकार भएपनि कसैप्रति निषेधात्मक व्यवहार गरिनु तथा आक्रमक व्यवहार प्रदर्शन गरिनु मानव अधिकारको दृष्टिले निन्दनीय कार्य हो । आयोगले हाल गरिरहेको अनुगमनबाट कतिपय जिल्लाहरूमा निर्वाचनमा भाग लिएकै दलबाटसमेत यस प्रकारको कार्य भएको पाइएको छ । यसबाट देशको राजनीतिक प्रक्रियामा सहभागी हुन पाउने नगारिकको हकमा अवरोध खडा भएको छ । यसप्रकारका कार्यले स्वतन्त्र र भयरहित वातावरणमा मतदान गर्न पाउने तथा निर्वाचित हुन पाउने अधिकारलाई कुण्ठित बनाउने हुँदा आयोग यस्ता कार्य नगर्न सम्बन्धित सबैसँग अनुरोध गर्दछ ।

सबै राजनीतिक दलले चुनावी अभियान सञ्चालन गर्न पाउने र नागरिकले भयरहित वातावरणमा मतदान गर्न पाउने वातावरणको सम्मान गर्न एवम् शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउन आयोग नेपाल सरकार लगायत सम्वद्ध सबै राजनीतिक दल र सरोकारवलाहरूसँग आग्रह गर्दछ ।

निर्वाचन प्रक्रियालाई समर्थन गर्ने वा नगर्ने अधिकार राजनीतिक दल वा व्यक्तिको भएपनि त्यसलाई हिंसात्मक एवम ध्वंसात्मक बनाउने एवम् प्रचारप्रसार निषेधित जिल्ला घोषणा गर्नेजस्ता कार्यले नागरिकको स्तन्त्रतापूर्वक मतदान गर्न पाउने र मतदानमार्फत् आफ्नो प्रतिनिधि चयन गर्न पाउने आधारभूत अधिकारमा आघात पुग्ने निश्चित छ । मतदान गर्न एवम् प्रतिनिधि चयन गर्न पाउने अधिकारको सम्मान गर्न निर्वाचनको विपक्षमा रहेका नेकपा-माओवादी, संघीय लिम्बुवान राज्य परिषद लगायतका सम्बद्ध सबै दलहरूलाई आयोग पुनः आग्रह गर्दछ । साथै, निर्वाचन वहिष्कारको पक्षमा रहेका दलका कार्यकर्ताहरूमाथि भइरहेको कारवाहीमा कानुनी सर्तकता अपनाउन तथा पक्राउ परेका कार्यकर्ताहरूमाथि मानव अधिकारमैत्री व्यवहार हुन आयोग नेपाल सरकारसमक्ष अनुरोध गर्दछ ।

अन्त्यमा, वार्ता र संवादको माध्यमबाटै प्रत्येक समस्याको समाधान खोज्ने दिशामा अग्रसर रही नेपाली नागरिकको मतदान गर्न पाउने र निर्वाचन मार्फत प्रतिनिधि चयन गर्न पाउने अधिकारको सम्मान गर्न आयोग सबै पक्षसँग हार्दिक आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० कात्तिक ६ गते

आयोगले पचहत्तरै जिल्लामा निर्वाचनको अनुगमन गर्ने

# मानव अधिकारको सम्मान र संरक्षण गर्न ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न संविधानसभाको निर्वाचनको सन्दर्भमा निर्वाचन अघि, निर्वाचनको समय र निर्वाचनपछिको मानव अधिकार अवस्थाबारे अनुगमन गर्न देशको पचहत्तरै जिल्लामा आयोगका मानव अधिकार अधिकृतहरू सहितको कम्तिमा ४४ वटा टोली यसै हप्तादेखि खटाउने भएको छ । यसअघि आयोगले उम्मेदवारको मनोनयनको समयमा ३१ जिल्लामा अनुगमन गरेको थियो ।

टोलीले मतदाता शिक्षा तथा नागरिक सचेतनाको अवस्था; राजनीतिक लाभ-हानीका लागि बालबालिकाको प्रयोग; राजनीतिक दलद्वारा निर्वाचनको क्रममा हुनसक्ने मानव अधिकार हनन; अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यकलगायत सबै नागरिकले भयरहित वातावरणमा मतदान गर्न पाउने वातावरणको सुनिश्चितता; 'संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७०' मा उल्लिखित मानव अधिकारसम्बन्धी विषय, समग्र सुरक्षा स्थितिलगायतका विषयमा अनुगमन गर्नेछ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन संविधानसभाको निर्वाचन प्रक्रियालाई निष्पक्ष, सुरक्षित र भहरहित किसिमले अघि बढाउन भइरहेको हालको प्रयास सकारात्मक देखिन्छ ।

मानव अधिकारको सम्मान, पालना र संरक्षणमा सबै सुरक्षा निकायको भूमिका महत्त्वपूर्ण रहन्छ । विगतको सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षबाहेक सर्वसाधारण नागरिकको यातना, बलात्कार, हत्या, बलपूर्वक बेपत्तालगायत मानव अधिकार हननका घटनाहरू आयोगमा अभिलेखबद्ध रहेको सन्दर्भमा आसन्न संविधानसभा निर्वाचनको सुरक्षाको क्रममा त्यस किसिमका

घटनाहरूको पुनरावृत्ति हुन नदिनेतर्फ सजग रहन आयोग 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' को दफा ५ बमोजिम निर्वाचन कार्यमा संलग्न सम्पूर्ण सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीहरूको ध्यानाकर्षण गराउँदछ ।

साथै, कुनै पनि राजनीतिक विषयलाई समर्थन गर्ने वा नगर्ने राजनीतिक दल वा व्यक्तिको अधिकार  भएपनि त्यसलाई हिंसात्मक एवम ध्वंसात्मक नबनाउन तथा सर्वसाधारणको मानव अधिकारको सम्मान गर्न राजनीतिक दल तथा सरोकारवालाहरूसँग आयोग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

२०७० कात्तिक ५ गते

## संयमित र शान्तिपूर्ण ढङ्गमा चुनावी प्रक्रिया अघि बढाऊ

आसन्न संविधानसभा निर्वाचनको प्रचार-प्रचार र निर्वाचनसँग सरोकार राख्ने गतिविधिहरू अघि बढाउने क्रममा पाँचथर, सिरहा,  धादिङ, सल्यान, रूकुम, सुर्खेतलगायतका जिल्लामा राजनीतिक दलहरूबीच झडप भएको समाचार आमसञ्चार माध्यममा आएका छन् । यस्ता घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' तथा नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी मूल सन्धिहरू, 'नेपालको अन्तरिम संविधान, २०६३' लगायतका दस्तावेजहरूले देशको राजनीतिक तथा सामाजिक प्रक्रियामा शान्तिपूर्वक र निर्भयपूर्ण वातावरणमा सहभागी हुन पाउने नागरिकको अधिकार सुनिश्चित गरेको पृष्ठमूमिमा यस्ता घटना घट्नु दुर्भाग्यपूर्ण हो ।

भयरहित वातावरणमा देशको राजनीतिक प्रक्रियामा नागरिकको सहभागितालाई सुनिश्चित गर्ने वातावरण तयार पार्न राजनीतिक दल, सरकारलगायत सबै सरोकारवालाहरूसँग आयोग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस विज्ञप्ति)

**२०७१ जेष्ठ १४ गते**

# आपसी छलफल र सम्वादद्वारा समस्या समाधान गरी जीवनको अधिकार सुरक्षित गर

नेपाल स्काउटमा भएको आन्तरिक अव्यवस्थालाई सुधार गर्न भनी विभिन्न मागहरू राखी नेपाल स्काउट प्रगतिशील संघर्ष समितिद्वारा आन्दोलन घोषणा गरी स्काउट लिडर गुणराज प्याकुरेल विगत १६ दिन देखि र स्काउट लिडर रमिला नगरकोटी विगत १३ दिनदेखि आमरण अनशनमा वस्नुभएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको टोलीले उहाँहरूको स्वास्थ्य अवस्था र जीवनको अधिकार सम्बन्धमा आज पुनः स्थलगत अनुगमन गरेको छ ।

अनुगमनको क्रममा प्राप्त जानकारी अनुसार सम्बन्धि पक्षले समस्या समाधान गर्न अझै तत्परता नदेखाएको कारण आन्दोलन लम्विदै गएको, आमरण अनशनमा बसिरहनुभएका दुवै जनाले औषधी उपचार गर्न समेत नमानेकोले निजहरूको स्वास्थ्य अवस्था नाजुक बन्दै गइरहेको पाइएको छ ।

अतः आन्दोलनरत पक्षको मागको सम्बन्धमा आपसी छलफल र सम्वाद मार्फत समस्याको समाधान गरी अनशनरत दुवै जनाको जीवनको अधिकरा रक्ष ागर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

# अन्य

(प्रेस विज्ञप्ति)

२०७० मंसिर २३ गते

## अन्तर्राष्ट्रिय मानव अधिकार दिवससम्बन्धी कार्यक्रम स्थगित

राष्ट्रिय मानव अधिकार आयोगले मङ्सिर २५ गते औपचारिक कार्यक्रमसहित मनाउन लागेको ६५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा मङ्सिर २४ गते आयोजना गर्ने भनिएको रक्तदान कार्यक्रम हाललाई स्थगन गर्ने निर्णय गरेको छ ।

गत बिहीबार साँझ दक्षिण अफ्रिकी पूर्वराष्ट्रपति नेल्सन मण्डेलाको निधन भएकोमा उहाँप्रति संसारभरि नै श्रद्धान्जलि व्यक्त भइरहेको र नेपाल सरकारले समेत मङ्सिर २३ देखि २५ गतेसम्म तीन दिनसम्म औपचारिक कार्यक्रम आयोजना नगर्ने निर्णय गरेको सन्दर्भमा पूर्वघोषित कार्यक्रम स्थगन गर्ने निर्णय गरिएको हो ।

यसबाट आमन्त्रित अतिथि गण र अन्य सरोकारवालाहरूमा पर्न गएको असुविधाप्रति आयोग क्षमायाचना गर्दछ ।

सुवर्ण कर्माचार्य<br>
निमित्त सचिव

(प्रेस नोट)

२०७० भदौ २७ गते

# राष्ट्रपति समक्ष आयोगको वार्षिक प्रतिवेदन पेश

राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रपति डा. रामवरण यादव समक्ष आयोगको वार्षिक प्रतिवेदन (२०६९/०७०) पेश गरेको छ ।

प्रतिवेदन ग्रहण गर्दै राष्ट्रपति डा. यादवले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा आयोगले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

सो अवसरमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगको वार्षिक प्रतिवेदन (२०६९/०७०) मा समेटिएका मूलभूत विषयवस्तुहरूबारे प्रकाश पार्नुभयो ।

उहाँले आयोगको वार्षिक प्रतिवेदनका अतिक्ति 'ज्येष्ठ नागरिक र मानव अधिकारसम्बन्धी प्रकाशन २०७०', 'आयोगको छ वर्षीय समष्टिगत प्रतिवेदन, २०७०' र 'आयोगको तेह्र वर्ष : उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था, २०७०' राष्ट्रपति डा. यादवसमक्ष पेश गर्नुभयो ।

आयोगका सदस्य रामनगिना सिंहले 'ज्येष्ठ नागरिक र मानव अधिकारसम्बन्धी प्रकाशन २०७०' मा समेटिएका विषयवस्तुहरूमा प्रकाश पार्नुभयो ।

आयोगका सदस्य गौरी प्रधानले 'आयोगको छ वर्षीय समष्टिगत प्रतिवेदन, २०७०' र 'आयोगको तेह्र वर्ष : उजुरी उपर आयोगका सिफारिसहरू र कार्यान्वयनको अवस्था, २०७०' बारे प्रकाश पार्नुभयो ।

आयोगका अर्का सदस्य डा. केबी रोकायले आयोगको समस्या र चुनौतीहरूबारे प्रकाश पार्नुभयो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०७० साउन १ गते

# विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ : अध्यक्ष

सरकारले अरनिको लोकमार्गको दायाँ तथा बायाँ ३१-३१ मिटर गरी ६२ मिटर जग्गा मुआब्जाबिना जबरजस्ती अधिग्रहण गर्न लागेकोले आफूहरू मर्कामा परेको भन्दै सिन्धुपाल्चोक, काभ्रे र भक्तपुरका बासिन्दाहरूको एक प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझ्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नागरिकको कानुनसम्मत मागहरूप्रति आयोगको समर्थन रहेको बताउनुभयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'सरकारले विधिसम्मत रूपमा सडक विस्तार गर्नुपर्छ ।'

उहाँले यस विषयमा सरोकारवाला निकायहरूसँग सोधपुछ गरी समस्या समाधानको दिशामा आयोगले सहयोग गर्ने जानकारी पनि दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले कानुनसम्मत र प्रक्रियासम्मत ढङ्गमा आफ्ना मागहरू सरकारसामु पेश गर्न प्रतिनिधि मण्डलका सदस्यहरूलाई आग्रह गर्नुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले समस्या समाधानका लागि क्षतिपूर्ति र अन्य वैधानिक विकल्पबारे सोंच्नु श्रेयस्कर हुने धारणा अघि सार्नुभयो ।

उहाँले प्रतिनिधि मण्डलको सरोकारबारे सम्बन्धित पक्षलाई बोलाएर छलफल गरिने बताउनुभयो ।

प्रतिनिधि मण्डलका सदस्यहरूले आफूहरूले वैधानिक रूपमा भोगचलन गरेको जग्गा मुआब्जाबिना सडक विस्तार गर्दा ३ हजार ५ सय घर भत्कने तथा करिब ३५ हजार नागरिकको बिचल्ली हुने जानकारी दिनुभयो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)
२०७० वैशाख १६

# मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज, नेपालद्वारा संयुक्त रूपमा आयोजित **मानवअधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी** २ दिने **कार्यशाला गोष्ठी** आज सम्पन्न भएको छ ।

कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'मानव अधिकार संरक्षणमा न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका', सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश तथा न्यायाधीश समाज, नेपालका अध्यक्ष रामकुमार प्रसाद साहले 'मानव अधिकार उल्लंघनका रिटहरूमा अन्तरिम आदेश' र 'मानव अधिकार उल्लंघनको रोकथामको लागि निषेधाज्ञाको प्रयोग', सर्वोच्च अदालतका न्यायाधीश सुशिला कार्कीले 'व्यक्तिगत स्वतन्त्रताको संरक्षणको प्रभावकारी उपायको रूपमा बन्दी प्रत्यक्षीकरण"को बारेमा कार्यपत्र तथा धारणाहरू प्रस्तुत गरिएको थियो ।

यस्तै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले 'मानव अधिकार संरक्षणमा पुनरावेदन तथा जिल्ला अदालतहरूको रिट क्षेत्राधिकार' को बारेमा र पुनरावेदन अदालत हेटौडाका न्यायाधीश डा. आनन्दमोहन भट्टराईले 'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयन र रिट क्षेत्राधिकार' का बारेमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि न्यायपालिका र मानव अधिकार आयोगले निरन्तर सहकार्य गर्नुपर्ने र मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै निकाय तथा नागरिक समाज समेतले हातेमालो गर्दै अघि बढ्नु पर्नेमा सहभागीहरूमा एकमत रह्यो । यस्तै बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायतका रिट अधिकार क्षेत्रको प्रभावकारी प्रयोगबाट नागरिकहरूको वैयक्तिक स्वतन्त्रता तथा मानव अधिकार संरक्षणमा अत्यन्त महत्त्वपूर्ण योगदान रहने विषयमा कार्यशालामा जोड दिइयो ।

पूर्वाञ्चल क्षेत्र अन्तर्गतका पुनरावेदन तथा जिल्ला अदालतहरूका ४६ जना न्यायाधीशहरूको सहभागिता रहेको दुई दिवसीय उक्त कार्यशाला वैशाख १५ गतेदेखि विराटनगरमा शुरु भएको हो ।

वेदप्रसाद भट्टराई
कामु सचिव

(प्रेस नोट)

२०६९ माघ ११ गते

# दैलेख घटना दु:खद

पत्रकार डेकेन्द्र थापाको हत्याका अभियुक्तहरूलाई प्रचलित फौजदारी कानुनअनुसार कारबाही चलाउने वा नचलाउने भन्ने सवाललाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच उत्पन्न द्वन्द्वको रूप लिनु दु:खद हो ।

प्रारम्भिक जानकारीअनुसार स्थानीयस्तरको परिस्थितिलाई नजरअन्दाज गरी मुठभेडको परिस्थिति निम्त्याउनमा सत्तापक्षीको अभिव्यक्ति र एनेकपा माओवादीको जिल्ला अधिवेशनमा नेताहरूलाई जिल्ला प्रवेश निषेध गर्ने प्रतिपक्षको कार्यशैली जिम्मेवार देखिएको छ ।

शान्तिपूर्ण रूपमा प्रदर्शनमा उत्रेका आन्दोलनकारी र सर्वसाधारण नागरिकमाथि भएको प्रहरी हस्तक्षेप र त्यसबाट उत्पन्न उत्तेजनापूर्ण परिस्थितिले एनेकपा माओवादीको कार्यलयमा तोडफोड हुनु खेदजनक छ ।

पत्रकार डेकेन्द्र थापाको हत्याका सन्दर्भमा दोषीलाई कारबाही हुनुपर्ने माग राखी आन्दोलनमा उत्रेका पत्रकार र स्थानीय सञ्चारगृहमाथि भएको दुर्व्यवहार र तोडफोड दु:खद छ ।

दैलेखको सदरमुकाममा भएको पछिल्लो घटनाबारे थप वास्तविकता बुझ्न आयोगको अनुगमन टोली त्यसतर्फ प्रस्थान भइसकेको छ ।

दैलेखमा हिजो भएको घट्नामा घाइतेहरूको यथोचित उपचारको व्यवस्था मिलाउन, जनधनको रक्षा गर्न, पत्रकार र मानव अधिकारकर्मीहरूले निर्भयपूर्वक काम गर्न पाउने वातावरण तयार पार्न, डेकेन्द्र थापाको हत्याको सन्दर्भमा भएका अनुसन्धान र अदालती प्रक्रिया विधिसम्मत ढङ्गबाट पूरा गर्न-गराउन तथा विद्यमान राजीतिक द्वन्द्वलाई संवाद र छलफलको माध्यमबाट तार्किक निष्कर्षमा पुऱ्याउन आयोग सबैसँग हार्दिक अनुरोध गर्दछ ।

विशाल खनाल
सचिव

(प्रेस विज्ञप्ति)

२०६८ जेठ १२ गते

# आयोगको वार्षिकोत्सव स्थगन

राष्ट्रिय मानव अधिकार आयोगले प्रत्येक वर्ष जेठ १३ गते मनाउँदै आएको आयोगको स्थापना दिवस यस वर्ष निर्धारित मितिमा नमनाइने जानकारी सबैमा गराउँदछौं । विशेष परिस्थिति उत्पन्न भएकोले निर्धारित मितिमा स्थापना दिवस नमनाइने निर्णय गरिएको हो ।

वि.सं. २०६९ जेठ १२ गते बसेको आयोगको बैठकले उक्त निर्णय गरेको हो । पछि उपयुक्त समयमा स्थापना मनाइने व्यहोरा पनि जानकारी गराइन्छ ।

वेदप्रसाद भट्टराई
निर्देशक

(प्रेस विज्ञप्ति)

२०७० फागुन ३० गते

सन्दर्भः अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस (मार्च १५)

# उपभोक्ताको अधिकार संरक्षण गर

आधुनिक जीवनशैलीले वस्तु तथा सेवाको उपभोग गर्ने क्रमलाई तीव्रता दिइरहेको पृष्ठभूमिमा उपभोक्ताको अधिकारलाई ऐन-कानुनमा व्यवस्था गरिए पनि आयोगलगायत विभिन्न निकायहरूबाट भएका अध्ययन र अनुगमबाट उपभोक्ताहरू मर्कामा परिरहेका थुप्रै तथ्य सार्वजनिक भइरहेका छन् ।

'उपभोक्ता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय दिग्दर्शन, १९८५', राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको 'उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका-२०६८' जस्ता अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरूले उपभोक्ताको हकहितसम्बन्धी मामिलालाई मानव अधिकारको दायराभित्र समेटेका छन् ।

देशको यातायात प्रणाली सिण्डिकेटलगायतका समस्याबाट ग्रसित हुनु, विद्युत आपूर्ति अनियमित हुनु, वस्तु तथा सेवाको मूल्य निर्धारण प्रक्रिया न्यायसंगत नहुनु, उपभोक्ताले अत्यावश्यकीय वस्तु तथा सेवा सहज प्रक्रियाबाट प्राप्त गर्न नसक्नु, अस्वाभाविक रूपमा मूल्यवृद्धि हुनुजस्ता तमाम समस्याहरूबाट उपभोक्तहरू मारमा परको देखिन्छ ।

जनसरोकारसँग गाँसिएका यी मामिलाहरूप्रति सरकार गम्भीर र सजग हुनुपर्छ भन्ने विषयमा आयोगले विगतमा पनि सरकारको ध्यानाकर्षण गरिसकेको छ । उपभोक्ताको न्यायका लागि नियमनकारी निकाय, उपभोक्ताको अधिकारका पक्षमा कार्यरत संघसंस्था र उपभोक्ता पनि उत्तिकै सजग र क्रियाशील हुनुपर्ने देखिन्छ ।

वस्तु तथा सेवाको गुणस्तर र प्रभावकारिताबारे अनुगमन गर्ने सरकारी निकायलाई थप प्रभावकारी बनाउन तथा उपभोक्ताको हितविपरीतका गतिविधिमा संलग्नहरूमाथि छानिबिन गरी उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनसमेत आयोग सरकारसँग आग्रह गर्दछ ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव